www.csrcnepal.org

# भूमि अधिकार

वर्ष १४ | पूर्णाङ्क ४३ | बैशाख २०७३



पुनर्निर्माणमा समुदायको नेतृत्व

लालपुर्जा नहुनेले घर कहाँ बनाउने ?

गाउँब्लकबासीले लालपुर्जा लिए

## पुनर्निर्माण विशेष

# भूमि अधिकार

वर्ष १४ | पूर्णाङ्क ४३ | बैशाख २०७३

पुनर्निर्माणमा समुदायको नेतृत्व...४

लालपुर्जा नहुनेले घर कहाँ बनाउने ?...५

हिमालपारिको पुनर्निर्माण...७

लालपुर्जा नहुनेले पनि सहयोग पाउँछन्...९

जानकारी : नयाँ घर निर्माण गर्न २ लाख लिने प्रक्रिया...१०

भूकम्पबाट क्षतिग्रस्त भएका निजी आवास पुनर्निर्माण अनुदान वितरणसम्बन्धी कार्यविधि, २०७२...११

जग्गा दर्तासम्बन्धी मस्यौदा कार्यविधिमा सुझाव...१४

विस्थापित भन्छन्, हाम्रो पुनस्थार्पना कहिले हुन्छ ?...१६

भू-उपयोग ऐनको मस्यौदा : एक समीक्षा...१८


मस्यौदा भू-उपयोग विधेयकमा बहस...२१

हलिया समस्या र पुनर्स्थापनाका सम्भावना...२४

समुदायको अगुवाइमा पुनर्निर्माण...२६







प्रकाशक :
सामुदायिक आत्मनिर्भर सेवा केन्द्र (सिएसआरसी)
पोस्ट बक्स नम्बर : १९७९०, भूमिघर, धापासी-८, काठमाडौं, नेपाल
फोन : ९७७-१-४३६०४८६, फ्याक्स : ९७७-१-४३५७०३३
इमेल : landrights@csrcnepal.org, वेभसाइट : www.csrcnepal.org

CSRC
आत्मनिर्भर केन्द्र

ग्राफिक डिजाइन :
बिक्रम चन्द्र मजुमदार | bmajumdar33@gmail.com

कभर फोटो : भोला पासवान
गाउँब्लक जग्गा नापी भई लालपुर्जा हातमा पाएपछि सिरहाका महिला किसानहरू ।

# पुनर्निर्माणमा समुदायको नेतृत्व

नेपाल विश्वका अति भूकम्पीय जोखिम भएको मुलुकमध्ये ११ औं स्थानमा पर्छ। विक्रम् सम्वत् १३२२ मा गएको भूकम्पको कारण काठमाडौं उपत्यकाका एक तिहाई जनसङ्ख्याले ज्यान गुमाएको ईतिहास पढ्न पाईन्छ। विक्रम् सम्वत् १९९० सालमा ८.४ म्याग्निच्यूडको भूकम्प गएको थियो। ठूलो जन-धनको क्षति भएको थियो। भूकम्पले प्राचिन धरोहर, सांस्कृतिक सम्पदाहरू नष्ट भएका थिए। त्यसपछि विक्रम् सम्वत् २०३७, २०४५ र २०६८ सालमा पनि भूकम्प गएको थियो।

पछिल्लो पटक २०७२ साल बैशाख १२ गते शनिबार ११:५६ बजे ७.६ म्याग्निच्युडको भूकम्प गयो। गोरखा जिल्लाको बारपाक केन्द्र बिन्दु थियो। त्यसपछि पनि लगत्तै बैशाख १३ गते र २९ गते भूकम्प गएको थियो। यसबाट ठूलो जन-धनको क्षति नेपालीले व्यहोर्नु परेको छ।

पछिल्लो पटकको भूकम्पको कारण ८ हजार ७ सय ९० जनाले ज्यान गुमाए भने २२ हजार ३ सय जना घाइते भए। यसबाट ४ लाख ९८ हजार ८ सय ५२ निजी र २ लाख ६ सय ५६ सरकारी भवन पूर्णरूपले क्षति भएको थियो। भूकम्पबाट आंशिकरूपमा २ लाख ५६ हजार ६ सय ९७ निजी घर ३ लाख ६ सय २२ सरकारी भवन क्षति भएको थियो। भूकम्पले एक मिनेटमा पुऱ्याएको पूर्वाधार क्षतिको पुनर्निर्माण गर्नको लागि ६ खर्ब र ६९ अर्ब लाग्ने अनुमान गरिएको छ।

भूकम्पले तुलनात्मकरूपमा गरिब, भूमिहीन, दलित, महिला वर्गलाई नै बढी प्रभावित गरेको छ। विश्व बैंकको अध्ययनअनुसार भूकम्पको कारण थप ७ लाख मानिसहरू गरिबीको रेखामुनी धकेलिएका छन्। अध्ययनअनुसार ५० देखि ७० प्रतिशत गरिबी बृद्धि मध्य पहाड र हिमाली क्षेत्रमा हुनेछ।

भूकम्पले यतिबेला सबैलाई घरबार विहीन बनाएको छ। अवको पुनर्निर्माण सरल हुनुपर्छ। आगामी दिनमा भौतिक संरचना निर्माण गरिँदा भूकम्प प्रतिरोधी हुनुपर्छ, ताकी फेरी पनि कसैले अकालमा ज्यान गुमाउनु नपरोस्। यसको लागि स्पष्ट योजना र साथमा स्थानीय स्रोत र साधानको अधिकतम प्रयोग र सामुदायिक सहभागिता र नेतृत्वमा पुनर्स्थापना र पुनर्निर्माण आजको प्रमुख आवश्यकता हो।

भूकम्पले क्षति पुगेको संरचनाहरू जनताको घर, विद्यालय भवनहरू, स्वास्थ्य चौकीहरू, ग्रामीण सडक, पुल, खानेपानी तथा सिँचाइलगायतको संरचनाहरूको पुनर्निर्माण गर्न ढिला भइसकेको छ। यसको जिम्मा समुदायलाई दिइनुपर्छ। जबसम्म पुनर्निर्माणको नेतृत्व समुदायले लिदैंन तवसम्म पुनर्निर्माण दिगो र प्रभावकारी हुन सक्दैन। सामुदायिक सहभागितामा हुने वा गरिने पुनर्निर्माणमा सामुदायिक स्वामित्व बढ्छ। समुदायले अपनत्व लिएर गरिने पुनर्निर्माण छिटो, सरल र प्रभावकारी पनि हुन्छ।

पुनर्निर्माण स्थानीय जनताको स्वामित्व, सहभागितामा र नेतृत्वमा हुँदा मात्र सफल हुने हो। यसको लागि राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, स्थानीय निकासहरूले पनि उचित ध्यान दिनु जरुरी देखिन्छ

जसरी घर बनाउँदा जगबाट सुरु गरिन्छ। त्यसैगरी हरेक कामको जग समुदाय हुन्। यो विषयमा समुदाय स्वयम्ले पनि आफ्नो समुदाय आफैं बनाउने अग्रसरता चाहिएको छ। सरकार कछुवा भयो भनेर मात्र हुँदैन। समुदाय खरायो बनेर दौंडन सक्नुपर्छ। ✿





जगत देउजा

# लालपुर्जा नहुनेले घर कहाँ बनाउने ?

यो पत्रिका तपाईंको हातमा पर्दा नपर्दै विनाशकारी भूकम्पको एक वर्ष पुग्नेछ। यो महाप्रलयपछिको सङ्कट भने उस्तैछ। पुनर्निर्माण बारेको बहस पर्याप्त हुन सकेको छैन। मुलुकले पुनर्निर्माणको मार्ग चित्र पहिल्याउन सकेको छैन। पुनर्निर्माणको कुराकानी ढलेका संरचनाहरू उभ्याउने तहभन्दा बाहिर जान सकेको छैन। यि संरचनाहरू पनि वर्षात् अघि बन्ने स्थिति देखिएन। यही गतिमा सबै घर उठ्न दशक लाग्नेछ। सरकारी अनुदान पाइने आसमा घर बनाउन सक्नेहरू पनि आसे भइरहे। सरकारले नीतिनै समुदायलाई अघि बढाउने लिएन।

ठूलो सङ्ख्यामा मानिसहरू भूकम्पबाट पीडित भए। तर तिनको अवस्था एउटै छैन। कैंयन मानिसहरू प्रविधिक सेवा दिंदा आफ्नै स्रोतबाट घर बनाउन सक्छन्। तिनलाई घर बनाइसकेपछि पनि अनुदान दिने व्यवस्था गरेको भए वर्षात् अघि चौथाई भएपनि घरहरू बन्थे। तर त्यस्तो भएन। सरकारको ध्यान कमजोर वर्गलाई कसरी मद्दत गर्ने भन्नेमा हुनुपर्दथ्यो। तर उसले सबैलाई एउटै हुनेगरीको तरिका (ब्लाङ्केट अप्रोच) लियो। असाध्यै राम्रो गर्ने नाममा केही पनि गर्न नसक्ने अवस्थामा पुग्यो।

वर्षात् आङ्गनमा आइसक्यो। यतिखेर सुरक्षित र बसोबासयोग्य घरहरू निर्माण गर्नु अपरिहार्य हो। तर यि घरहरू बनाउन जग्गा हुनेलाई त्यस्तो जग्गा सुरक्षित होकी हैन भनेर निश्चित हुन पाए हुन्थ्यो भन्ने छ। घर सरकारको रेखदेखमा नबनाए अनुदान पाइदैंन भनेको छ। रेखदेख गर्न को आउने ठेगान छैन।

सुकुमबासीहरू जो सार्वजनिक वा अरूको निजी जग्गामा बसेका छन्। उनीहरू घर कहाँ बनाउने भन्ने पिरलोमा छन्। सुरुमा सरकारले अनुदान लिन लालपुर्जा

**सरकारको ध्यान कमजोर वर्गलाई कसरी मद्दत गर्ने भन्नेमा हुनुपर्दथ्यो। तर उसले सबैलाई एउटै हुनेगरीको तरिका (ब्लाङ्केट अप्रोच) लियो। असाध्यै राम्रो गर्ने नाममा केही पनि गर्न नसक्ने अवस्थामा पुग्यो। बोलीको रफुले पीडितलाई ढाँट्ने काम भइरह्यो।**

अनिवार्य गर्ने कार्यविधि बनाएको थियो। पछि भूमि अधिकार मञ्चलगायतकाले यो विषयलाई उठाएपछि निरन्तर उनीहरूको लागि वैकल्पिक व्यवस्था गर्ने निर्णय भएको छ। तर त्यो वैकल्पिक व्यवस्था के हो ? बसिरहेको ठाउँमा घर बनाउन दिने र त्यसैलाई मान्यता दिने वा उनीहरूलाई सुरक्षित स्थानमा घरको लागि जग्गा उपलव्ध गराउने ?

सुकुमबासीलाई घर बनाउने घडेरी मात्र दिएर न्याय हुदैंन। सुकुमबासीहरू हाल बसिरहेको जग्गा नै सुरक्षित छ भने त्यस्ता जग्गानै दर्ता गरिदिनु उपर्युक्त हुन्छ। किनकी उनीहरूको जेजस्तो भएपनि त्यहाँ जीविकाको गोरेटो बनिसकेको छ। अन्य समुदायसँगको नाता छ। त्यस्ता ठाउँमा खाली थप जग्गा छन् भने तिनलाई उपयोग गर्न सक्ने थप अधिकार दिनु उत्तम हुनेछ। तर हाल बसिरहेको जग्गा सुरक्षित छैन भने अन्य उपर्युक्त ठाउँमा स्थान्तरण गर्नुपर्ने हुन्छ। यसका लागि समुदाय तहमा व्यापक परामर्श हुन आवश्यक हुन्छ। यसरी जग्गा उपलव्ध गराउँदा उनीहरूको जीविका पक्षमा पनि मद्दत पुऱ्याउने गरी सोचिनु पर्दछ। र यिनलाई अहिले दिने २ लाखले घर नबन्ने हुँदा सङ्घ सङ्स्था समेतको सहयोगमा र उनीहरूको सहभागितामा सरकारले नै घर बनाइदिने प्रक्रिया बढी उपर्युक्त हुनेछ। किनकी सरकार भनेकै कमजोर वर्गका लागि हो।

सुकुमबासी जत्तिकै पेचिलो अर्को समस्या छ- जग्गा भएको तर त्यसको स्वामित्व नभएका परिवारको। यस्तो समस्या जग्गा दर्ता नभएका, बिर्ता र गुठीको जग्गामा बस्नेहरूको छ। भूकम्प बढी प्रभावित जिल्लाहरूमा मोही, बिर्ता, वेनिस्सा, स्ववासी र गुठी जग्गा कमाउने किसानहरू ठूलो सङ्ख्यामा छन्। जग्गाहरू दर्ताविहीन छ। २५ हजार २ सय ४९ हेक्टर जग्गा गुठीको छ। करिब ३१ हजार ७ सय ५६ परिवार अरूको जग्गा कमाउने छन्। २ हजार ४ सय ८१ परिवारले जोतभोग गरेको जग्गा बिर्ता जनिएको छ। यसो हुँदा सरकारी अनुदान, ऋण एवम् अन्य सुविधाहरू पाउनबाट यिनीहरू वञ्चित हुनुपर्ने अवस्था आउँदैछ।

आफ्नो थातथलोबाट विस्थापित, जो ईच्छा भएर पनि पहिलेकै ठाउँमा फर्किन सम्भव छैन। उनीहरूको लागि कहाँ बस्ती बसाउने भन्ने समस्याको गहिराई अर्कै छ। अहिले पनि यिनीहरू महङ्गो भाडामा जग्गा लिएर बनाएका टहरामा बसिरहेका

छन् । वर्षातसँगै जग्गाधनीले खेती गर्ने भन्दै भाडाका जग्गा छोड्न भनिरहेको छ । यो भूमिको समस्यालाई नसल्टाई जग्गा नभएकाहरू घर बनाउन सक्ने छैनन् । जग्गा भएका तर स्वामित्व नभएकाहरू सरकारी सहयोगबाट वञ्चित हुनुपर्ने अवस्था देखिदैंछ ।

जग्गा दर्तासम्बन्धी कार्यविधिलाई समस्या छिमोल्ने र व्यवहारिक बनाउन भूमि अधिकार मञ्चले सभासद्, भूमि सुधार तथा व्यवस्था मन्त्रालय र प्राधिकरणसँग पटक पटक छलफल गरेको पनि हो । लिखित रूपमा विकल्पहरू पनि पेश गरेको हो । सुरुमा जग्गा नभएकाको समस्यालाई वेवास्ता गरिएको थियो । यिनीहरूलाई पुनर्निर्माणको प्रक्रियामा पर राखिएको थियो । लालपुर्जा हुनेको घर बनाएपछि यिनलाई मेलोमा ल्याउने सोचिएको थियो । तर समुदायमा काम थाल्दा समस्याहरू आए । जग्गा नहुनेले के गर्ने भन्ने प्रश्न तेर्सियो । कार्यविधिमा जग्गा नभएका सुकुमबासीलाई जग्गा उपलव्ध गराउने विषय परेको छ । अनि बिर्ता, गुठी र अन्य वेदर्ताका जग्गाहरू जहाँ घर बनाउनु पर्ने हो त्यसको एक टुक्रा दर्ता गरिदिने भन्ने विषय कार्यविधिमा परेको छ । तर यसरी जग्गा दर्ता गर्दा लिइने शुल्क र मागिएका कागजात अव्यहारिक र समस्या नसुल्झाउने खालको छ ।

कार्यविधिमा गरिएको व्यवस्थाले समस्याको समाधान गर्ने देखिदैंन । टालटुल गर्ने मेसो मात्र देखिन्छ । कार्यविधिमा जग्गा दर्ताको प्रक्रियालाई छिटो गर्न खोजिएपनि समस्याको चुरो पक्डिएको छैन । भूकम्प प्रभावित क्षेत्रको सबै जग्गा दर्ता गर्ने र हिजोदेखिको अन्यायलाई कम गर्ने गरी सोचिनु पर्दथ्यो ।

कार्यविधिमा सरकारी सार्वजनिक अर्थ आउने जमिन वा अन्य व्यक्ति विशेषको जग्गामा बसोबास गरिआएकालाई सरकारले जग्गाको व्यवस्था गर्ने भन्ने उल्लेख छ । यसको अर्थ केही न केही जमिन सरकारले नै उपलव्ध गराउने भन्ने हो । यो व्यवस्था ठिकै मान्न सकिन्छ । तर कति जग्गा उपलव्ध गराउने भन्ने विषयमा स्पष्टता छैन । यस बाहेक परम्परादेखि भोगचलनमा रहेको तर जग्गा दर्ता हुन बाँकी रहेकोमा प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा स्थानीय विकास अधिकारी, जिल्ला वन कार्यालय प्रमुख वा निजले तोकेको अधिकृत, प्रमुख, नापी कार्यालय सदस्य र प्रमुख मालपोत कार्यालय सदस्य सचिव रहेको समिति बनाउने व्यवस्था गरिएको छ । अन्य कामको चाप र राजनीतिक प्रकृतिको निर्णय गर्नुपर्ने हकमा यो समितिले कत्तिको काम गर्न सक्छ भन्ने प्रश्न हुने नै भो ।

यस्ता जग्गा दर्ताको लागि समितिले सूचना निकाल्ने, १५ दिन भित्र स्थानीय निकाय वा समितिमा सिधै निवेदन पेश गर्ने र ६० दिन भित्र निवेदनको छानवीन गरिसक्ने व्यवस्था गरिएको छ । रैकर दर्ता गर्दा फिल्डबुकमा जोताहा उल्लेख भए

**हरेक गाउँ टोलमा निश्चित जग्गाहरू अनिवार्य सामुदायिक स्रोतको रूपमा राख्नै पर्छ । यसलाई अनिवार्य गरिनुपर्दछ ।**

निज जोताहा बुझी जग्गाधनी यकिन गरेर जग्गा दर्ताको निर्णय गर्नुपर्नेछ भनिएको छ । त्यस्तै जग्गा दर्ताको निर्णय भएपछि जग्गावालाले जग्गा नापजाँच भएको वर्षदेखि चालु आर्थिक वर्षसम्मको मालपोत स्थानीय निकायमा बुझाउनुपर्ने व्यवस्था छ । तर फिल्ड बुकमा जोताहा भएको मात्र हेर्दा बेदर्तावाल मोही छुट्ने भएकाले फिल्डबुकमा जोताहा नदेखिएपनि परम्परादेखि मोहीको रूपमा काम गर्दै आएको किसानलाई सर्जमिनका आधारमा जोताहा एकिन गरी जग्गा उपलब्ध गराउने व्यवस्था कार्यविधिमा समेटिएको छैन ।

बिर्ता जग्गा दर्ता गर्दा रजिष्ट्रेशन प्रयोजनको लागि कायम भएको न्यूनतम मूल्याङ्कनको दश प्रतिशतले हुने रकम र चालु आ.व.को लागि तोकिएको मालपोतको सात दोव्वरले हुने रकम मालपोतमा दाखिल गर्नुपर्ने व्यवस्था व्यवहारिक देखिदैंन । किर्ते गरी अन्यले दर्ता गरेको जग्गाको दर्ता खारेज गरी जोतभोग गर्ने किसानको नाममा दर्ता गर्नुपर्ने व्यवस्था हुनुपर्नेमा त्यस्तो व्यवस्था गरिएको छैन । रजिष्ट्रेशन प्रयोजनको लागि तोकिएको मुल्यको २ प्रतिशत मात्र लिने साथै मालपोत १ वर्षको मात्र लिनुपर्ने व्यवस्था गर्नु उपर्युक्त हुन्थ्यो । अहिलेको १० प्रतिशत शुल्क बिर्ताका किसानले बुझाउन सक्ने अवस्था छैन ।

त्यस्तै जग्गा नापी हुँदा जग्गाको फिल्डबुकमा जोताहा र गुठीको नाम उल्लेख भएको बाहेक नापीको समयपछि पनि विभिन्न समयमा जिल्लास्तरमा समिति बनी जोताहा कायम गरेको जग्गा र गुठीको जग्गा कमाइरहेका तर जोताहा कायम नभएकाहरूलाई कार्य विधिले समेट्न सकेको छैन । जोताहाले कमाइरहेका सबै प्रकृतिका गुठी जग्गा जोताहाको नाममा दर्ता गरी जग्गा धनीपुर्जा दिने नीति लिइनुपर्छ ।

पुनर्वास वा स्थानान्तरणको लागि वनक्षेत्रको जग्गा आवश्यक पर्ने भएमा कार्यकारी समितिले प्रचलित कानुनको अधिनमा रही जग्गा दर्ता गर्ने भन्ने व्यवस्था नागरिकलाई सुरक्षित आवास उपलव्ध गराउने स्पिडअनुसार छैन ।

अहिलेको व्यवस्थाले समस्याको निकास दिदैंन । कतिपयको क्षतिग्रस्त घरबास भएको ठाउँमा पुन घरबास गर्न नसकिने अवस्था हुन्छ । फेरी उही प्रकृतिको जग्गा कसैको दर्ता गर्ने र कसैको नगर्ने गर्दा समुदायमा द्वन्द्व बढेर जान्छ । पुनर्निर्माणको कामले शान्ति ल्याउनुपर्छ । सर्वस्व गुमाएका भूकम्प पीडितलाई साँचो अर्थमा मद्दत पुऱ्याउन गुठी, बिर्ता, स्ववासी, बेनिस्सा जग्गा जोतभोग गर्ने व्यक्तिको नाममा दर्ता गर्ने नीति लिइनुपर्दथ्यो ।

भूकम्पबाट बढी क्षती पुगेका जिल्लामा रहेका सुकुमबासीहरूलाई जीविकोपार्जनसमेत जोडिनेगरी सुरक्षित आवास वा यस्तो परिस्थिती नभएमा उपर्युक्त जग्गा उपलव्ध गराइनुपर्छ । बिर्ता, स्ववासी, वेनिस्सा, गुठी र यस्तै प्रकृतिका जग्गाहरू जोतभोग गर्दै आएको परिवारको स्वामित्वमा छोटो र सरल प्रक्रिया अपनाई दर्ता गरी जग्गाधनी पुर्जा दिइनुपर्छ ।

जोखिम अवस्थामा रहेका बस्तीहरूलाई स्थान्तरण गर्दा उनीहरूको जीविका, सुरक्षा

र संस्कृतिलाई समेत विचार गरी सकभर स्थानीयस्तरमा नै पुनर्स्थापना गरिनुपर्दछ। यसरी पुनर्स्थापना गर्दा उनीहरूलाई जग्गाको स्वामित्व पनि तत्कालै दिइनुपर्दछ। सुकुमबासी र विस्थापीतलाई जग्गा दिँदा एवम् अनौपचारिक भूसम्बन्ध भएका जग्गाहरू दर्ता गरी जग्गाधनी पुर्जा दिँदा संयुक्त जग्गाधनी पुर्जा उपलव्ध गराइनुपर्छ।

भू-उपयोग सम्बन्धी ऐन बनाई तत्काल लागु गर्नुपर्दछ। यस्तो ऐनमा सामुदायिक जमिनसम्बन्धी स्पष्ट व्यवस्था हुनुपर्दछ। र एकीकृत बस्ती विकास गर्दा केही देशमा कृषियोग्य जग्गाको नोक्सानी भई खाद्य सङ्कट बढेको अनुभवलाई ध्यानमा राखी वस्ती बसाल्दा कृषियोग्य जग्गा मास्न नपाइने नीति लिइनुपर्दछ। बीउ, औजार र सिँचाइको अभावमा आफ्ना नियमित बाली लगाउन असमर्थ (लगाएकाको पनि न्युन उत्पादन हुने स्थिति छ) अरूको जग्गा कमाइरहेका जोताहा एवम् मोही परिवारले बुझाउनु पर्ने १ वर्षको बाली मिनाहा गरिनुपर्दछ।

हरेक गाउँ टोलमा निश्चित जग्गाहरू अनिवार्य सामुदायिक स्रोतको रूपमा राख्नै पर्छ। यसलाई अनिवार्य गरिनुपर्दछ। नोक्सान भएका कागजातहरू बनाउनको लागि सरकारले घुम्ती शिविरहरू सञ्चालन गर्नुपर्दछ।

भूकम्प पीडितहरूको बास छैन। खाने कुराको अभाव छ। सबै सम्पत्ति सिद्धिएको छ। उसबाट जग्गा नापजाँच भएदेखिकै कुत, तिरो लिने भन्ने कुरा नत व्यवहारिक छ नत विवेकसम्मत नै छ। यो व्यवस्था हुनु हुँदैन।

जग्गाधनी पुर्जा उपलव्ध गराउँदा पति-पत्नी दुवै भएको परिवारमा संयुक्त पुर्जा दिइने विषय पनि स्पष्टसँग लेखिनुपर्दछ। पुनर्निर्माण भनेको भत्केका घरको ठाउँमा अर्को घर मात्र उभ्याउने हुँदै हैन। हिजोदेखिका अन्यायपूर्ण व्यवस्था र विग्रेका विषयलाई पनि सपार्ने हो। कार्य विधि समस्या समाधानको लागि बनाउने हो। समस्या थप्न हैन। ✿



राजेन्द्र फुयाल

# हिमालपारिको पुनर्निर्माण

२०७२ भूकम्पले नेपालको माथिल्लो पहाडी र हिमाली भूभाग हल्लाउँदा सामन्यता हिमालयपारिको तिब्बती पठार पनि हल्लिन्छ। इन्डियन र तिब्बती प्लेटको सङ्घर्षले नेपालमा भूकम्प निम्तिन्छ भन्नेमा भूगर्भविद्हरूको एक मत छ। ठिक त्यही हिमालपारिको सिचुवान प्रान्तमा सन् २०१३ मा विनाशकारी भूकम्प गएको थियो।

चीनको मुख्य भूमिबाट तिब्बत प्रवेशको ढोका मानिने सिचुवान प्रदेशमा गएको ७ रेक्टर स्केलको भूकम्पको ठूलो झड्का भने हिमालय पार गरेर नेपाल पस्न पाएन। भूकम्पले सिचुवान क्षेत्रका पहाडी खोचका बस्तीहरू नराम्ररी हल्लिए, जसरी गत वैशाख १२ र २९ गते गोरखादेखि सिन्धुपाल्चोक, दोलखासम्मको पहाडी-हिमाली भाग जुरुक्कै भएको थियो। नेपाली भूभागकै झल्को दिने यान सिटी पुग्न सिचुवानको प्रान्तीय राजधानी छेङ्दुबाट २ सय ८० किलोमिटर सडक यात्रा गर्नुपर्छ। चिनियाँ समृद्धि र वैभव झल्काउने शानदार सडकमा गुड्ने सवारी साधनको गतिलाई ग्रामीण क्षेत्रका पहाड र घुम्तीले केही मन्द बनाएरै छाड्छन्। यान सिटीबाट २५ र ३० किलोमिटर वरपर आधुनिक डिजाइनमा बनेका थुप्रै बस्तीहरू छन्।

लुसान, चाउ पिङलगायतका सयौं वर्ष पुरानो आवादी इतिहास भएका गाउँको आधुनिकता भूकम्पपछिको पुनर्निर्माणका कारण सम्भव भएको हो। नेपालमा विनाशकारी भूकम्पले पुऱ्याएका भौतिक संरचनाको पुनर्निर्माणबारे बहस सुरु भएको पनि एक वर्ष हुन लाग्यो। यतिन्जेल पुनर्निर्माण प्राधिकरण बन्नेबाहेकका ठोस काम भएको छैन।

छिमेकी चीनको सिचुवानको यान

> लुसान, चाउ पिङलगायतका सयौं वर्ष पुरानो आवादी इतिहास भएका गाउँको आधुनिकता भूकम्पपछिको पुनर्निर्माणका कारण सम्भव भएको हो। नेपालमा विनाशकारी भूकम्पले पुऱ्याएका भौतिक संरचनाको पुनर्निर्माणबारे बहस सुरू भएको पनि एक वर्ष हुन लाग्यो। यतिन्जेल पुनर्निर्माण प्राधिकरण बन्नेबाहेकका ठोस काम भएको छैन।

वरपरका बस्तीमा भने तीन वर्षअघि गएको विनाशकारी भूकम्पको अवशेष भेट्टाउन भने मुस्किल पर्छ । 'नेपाल चाइना मिडिया फोरम' को संयोजनमा पुनर्निर्माण क्षेत्र अवलोकनका लागि नेपाली पत्रकारसहितको गैरसरकारी टोली पुगेको 'लुसान' गाउँमा मात्रै तीन वर्षअघिको भूकम्पमा दुई सयजनाले ज्यान गुमाएका रहेछन् । २३ अप्रिलमा शनिबार परेकाले नेपालमा जस्तै त्यहाँ पनि सम्भावित अझ ठूलो मानवीय क्षति जोगिएको स्थानीयले बताए । चीनमा आइतबार र शनिबार सरकारी बिदा हुन्छ । स्थानीयका अनुसार भूकम्पले यस ठाउँका कुनै पनि घर बस्नयोग्य थिएनन् ।

पुनर्निर्मित बस्तीको बीचमा स्थापना गरिएको संग्रहालयमा भूकम्पले भत्काएका भग्नावशेषलाई भन्दा पुनर्निर्माणको योजनासहितको नक्सालाई प्राथमिकतामा राखिएको छ । 'चिनियाँ फाउन्डेसन फर पिस एन्ड डेभलपमेन्ट' का कार्यकारी उपमहासचिव चि पिङ प्राकृतिक विपत्तिलाई समेत पुनर्निर्माणको अवसरका रूपमा प्रयोग गरिएकाले यो सफलता मिलेको बताउँछन् । चीनको केन्द्र, प्रदेश र स्थानीय सरकारको संयुक्त लगानीमा चलेको पुनर्निर्माण अभियानलाई प्रवासमा रहेका चिनियाँ नागरिकले पनि सघाएका रहेछन् । विश्वको दोस्रो ठूलो अर्थतन्त्र भएको चिनियाँ सरकारलाई भूकम्पले भत्काएका भौतिक संरचनाको पुनर्निर्माणका लागि हाम्रोजस्तो अरूसँग हात फैलाउनुपर्ने अवस्था छैन । तर, देशबाहिर रहेका चिनियाँ नागरिकको पनि त मनै हो । आफ्नो जन्मभूमिका लागि दुःखका बेला सकेको सहयोग आफैंले गरौं भन्ने कसलाई नलाग्ला ?

गैरआवासीय चिनियाँहरूको सहयोगमा पुनर्निर्मित एउटा बस्तीको नाम नै 'ओभरसिज चाइना लभ भिलेज' राखिएको छ । यान सिटीबाट ३३ किलोमिटर परको यो एकीकृत बस्तीमा १ सय १९ सुविधायुक्त घर निर्माण भएका छन् । सानो परिवारका लागि सानो, ठूलो परिवारका लागि केही लामा घर डिजाइन गरिएका छन् । बस्तीबीचको सामुदायिक भवनमा स्थानीयस्तरमा बनेका स-साना योजना, कामको प्रगतिदेखि आय-व्ययको विवरण टाँसिएको छ ।

पहाडी खोंच र साना उपत्यकाहरूमा बस्तीको पुनर्निर्माण आधुनिक सहरको ढाँचामा गरिएको छ । बस्तीको मध्यभागमा सामुदायिक भवन, पर्यटकीय केन्द्र, आवास क्षेत्रलाई शान्त राख्न मिल्नेगरी अलग-अलग स्थानमा बनाइएका व्यापार क्षेत्रले गाउँलाई आधुनिक सहरकै झल्को दिएको छ । भूकम्प जोखिमको पहाडी भूभाग भएकैले हुनुपर्छ, नयाँ घरको संरचना पनि हलुको देखिन्छ । बाँस, काठजस्ता स्थानीय सामग्रीको सक्दो प्रयोग भएको देखिने दुईतले प्रायः घरहरू एकै किसिमका छन् । सामुदायिक भवन, पर्यटन र व्यापार केन्द्रको आर्किटेक भने अलगै देखिन्छ ।

**पहाडी खोंच र साना उपत्यकाहरूमा बस्तीको पुनर्निर्माण आधुनिक सहरको ढाँचामा गरिएको छ । बस्तीको मध्यभागमा सामुदायिक भवन, पर्यटकीय केन्द्र, आवास क्षेत्रलाई शान्त राख्न मिल्नेगरी अलग-अलग स्थानमा बनाइएका व्यापार क्षेत्रले गाउँलाई आधुनिक सहरकै झल्को दिएको छ ।**

रियलइस्टेट बजारमा आउने उतारचढावबाट जोगाउन पुनर्निर्माण गरिएको संरचना तत्कालै अरूलाई बेच्नसमेत रोक लगाइएको रहेछ । पुनर्निर्माणका लागि हामीले पनि यसकै नक्कल गर्नुपर्छ भन्ने होइन, तर धेरै कुरा सिक्न सकिन्छ । प्रधानमन्त्री केपी ओलीले चीन भ्रमणका क्रममा हामीले अवलोकन गरेकै क्षेत्रको आसपासमा पुनर्निर्माण परियोजना निरीक्षण गरेका छन् । उनको टोलीमा सम्मिलित उच्च सरकारी अधिकारीलाई हाम्रो मनमा जस्तै लौ न हामीले मात्रै किन नगर्ने ? भन्ने हुटहुटी भयो कि भएन कुन्नि ?

यान सिटीको केन्द्रमा रहेको 'यान मिडिल स्कुल' का ५० विद्यार्थीलाई भूकम्पको त्रासदीबाट मुक्त गर्न हंगेरी भ्रमण गराइएको रहेछ । उनीहरूले हाम्रो टोलीलाई भूकम्पको त्रासदी र पहिलो विदेश भ्रमणको रोमाञ्चक कथा पनि सुनाए । यसैबाट सिकेर हुनुपर्छ, चीनले पनि केही समयअघि नेपालका भूकम्प प्रभावित बालबालिकालाई आफ्नो देशको भ्रमण गराएको थियो ।

तर, त्यहाँ वास्तविक भूकम्प पीडित होइन, गृहमन्त्री र माओवादी नेताका सन्तानहरूले मौका पाए । हामीले उनीहरूलाई हंगेरी पठाइएका विद्यार्थीको छनोट प्रक्रियाबारे जिज्ञासा राख्यौ । उत्तर सामान्य थियो, 'भूकम्पबाट सबैभन्दा बढी प्रभावित परिवारका विद्यार्थीको सूची लामो थियो । विद्यालयमा भएका विभिन्न प्रतिस्पर्धाहरूका आधारमा उनीहरूको 'मेरिट लिस्ट' बनेको थियो । त्यसैका आधारमा छनोट गर्दा कसैले पनि आफूलाई अन्याय भएको महसुस गरेन ।' सन् १७७६ मा स्थापित सामुदायिक स्कुलमा ३ हजार ६ सय ८० विद्यार्थी अध्ययनरत रहेछन् । यीमध्येबाट छानिएका त जम्मा ५० न हुन् । हाम्रोमा पुनर्निर्माणको सन्दर्भमा कसले के पायो भन्दा पनि कसैले न्याय पाए-पाएनन् प्रश्न मुख्य हो । ✿

साभार : कान्तिपुर कोशेली, चैत्र २०, २०७२

# लालपुर्जा नहुनेले पनि सहयोग पाउँछन्



## डा. विष्णु भण्डारी

कार्यकारी सदस्य, राष्ट्रिय पुनर्निर्माण प्राधिकरण

**पुनर्निर्माण प्राधिकरणले के गरिरहेको छ ?**

विनाशकारी भूकम्पको कारण देशको १४ जिल्ला अति नै प्रभावित भयो। यी जिल्लाहरूमा अझैसम्म पनि पुनर्निर्माणले गति पाउन नसक्नु विडम्बना हो। ढिलै भएपनि भूकम्पले क्षति पुऱ्याएको संरचनाको पुनर्निर्माण गर्नको लागि सरकारले गठन गरेको राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले काम अघि बढाइसकेको छ।

अति प्रभावित जिल्लामा विस्तृत सर्वेक्षणको काम लगभग सकिएको छ। सर्वेक्षणमा इन्जिनियर, गाविसका कर्मचारी, सामाजिक परिचालक खटिएका छन्। उनीहरूले डिजीटल सिष्टमबाट विवरणहरू सङ्कलन गरिरहेका छन्। पुनर्निर्माणको लागि विभिन्न ऐन र कार्यविधिहरू पनि निर्माण भइ पारित भएका छन्, पुनर्निर्माणको गति बढेको छ।

जनताको घर बनाउनको लागि वितरण गरिने रकम जनताको हातहातमा पुऱ्याउनको लागि दर्ता प्रक्रिया सुरु भएको छ। भूकम्पले जनताको घरमात्र नभई सरकारी भवनहरू, सांस्कृतिक सम्पदाहरू, धरोहरू पनि ध्वस्त बनाएको हुँदा यस्ता संरचनाहरूको पनि पुनर्निर्माणको प्रक्रिया अघि बढाइएको छ।

**भूकम्प पीडित सबैले नयाँ घर बनाउन कहिलेसम्म सहयोग पाइसक्छन् ?**

राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले घर निर्माणको लागि रकम वितरण गर्ने प्रक्रिया अघि बढाइसकेको छ। घर निर्माणको लागि दर्ता प्रक्रिया सकिएपछि पहिलो किस्ताको रकम वितरण गरिनेछ। यस्ता रकम बैंकमार्फत तीन किस्तामा (पहिलो किस्तामा ५० हजार, दोस्रो किस्तामा ८० हजार र तेस्रो किस्तामा ७० हजार) वितरण गरिने व्यवस्था मिलाइएको छ। जतिसक्दो चाँडो जनताले नयाँ घरमा सुरक्षितरूपमा बसोबास गर्न पाउन् भन्ने हाम्रो पनि चाहना छ र यही मर्मअनुसार प्राधिकरण अघि बढेको छ।

**पुनर्निर्माण गर्दा सुकुमबासी र जग्गाधनी पुर्जा नभएका परिवारलाई कसरी समेट्ने योजना छ ?**

आवास निर्माणको लागि सरकारबाट २ लाख रूपियाँ सहयोग सबैले पाउछन्। त्यसमा भेदभाव गरिएको छैन। पहिले जग्गाधनी भएकालाई मात्र पुनर्निर्माणको लागि रकम वितरण गरिने भन्ने कार्यविधि थियो तर यो पछि संशोधन भएको छ र अहिले भूमिहीन, सुकुमबासी वा भनौं लालपुर्जा नभएकाले पनि उत्तिकै सहयोग पाउने भएका छन्। सुकुमबासी परिवारलाई सुरक्षित ठाउँमा पुनर्स्थापित गराउने र जग्गाधनी पुर्जा नभएका परिवारहरू जहाँ बसोबास गर्दै आएका थिए उनीहरूको हकमा जग्गा दर्ता गरी पुनर्निर्माणमा सघाउने योजना छ।

**जग्गा दर्तासम्बन्धी कार्यविधि पास भयो भन्ने सुनिर्दैछ ? त्यसमा के छ ?**

भूकम्पले सबैलाई पीडित बनाएको छ। आफ्नो जमिन नभएका, सामुदायिक वन, सार्वजनिक जमिन वा अरूको जमिनमा बसोबास गरेका परिवारहरू पनि भूकम्पले पीडित बनाएको छ। लालपुर्जा भएकाले मात्र नयाँ घर निर्माणको लागि सहयोग पाउने भए, अरू साँच्चै सहयोग चाहिने गरिब वर्गचाहिँ छुट्ने भए। यस्ता वर्गहरूलाई ध्यान दिँदै जग्गा दर्तासम्बन्धी कार्यविधि पास भएको हो। भूकम्प प्रभावित जिल्लामा भूमिसम्बन्धी धेरै विवादित् सवालहरू बाँकी छन्। यसैले जग्गा दर्तासम्बन्धी कार्यविधिमा बिर्ता, गुठी, बेदर्तावाला, मोही, स्ववासीलगायत जग्गाहरू दर्ता गर्नेबारे उल्लेख गरिएको छ। यसले धेरै किसानहरूलाई फाइदा पुग्छ भन्ने विश्वास छ।

मैले सुनेँ अझै पनि बिर्ता समस्या छ, गुठी समस्या छ। अच्चम लाग्यो। २०१६ सालमै बिर्ता उन्मुलन भएको हामीले पढेका थियौं। तर अझैसम्म रहेछ, यस्तो समस्या तत्काल समाधान हुनुपर्छ।

**गरिब, साना किसान, एकल महिला र दलित समुदायलाई र अन्य भुकम्पपीडितलाई सरकारले दिने प्याकेज एउटै हो वा फरक फरक ?**

सरकारको नीतिअनुसार सबैलाई उहि खाले सहयोग गर्ने हो। यसको मतलव सबैले २ लाख रूपियाँ सहयोग पाउछन्। र थप तीन लाख रूपियाँ सहुलियत ऋण पाउनेछन्। यसरी अति सामान्य मानिसहरूको पनि सुरक्षित घर बन्न सक्छ। एउटै खाले नीतिले गरिब र सामान्य मानिसहरूलाई समस्या त पर्छनै। यसकारण यस्ता वर्गको लागि सरकारले जीविकोपार्जनमुखी कार्यक्रम ल्याउनु आवश्यक छ। उनीहरूलाई घर मात्र होइन, जीविकाको लागि पनि धेरै समस्या छ। दिगो जीविकोपार्जन कार्यक्रममार्फत उनीहरूको जीवनमा परिवर्तन ल्याउन सकिन्छ।

**कमजोरलाई र बलियालाई उत्तिकै एउटै सहयोग गर्दा कत्तिको न्यायिक होला ?**

राज्यको नजरमा सबै भूकम्प पीडित उत्तिकै हुन्। सबैको घर भत्केकै छ चाहे त्यो सानो होस् वा ठूलो। यसैले राज्यले सबैलाई उत्तिकै राहत तथा सहयोगहरू वितरण गर्दै आइरहेको छ। यसअघि पनि राहत, नगद सहयोग गर्दै भूकम्प पीडित परिचय पत्र प्राप्त गरेकाहरूलाई बराबरी वितरण गऱ्यो।

यो बराबरको मान्यताले समाजमा रहेका गरिब जनता अलि बढी मारमा परेका छन् । त्यो कुरी ठिक हो । तर अव पुनर्निर्माणको प्रक्रियामा पनि सबैले २ लाख रूपियाँ राहत सहयोग पाउने हुन् । र त्यही असक्त र गरिब वर्गलाई नै लक्षित गरी गाउँकै सामूहिक जमानीमा ३ लाखसम्म सहुलियत ऋण उपलब्ध गराउने योजना छ ।

अव पुनर्निर्माणको प्रक्रियामा वास्तविक पीडितहरू कोही पनि छुट्दैनन् । त्यही असक्त र गरिब वर्गलाई नै लक्षित गरी सामूहिक जमानीमा ३ लाखसम्म सहुलियत ऋण उपलब्ध गराउने योजना पनि सरकारले ल्याएको हो । यो योजनाले २ लाख रुपियाँले मात्र घर बनाउन नसक्ने यस्ता गरिब परिवारलाई धेरै नै राहत मिल्नेछ । र उनीहरू नयाँ घरमा बस्न पाउने छन् ।

**धेरै जस्तो विस्थापितहरू अझै पनि अस्थायी विस्थापित शिविरमा बसोबास गरिरहेका छन् ? उनीहरूको व्यवस्थापन कसरी हुन्छ ?**

भूकम्पले धेरै मानिसहरूलाई आफ्नो थातथलोबाट विस्थापित गराएको छ । गृह मन्त्रालयको तथ्याङ्कअनुसार करिव ४ सय ७५ भन्दा बढी गाउँ नै विस्थापनको सिकारमा परेको छ । यसकारण यस्तो वस्तीहरूलाई अन्यत्र सार्नुपर्ने बाध्यता छ । धेरै ठाउँमा विस्थापित बस्ती नजिक बसोबासयोग्य जमिन छैन । त्यसैले विस्थापितहरूको हकमा भने अहिले सरकारले दिने भनेको २ लाख रूपियाँको राहत सहयोगले हुँदैन, उनीहरूको लागि विशेष व्यवस्था गरिनुपर्छ । त्यो भनेको विस्थापितहरूलाई एकीकृत बस्तीको अवधारणाअनुसार नयाँ बस्तीको विकास गरी पुनर्स्थापना गराउने हो । हाल उनीहरूको लागि कुनै प्रक्रिया अघि बढाउन अध्ययन टोली खटिसकेका छन् । चाँडै उनीहरूको लागि पनि राज्यले व्यवस्था गर्नेछ । ✿

# जानकारी : नयाँ घर निर्माण गर्न २ लाख लिने प्रक्रिया

सरकारले भूकम्प प्रभावित जिल्लाका घरबार गुमाएका भूकम्प पीडितहरूको लागि नयाँ घर निर्माण गर्नको लागि २ लाख रुपियाँ अनुदान दिने तयारी थालेको छ । यस्तो रकम भूकम्प पीडितहरूले तीन चरणमा पाउनेछन् । पहिलो किस्ता वापत ५० हजार, दोस्रो किस्ता वापत ८० हजार र तेस्रो किस्तावापत ७० हजार । त्यसका लागि राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले तयारी सुरु गरेको छ । सरकारी राहत लिनको लागि भूकम्प पीडितले निम्न प्रक्रिया पुरा गर्नुपर्ने हुन्छ ।

- सरकारले भूकम्प पीडितहरूको डिजिटल तथ्याङ्क सङ्कलन गरेको छ । यस्तो तथ्याङ्क सङ्कलन भइसकेका क्षेत्रका वडा कार्यालय (नगरपालिकामा) तथा गाविस कार्यालयहरूले पीडितको नामावली टाँस्नेछन् । त्यसमा नाम भएका सर्वसाधारणलाई मात्रै भूकम्प पीडित मानिनेछ ।
- सो सूचिमा नामावली रहेका पीडितहरूलाई वडा तथा गाविस कार्यालयहरूले १७ वटा नक्सा मध्ये एउटा नक्साअनुसारको घर छान्न लगाउनेछन् । आफ्नै डिजाइनको घर बनाउनु परेमा पुनर्निर्माण प्राधिकरणले उपलब्ध गराएको शर्त समेटिएको संरचनाको प्रारम्भिक रिपोर्ट पेश गर्नुपर्नेछ ।
- वडा वा गाविस कार्यालयहरूले नागरिकता र जग्गाको लालपुर्जाको फोटोकपी लिएर पीडितसँग वडा वा गाविसका कर्मचारीले सम्झौता गर्नेछन् ।
- सम्झौता लगत्तै पीडितले नजिकै रहेको बैंकमा खाता खोल्नुपर्नेछ । पुराना खातावालाका हकमा भने सोही खाता मान्य हुनेछ । नयाँका सन्दर्भमा भने लाभग्राही (भूकम्प पीडित) कै नाममा खाता खोल्नुपर्नेछ । त्यसका लागि विकट क्षेत्रमा शाखारहित बैंकिङ् प्रणाली स्थापना हुनेछ । यसरी पीडितसँग गरिएको सम्झौताको एक एक प्रति वडा, गाविस र जिविसमा पठाइनेछ ।
- जिल्ला विकास समितिले जिल्लास्थित कोष तथा लेखा नियन्त्रक कार्यालयलाई भुक्तानी आदेश दिनेछ । सो आदेशसँगै लाभग्राहीको सूची तथा बैंकको खाता नम्बरसमेत उपलब्ध गराउनेछ ।
- यसरी वडा कार्यालय वा गाविससँग सम्झौता भएको एक हप्ताभित्र पीडितको बैंक खातामा ५० हजार रुपियाँ जम्मा हुनेछ । रकम जम्मा भएकै दिनदेखि सो रकम झिक्न सकिनेछ ।
- घर नबनाए दोश्रो किस्ता नपाइने पहिलो किस्ता वापत प्राप्त ५० हजार रुपियाँ घर निर्माणमा खर्च नगरेको प्रमाणित भएमा दोस्रो किस्ताको रकम पाइने छैन । त्यसका लागि प्राधिकरणले सुक्ष्म अनुगमन गरिरहेको हुनेछ । पुनर्निर्माणको काम सुरुवात भएसँगै इन्जिनियरहरूको टोलीसमेत निर्माण प्रक्रिया र त्यसको गुणस्तर अध्ययनका लागि निरन्तर फिल्डमै हुनेछन् । ✿

# भूकम्पबाट क्षतिग्रस्त भएका निजी आवास पुनर्निर्माण अनुदान वितरणसम्बन्धी कार्यविधि, २०७२

२०७२ साल वैशाख १२ गते गएको विनाशकारी भूकम्प र त्यसपछिका परकम्पहरूबाट हुन गएको क्षतिको पुनर्निर्माण गर्न अत्यावश्यक भएकोले आर्थिक वर्ष २०७२/०७३ को बजेट वक्तव्यको बुँदा नं ३२ कार्यान्वयन गरी भूकम्पबाट क्षतिग्रस्त भएका निजी आवास पुनर्निर्माणका लागि प्रदान गरिने अनुदानलाई सरल एवम् व्यवस्थित बनाउन पुनर्निर्माणका मापदण्ड तथा प्रक्रिया निर्धारण गर्ने सम्बन्धमा व्यवस्था गर्न वान्छनिय भएकोले नेपाल सरकारले यो कार्यविधि बनाएको छ।

सरकारले भूकम्प प्रभावितहरूलाई राहत सहयोग वितरण गर्नको लागि लाभाग्राहीको पहिचान गर्नको लागि निम्नअनुसारको व्यवस्था कार्यविधिमा गरेको छ।

१ केन्द्रीय तथ्याङ्क विभागबाट २०७२ साल वैशाख १२ को भूकम्प र त्यसपछिका पराकम्पनहरूबाट क्षतिग्रस्त भएका निजी आवास पुनर्निर्माणका लागि गरिएको लगत सङ्कलन कार्यक्रमअन्तर्गत सङ्कलित तथ्याङ्क र निर्देशक समितिबाट तोकिएको छनौट मापदण्डका आधारमा तयार गरिएको अनुसूची- १ बमोजिमको विश्लेषणबाट पहिचान भएका क्षतिग्रस्त भएका निजी घरका घरधनीहरू।

२ भूकम्पबाट क्षतिग्रस्त भएको बाहेक सोही स्थान वा अन्यत्र आवास भवन नभएको व्यक्ति वा परिवार।

३ भूकम्प पीडितसँग नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपी र केन्द्रीय तथ्याङ्क विभागबाट भूकम्प प्रभावित आवास पुनर्निर्माण लगत सङ्कलन कार्यक्रमअन्तर्गत तथ्याङ्क सङ्कलनको क्रममा दिइएको निस्सा कागज सङ्लग्न हुनुपर्नेछ।

४ **नक्सा र डिजाइन** : प्राधिकरणले सम्बद्ध विभागलगायतका निकायहरूसँग समन्वय र प्राविधिक सहयोगमा भूकम्प प्रतिरोधी प्रविधिसहितका नमुना आवासका डिजाइनहरू तयार पारी स्वीकृत गर्नेछ। कुनै व्यक्ति, निकाय वा सङ्स्थाले पुनर्निर्माण प्रयोजनका लागि भूकम्प प्रतिरोधी आवासको डिजाइन गर्दा प्राधिकरणको अनिवार्य स्वीकृति लिनुपर्नेछ।

५ प्राधिकरणले भूकम्प प्रतिरोधी निजी आवासहरूको डिजाइन तथा निर्माणसम्बन्धी मापदण्ड तर्जुमा गर्नका लागि प्राधिकरणसम्बद्ध कार्यकारी समितिका सदस्यको संयोजकत्वमा सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय, सहरी विकास मन्त्रालय तथा सहरी विकास तथा भवन निर्माण विभाग, इञ्जिनियरिङ्ग अध्ययन सङ्स्थानका सम्बन्धित विषयका विज्ञ प्रतिनिधि तथा आवश्यकताअनुसार अन्य विज्ञहरू सहितको एक “भूकम्प प्रतिरोधी निजी आवास मापदण्ड निर्धारण समिति” गठन गर्नेछ।

६ सम्बद्ध आयोजना कार्यान्वयन इकाईले लाभग्राहीहरूलाई प्राधिकरणद्वारा स्वीकृत भूकम्प प्रतिरोधी प्रविधिसहितका नमुना आवासका डिजाइनहरू तथा भवन निर्माणसंहिता अनुरूपको न्यूनतम मापदण्ड उपलब्ध गराउनेछ। लाभग्राहीले नमुना आवासका नमुना मध्ये कुनै एक डिजाइन छान्न सक्नेछ वा न्यूनतम मापदण्ड अनुरूपको अन्य डिजाइनको घर बनाउन सक्नेछ।

७ घर निर्माण गर्दा अनिवार्यरूपमा भूकम्प प्रतिरोधी प्रविधि अनुसरण गर्नेर तोकिएको गुणस्तर कायम गर्ने गरी अनुदान प्राप्त गर्न लाभग्राहीले स्थानीय निकायबाट प्राप्त हुने शर्तसहितको सम्झौता गर्नुपर्नेछ।

८ स्थानीय निकायसँग हुने शर्तसहितको सम्झौतापत्रको नमुना प्राधिकरणको स्वीकृतिमा सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयअन्तर्गतको केन्द्रीय आयोजना कार्यान्वयन इकाईले सम्बद्ध स्थानीय निकायलाई उपलब्ध गराउनेछ।

९ सहरी विकास मन्त्रालयअन्तर्गतको जिल्ला आयोजना कार्यान्वयन इकाईबाट स्रोत केन्द्रमार्फत स्थानीय निकायमा खटिएका प्राविधिकहरूले नक्सा, डिजाइन र भूकम्प प्रतिरोधी प्रविधिसम्बन्धी कार्यहरूको निरीक्षण तथा प्रमाणीकरण गर्नेछन्। सो बमोजिम कार्य भए नभएको सम्बन्धमा प्राधिकरणले आवश्यकताअनुसार अनुगमन गर्नेछ।

१० निरीक्षण र प्रमाणीकरणको लागि सहरी विकास मन्त्रालयअन्तर्गतको केन्द्रीय आयोजना कार्यान्वयन इकाईले आवश्यकताअनुसार ईन्जिनियर, सव-ईन्जिनियर, असिस्टेन्ट सव-ईन्जिनियर करार सेवाबाट प्राप्त गरी व्यवस्था गर्नेछ। तर जनशक्तिको समग्र आवश्यकता र पदपूर्ति प्रक्रिया सम्बन्धमा सम्बन्धित कार्यान्वयन इकाईले प्राधिकरणको स्वीकृति लिनुपर्नेछ।

११ **अनुदान सम्झौता र वित्तीय प्रबन्ध** : शर्तसहितको अनुदान सम्झौता पत्रको आधारमा स्थानीय निकायले देहायबमोजिमको प्रक्रिया पूरा गरी लाभग्राहीलाई अनुदान रकम वितरण गर्नेछ। यस प्रयोजनका लागि

कार्य सञ्चालन प्रक्रिया तयार पारी कार्यान्वयन गर्न सकिनेछ।

१२ प्राधिकरणले सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय सम्बद्ध आयोजना कार्यान्वयन इकाईमार्फत सम्बद्ध जिल्ला आयोजना कार्यान्वयन इकाईलाई आवश्यकताअनुसार अनुदानको रकम निकासा गर्नेछ।

१३ सम्बद्ध जिल्ला आयोजना कार्यान्वयन इकाईले लाभग्राहीहरूको सूची सम्बन्धित बैंक तथा स्थानीय निकायलाई उपलब्ध गराउनेछ। सम्बन्धित स्थानीय निकायले सूचीकृत लाभग्राहीसँग अनुदान सम्झौता गर्नेछ। सोही आधारमा सम्बन्धित बैंकले सम्बन्धित लाभग्राहीको खातामा रकम उपलब्ध गराउनेछ।

१४ यसरी रकम उपलब्ध गराउँदा तीन किस्तामा अनुदान उपलब्ध गराइनेछ। यस्तो अनुदान रकम अधिकतम दुई लाख रुपियाँ हुनेछ।

१५ दुई लाख रुपियाँसम्मको अनुदान सहायता रकम भन्दाबढी लागतको निजी आवास निर्माण कार्यको रकम लाभग्राही स्वयम्‌ले व्यहोर्नु पर्नेछ। यस्तो बढी लागत व्यहोर्न नसक्ने लाभग्राहीहरूले तीन लाख रुपियाँसम्मको सहुलियत कर्जा सामूहिक जमानीका आधारमा नेपाल राष्ट्र बैंकले तर्जुमा गरेको कार्यविधिका आधारमा बैंकिङ प्रणालीबाट प्राप्त गर्न सक्नेछन्।

१६ सामूहिक जामानीमा तीन लाख रूपैयाँ सहुलियत कर्जा नलिइ धितो जमानीमा क्षतिग्रस्त घर पुननिर्माण गर्न चाहने लाभग्राही एवम् अन्य क्षतिग्रस्त घर पुनर्निर्माण गर्नुपर्ने भूकम्प पीडित परिवारले बैंक तथा वित्तीय संस्थाबाट ऋण लिन चाहेमा सरल प्रक्रिया अपनाई नेपाल राष्ट्र बैंकले तर्जुमा गरेको कार्यविधिको आधारमा सहुलियत ब्याज दरमा काठमाडौं उपत्यकाभित्र पच्चीस लाख रुपियाँसम्म र उपत्यका बाहिर पन्ध्र लाख रुपियाँसम्म भूकम्प पीडित विशेष आवास कर्जा प्राप्त गर्न सक्नेछन्।

१७ सरकारबाट उपलब्ध हुने सहायताको सम्पूर्ण रकम निजी आवास निर्माणको कार्यमा मात्र खर्च गर्नुपर्नेछ।

१८ सम्झौता पत्र तथा खर्च विवरणसम्बन्धी अभिलेख सम्बन्धित जिल्ला आयोजना कार्यान्वयन इकाईहरूले राख्नेछन् र सोको जानकारी जिल्ला विकास समितिको कार्यालय एवम् सम्बद्ध मन्त्रालयको केन्द्रीय आयोजना कार्यान्वयन इकाई तथा प्राधिकरणमा आवधिकरूपमा पठाउनुपर्नेछ।

१९ अन्य स्वदेशी वा विदेशी सङ्घ सङ्स्थाको सहयोगमा आवास भवन निर्माणका लागि अनुदान वा निजी आवास भवन नै प्राप्त गरेको लाभग्राही तथा भूकम्प पीडितलाई यस कार्यविधि बमोजिमको दुई लाख रुपियाँ अनुदान सहायता, सहुलियत कर्जा एवम् भूकम्प पीडित विशेष आवास कर्जा उपलब्ध गराइने छैन।

२० कुनै लाभग्राहीको एक भन्दाबढी आवास भवन क्षति भएकोमा त्यस्ता लाभग्राहीले यस कार्यविधिको अधिनमा रही एउटा आवास भवन पुनर्निर्माणका लागि मात्र अनुदान पाउने छ। एकभन्दा बढी स्थानमा आवास भवन हुने लाभग्राहीलाई अर्को स्थानमा घर पुनर्निर्माण गर्नुनपर्ने अवस्थामा यो अनुदान सहायता उपलब्ध गराइने छैन। साथै सहुलियत कर्जा र भूकम्प पीडित विशेष आवास कर्जासमेत उपलब्ध गराइने छैन।

२१ **निर्माण सामग्री उपलब्ध गराउन सहयोग गर्ने** : (१) निजी आवासका लागि आवश्यक पर्ने जस्तापाता, सिमेन्ट, हुक, कब्जा, काठ जस्ता निर्माण सामग्रीहरू स्थानीय बजारमा यथेष्ट मात्रामा उपलब्ध गराउन, गुणस्तर कायम गर्न गराउन तथा सोको नियमन गर्न गराउन सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा सम्बद्ध जिल्ला विकास समिति, जिल्ला तहका आयोजना कार्यान्वयन इकाईहरू, स्थानीय निकायहरू, जिल्ला वन कार्यालय, उद्योग वाणिज्य सङ्घ, निर्माण व्यवसायी सङ्घको प्रतिनिधित्व रहने गरी निर्माण सामग्री आपूर्ति व्यवस्थापन तथा सहजीकरण समिति गठन गरिनेछ। उक्त समितिले बैठक सञ्चालनसम्बन्धी कार्यविधि आफैं तय गर्नेछ।

२२ निर्माण सामग्रीहरूको गुणस्तर र आपूर्ति व्यवस्थापन सम्बन्धमा राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको उपक्षेत्रीय कार्यालयले आवश्यक अनुगमन गर्नेछ।

२३ **आयोजना कार्यान्वयन इकाइहरूको भूमिका** : यो कार्यविधि कार्यान्वयन गर्ने सिलसिलामा केन्द्रीय एवम् जिल्ला आयोजना कार्यान्वयन इकाइहरूको गठन, कार्यान्वयन प्रक्रिया तथा सङ्स्थागत संरचना राष्ट्रिय पुनर्निर्माण तथा पुनर्स्थापना नीति, २०७२ बमोजिम हुनेछ।

२४ **योजना समन्वय र व्यवस्थापन** : (१) राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले भूकम्पबाट क्षति भएका निजी आवास भवनहरूको पुनर्निर्माणका लागि कार्यक्रम तथा बजेटको व्यवस्थाका साथै सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिनेछ।

२५ **आयआर्जन कार्यक्रम**: विभिन्न सङ्घ सङ्स्था, लघुवित्त र स्थानीय सहकारी सङ्स्थाहरूलाई परिचालन गरी विपन्न लाभग्राहीहरूको आयआर्जनका लागि प्राधिकरणको स्वीकृतिमा विभिन्न कार्यक्रमहरू सञ्चालन गर्न सकिनेछ।

२६ **विवाद् तथा गुनासो समाधान** : निजी आवास निर्माण तथा अनुदान वितरणका बारेमा भूकम्प पीडित व्यक्ति तथा परिवारले कुनै गुनासाहरू भएमा प्राधिकरणबाट तोकिएको गुनासो सुनुवाई इकाई तथा कार्यान्वयनसँग सम्बन्धित विभिन्न निकायहरूमा मौखिक वा लिखितरूपमा गुनासो/उजुरी गर्न सक्नेछन्। प्राप्त भएका गुनासा तथा उजुरीहरू तत्‌तत् निकायबाट समाधान नभएमा क्रमशः माथिल्ला निकायमा सम्प्रेषित गर्नुपर्नेछ। गुनासोको सुनुवाई गर्न छुट्टै कार्यविधि बनाई लागू गरिनेछ।

२७ **कारवाही हुने**: यस कार्यक्रमबाट लाभान्वित हने उद्देश्यले झुट्टा विवरण पेश गरेमा वा यस्तो व्यहोरा सिफारिस गरेको पाइएमा त्यस्ता व्यक्तिलाई प्रचलित कानूनबमोजिम कारवाही

गरिनेछ।

२८ **सहुलियत ऋण प्रवाहः** नेपाल राष्ट्र बैंकबाट प्रवाह हुने सामूहिक जमानीको सहुलियत कर्जा एवम् भूकम्प पीडित विशेष आवास कर्जा प्राप्त गर्दा यसै कार्यविधिअनुसार भूकम्प प्रतिरोधात्मक निर्माण प्रविधिसम्बन्धी भवन संहिताको पालना सुनिश्चित हुनुपर्नेछ।

२९ **स्वदेशी वा विदेशी सङ्घ सङ्स्थाबाट अनुदान वितरण तथा प्राविधिक सहायतासम्बन्धी व्यवस्थाः** स्वदेशी वा विदेशी सङ्घ सङ्स्थाबाट निजी आवास भवन निर्माण अनुदान वितरण तथा प्राविधिक सहयोग गर्दा प्राधिकरणको स्वीकृतिमा मात्र गर्नुपर्नेछ। यसका लागि प्राधिकरणले छुट्टै कार्यविधि बनाई लागू गर्नेछ।

३० **कार्यविधिमा संशोधन गर्न सक्ने** : यस कार्यविधिको कार्यान्वयनको सिलसिलामा कुनै संशोधन गर्नुपर्ने भएमा राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको कार्यकारी समितिले आवश्यक संशोधन गर्न सक्नेछ।

भूकम्पबाट क्षतिग्रस्त निजी आवास पुनर्निर्माण अनुदानका लागि लाभग्राही छनौट मापदण्ड २०७२ वैशाख १२ गतेको भूकम्प तथा त्यसपछिका परकम्पहरूबाट क्षतिग्रस्त निजी आवास भवनहरूको पुनर्निर्माणका लागि अनुदान प्राप्त गर्ने लाभग्राहीहरूको पहिचान देहायबमोजिम हुनेछ।

१ केन्द्रीय तथ्याङ्क विभागद्वारा सञ्चालित "भूकम्प प्रभावित आवास पुनर्निर्माण लगत सङ्कलन कार्यक्रम" अन्तर्गत सङ्लकन गरिएको तथ्याङ्क विश्लेषण गर्दा क्षतिको तह (ग्रेड) तीन, चार र पाँचमा सूचीकृत भएका घरधनीहरू। घरधनीहरूमध्ये निम्न अवस्थामा निम्नानुसार अनुदान सहयोग उपलब्ध हुनेछ।

२ २०७२ साल वैशाख १२ गते अगावै सम्बन्धित जिल्ला मालपोत कार्यालयमा अंशबण्डा पास गरेका घर परिवारलाई छुट्टै घर परिवारमा गणना गरी अनुदान रकम उपलब्ध गराइने।

३ एकाघर परिवारको सदस्यको नाममा घर जग्गा भएको, तर घर जग्गाको स्वामित्व भएको परिवारको सदस्य विदेशमा भएको अवस्थामा घर बनाउनका लागि एकाघर परिवारको नाता प्रमाणित भएका हकवाला व्यक्तिलाई तोकिएबमोजिमको अनुदान रकम उपलब्ध गराउने।

४ कुनै ठाउँमा जग्गा नापी नै नभएको, तर बस्ती बसेको अवस्थामा त्यस्ता बस्तीका घरहरूलाई अनुदान रकम उपलब्ध गराउने सम्बन्धमा त्यस्तो बसोबास भएको जग्गा व्यक्तिगत भए नापी गरी गराई सम्बन्धित व्यक्तिको नाममा जग्गाधनी प्रमाणपूर्जा प्राप्त गरेपछि तोकिए बमोजिमको अनुदान रकम उपलब्ध गराउने।

५ भूकम्पबाट क्षतिग्रस्त आवास भएकै स्थानमा वा सीमाना जोडिएको छिमेकी गाविस वा भूकम्प प्रभावित सोही जिल्लाको अन्य सहज हुने उपर्युक्त स्थानमा आवास निर्माण गर्ने भएमा अनुदान रकम उपलब्ध गराउन सकिने।

स्रोत : राष्ट्रियपुनर्निर्माणप्राधिकरण, वेवसाइट



## लालपुर्जा नहुनेलाई अनुदानमा नरोक : प्रधानमन्त्री ओली

प्रधानमन्त्री केपी शर्मा ओलीले लालपुर्जा नभएका भूकम्प पीडितलाई निजी आवास पुनर्निर्माणका लागि अनुदान दिनबाट नरोक्न निर्देशन दिएका छन्। निजी आवास पुनर्निर्माणका लागि दुई लाख रुपियाँको अनुदान सम्झौता गर्न लालपुर्जालाई अनिवार्य बनाउँदा ग्रामीण क्षेत्रका भूकम्प पीडितले पाउन नसक्ने देखिएपछि प्रधानमन्त्री ओलीले मन्त्री र सरोकारवाला सचिवलाई राखेर लालपुर्जा नभएका भूकम्प पीडितलाई अनुदान उपलब्ध गराउन वैकल्पिक उपाय खोज्न राष्ट्रिय पुनर्निर्माण प्राधिकरणलाई निर्देशन दिएका हुन्।

लाभग्राही छनोट मापदण्डले विनाशकारी भूकम्प आउनुभन्दा पहिलेदेखि नै एउटा घरमा एकभन्दा बढी परिवार अंशबन्डा गरी बसेको तर लालपुर्जा बाबु वा बाजेको नाममा रहेका, सार्वजनिक जमिनमा बसेका र गुठी जग्गामा बसेका भूकम्प पीडितले आवास निर्माणका लागि अनुदान पाउन नसक्ने देखिएपछि वैकल्पिक उपाय खोज्न लगाइएको हो।

साभार : अन्नपूर्ण पोष्ट, २०७२ चैत्र २६ शुक्रबार

# जग्गा दर्तासम्बन्धी मस्यौदा कार्यविधिमा सुझाव

पुनर्निमाण प्रक्रियामा जग्गासम्बन्धी समस्या सुल्झाउन पुनर्निर्माण प्राधिकरणले अहिले बनाएको कार्यविधिमा भूकम्प **प्रभावितलाई पुनर्निर्माण, पुनर्स्थापना र स्थानान्तरणको लागि जग्गा उपलब्ध गराउन गरिएको व्यवस्था र** त्यसमा राष्ट्रिय भूमि अधिकार मञ्चले पेश गरेको प्रस्ताव।

सरकारी सार्वजनिक अर्थ आउने जमिन वा अन्य व्यक्ति विशेषको जग्गामा बसोबास गरिआएकालाई सरकारले (प्राधिकरणले) जग्गाको व्यवस्था गर्ने।

**परम्परादेखि भोगचलनमा रहेको तर जग्गा दर्ता हुन बाँकी रहेकोमा निम्न व्यवस्था गर्ने।**

भूकम्प प्रभावितको **रैकर, बिर्ता, स्ववासी, वेनिस्सा र गुठीअधिनस्थ** जग्गा दर्ता समिति बनाउने। जसमा

क. प्रमुख जिल्ला अधिकारी, ..अध्यक्ष,
ख. स्थानीय विकास अधिकारी, ..सदस्य,
ग. जिल्ला वन कार्यालय प्रमुख वा निजले तोकेको अधिकृत, ..सदस्य
घ. प्रमुख, नापी कार्यालय, ..सदस्य
ङ. प्रमुख, मालपोत कार्यालय, ..सदस्य सचिव

**मञ्चको सुझाव** : यस्तो समिति सभासद्को अध्यक्षतामा राजनीतिक दलको प्रतिनिधि र भूमि अधिकारबाट वञ्चितहरूको सङ्गठनको समेत प्रतिनिधि रहने गरी निर्माण गरिनुपर्ने।

**जग्गा दर्ता प्रक्रिया** : भूकम्प प्रभावितले परम्परादेखि भोगचलन गरिआएको जग्गा दर्ता गर्न:

- कार्यालय (प्राधिकरण) ले तोकेको अवधिभित्र, सम्बन्धित स्थानीय निकाय वा सिधै समिति समक्ष निवेदन दिन सक्ने, स्थानीय निकायमा निवेदन दिएको भए ७ दिन भित्र समितिमा पठाउनुपर्ने।

**मञ्चको सुझाव** : सबैले सूचना पाउने गरी बुझिने भाषामा आमसञ्चार माधयम र स्थानिय निकायमार्फत सूचना प्रसारण गरिने व्यवस्था पनि कार्यविधिमा नै समेट्नुपर्ने।

## समितिको काम, कर्तव्य र अधिकारः

- पुरक निवेदन वा थप प्रमाण पेश गर्न लगाउने,
- जग्गाको फिल्डबुक, नक्शा, तीरो, लगत प्रमाण पेश गर्न लगाउने,
- हकभोग यकिन गर्न स्थलगत सरजमिन गराउने,
- मोठ, रोक्का र अन्य कागज प्रमाण भिडाउने, हकभोग यकिन गर्ने,
- हकदावी सम्वन्धी १५ दिने सूचना प्रकाशित गर्ने,
- उजुरी परे १५ दिन भित्र प्रमाणबुझी निर्णय गर्ने,

**मञ्चको सुझाव** : फिल्ड अध्ययन र सरजमिनलाई प्रमुख आधार मान्नुपर्ने।

**रैकर जग्गा दर्ता**ः समितिले पेशगर्न लगाउने वा बुझ्नुपर्ने कार्यका अतिरिक्तः

- फिल्डबुकमा जोताहा उल्लेख भए निज जोताहा बुझी जग्गाधनी यकिन गरेर जग्गा दर्ताको निर्णय गर्नुपर्नेछ।
- जग्गा दर्ताको निर्णय भएपछि जग्गावालाले जग्गा नापजाँच भएको वर्षदेखि चालु आ.व.सम्मको मालपोत स्थानीय निकायमा बुझाउनुपर्ने,
- जग्गाधनी प्रमाण पुर्जा दिने।

**मञ्चको सुझाव** : फिल्ड बुकमा जोताहा भएको मात्र हेर्दा बेदर्तावाल मोही छुट्ने भएकाले फिल्डबुकमा जोताहा नदेखिएपनि परम्परादेखि मोहीको रूपमा काम गर्दै आएको किसानलाई सर्जमीनका आधारमा जोताहा एकीन गरी जग्गा उपलब्ध गराउनुपर्ने। ५ रोपनी भन्दा कम जग्गा भएका परिवारको नाममा चालु आर्थिक वर्षको मात्रै मालपोत लिई जग्गा दर्ता गरी दिने।

**बिर्ता जग्गा दर्ता**ः समितिले पेशगर्न लगाउने वा बुझ्नुपर्ने कार्यका अतिरिक्तः

- क श्रेणीको बिर्ता जग्गा भए प्रचलित कानुनले तोकेको प्रमाण समेत दाखिल गर्न लगाउने,
- ख श्रेणीको बिर्ता भए सम्वन्धित व्यक्तिबाट लगत,कुत,कवुलियत,जोताहा अस्थायी निस्सा माग गर्ने,
- फिल्डबुकबाट देखिएका जग्गाधनी बुझी बिर्ता जग्गा हो होईन यकिन गरी दर्ताको निर्णय गर्ने।
- जग्गा दर्ताको निर्णय पश्चात क श्रेणीको बिर्ता जग्गावालाले २०१६ साल देखि चालु आ.व.सम्मको मालपोत स्थानीय निकायमा बुझाउनुपर्ने,
- ख श्रेणीको बिर्ता जग्गावालाले रजिष्ट्रेशन प्रयोजनको लागि कायम भएको न्यूनतम मूल्यांकनको दश प्रतिशतले हुने रकम र चालु आ.व.को लागि तोकिएको मालपोतको सातदोव्वरले हुने रकम मालपोतमा दाखिल गर्नुपर्ने,
- जग्गाधनी प्रमाणपुर्जा दिने।

**मञ्चको सुझाव** : टोली खटिई फिल्डमा नै शिबिर राखी बिर्ता जग्गा जोताहाको नाममा दर्ता गर्नुपर्ने। किर्ते गरी अन्यले दर्ता गरेको जग्गाको दर्ता खारेज गरी जोतभोग गर्ने किसानको नाममा दर्ता गर्नुपर्ने। रजिष्ट्रशन प्रयोजनको लागि तोकिएको मुल्यको २ प्रतिशत मात्र लिने व्यवस्था हुनुपर्ने। मालपोत १ वर्षको मात्र लिनुपर्ने।

**स्ववासी जग्गा दर्ता**ः समितिले पेशगर्न लगाउने वा बुझ्नुपर्ने कार्यका अतिरिक्तः

- जग्गाको फिल्डबुकमा स्ववासीसंग प्रत्यक्ष सम्वन्ध राख्ने घरवारी, घडेरी, करेसावारी, घर, गोठ,मतान, कटेरो जस्ता विरह र नाणी नक्शामा सोही वमोजिमको संकेत रहे नरहेको बुझ्ने,
- जग्गा दर्ताको निर्णय भएपछि जग्गावालाले जग्गा नाप जाँच भएको वर्षदेखि चालु आ.व.सम्मको मालपोत स्थानीय निकायमा बुझाउनुपर्ने,
- जग्गाधनी प्रमाणपुर्जा दिने ।

**मञ्चको सुझाव** : उल्लेखित प्रमाण नपुगेका निवेदन परेकोमा सूचना जारी गर्ने र सोमा उल्लेखित प्रमाण नभएपनि दावी विरोध र सोको पुष्टी हुने आधार नभएकोमा दर्ता गर्ने । एक वर्षको मात्र मालपोत लिनुपर्ने । जग्गा दर्ता गर्दा उनीहरूले भोग गरिरहेको जग्गा सबै दर्ता गर्नुपर्ने ।

**वेनिस्सा जग्गा दर्ता** : समितिले पेशगर्न लगाउने वा बुझ्नुपर्ने कार्यका अतिरिक्तः

- जग्गाको फिल्डबुकमा व्यक्तिको नाम र विरहमा आवादी अर्थ आउने व्यहोरा भए नभएको यकिन गर्ने,
- जग्गा दर्ताको निर्णय भएपछि जग्गावालाले जग्गा नाप जाँच भएको वर्षदेखि चालु आ.व.सम्मको मालपोत स्थानीयनिकायमा बुझाउनुपर्ने,
- जग्गाधनी प्रमाण पुर्जा दिने ।

**मञ्चको सुझाव** : एक वर्षको मात्र मालपोत लिनुपर्ने । जग्गा दर्ता गर्दा उनीहरूले भोग गरिरहेको जग्गा सबै दर्ता गर्नुपर्ने ।

**गुठी अधिनस्थ जग्गा दर्ता**ः समितिले पेशगर्न लगाउने वा बुझ्नुपर्ने कार्यका अतिरिक्तः

- जग्गा नापी हुँदा जग्गाको फिल्डबुकमा जोताहा र गुठीको नाम उल्लेख भएको,
- गुठी अधिनस्थ जनाई जोताहा कायम गरी जग्गा दर्ताको निर्णय गर्ने,
- जग्गा दर्ताको निर्णय भएपछि जग्गावालाले जग्गा नापजाँच भएको वर्ष देखि चालु आ.व.सम्मको कुत गुठी कार्यालय वा गुठीको काम गर्ने मालपोत कार्यालयमा बुझाउनुपर्ने, जग्गाधनी प्रमाण पुर्जा दिने ।

**मञ्चको सुझाव** : जग्गा नापी हुँदा जग्गाको फिल्डबुकमा जोताहा र गुठीको नाम उल्लेख भएको बाहेक नापीको समयपछि पनि विभिन्न समयमा जिल्लास्तरमा समिति बनी जोताहा कायम गरेको जग्गा र गुठीको जग्गा कमाईरहेका तर जोताहा कायम नभएकाहरूलाई पनि समेट्नुपर्ने । जोताहाले कमाईरहेका सबै प्रकृतिका गुठी जग्गा जोताहाको नाममा दर्ता गरी जग्गाधनीपुर्जा दिने । चालु वर्षको मात्र कुत लिई दर्ता गर्ने व्यवस्था हुनुपर्ने ।

**पुनर्स्थापन वा स्थानान्तरणको लागि जग्गा**ः

- पुनर्वास वा स्थानान्तरणको लागि सरकारी जग्गा आवश्यक पर्ने भएमा समितिको सिफारिसमा कार्यकारी समितिले जाँचबुझ गरी जग्गा दर्ता गर्ने निर्णय गर्ने ।
- पुनर्वास वा स्थानान्तरणको लागि वनक्षेत्रको जग्गा आवश्यक पर्ने भएमा कार्यकारी समितिले प्रचलित कानुनको अधिनमा रही जग्गा दर्ता गर्ने निर्णय गर्ने ।

**मञ्चको सुझाव** : पुनर्वास वा स्थानान्तरणको लागि बनक्षेत्रको जग्गा आवश्यक पर्ने भएमा कार्यकारी समितिले प्रचलित कानुनको अधिनमा रही जग्गा दर्ता गर्ने निर्णय गर्नेको ठाउँमा प्राधिकरणले आवश्यक निर्णय लिन सक्ने व्यवस्था हुनुपर्ने ।

### विविध व्यवस्था

- पुनर्वास वा स्थानान्तरणको लागि जग्गा दर्ता गर्दा कुनै शुल्क वा रकम नलाग्ने,
- जग्गा दर्ता गर्दा क्षतिग्रस्त घरबास भएको कित्ता दर्ता गर्ने,

**मञ्चको सुझाव** : यो व्यवस्थाले समस्याको निकास दिदैंन । कतिपयको क्षतीग्रस्त घरबास भएको ठाउँमा पुन घरबास गर्न नसकिने अवस्था हुन्छ । फेरी उही प्रकृतिको जग्गा कसैको दर्ता गर्ने र कसैको नगर्ने गर्दा समुदायमा द्धन्द्ध बढेर जान्छ । पुनर्निमाणको कामले शान्ती ल्याउनुपर्छ । सर्वस्व गुमाएका भूकम्प पिडितलाई साँचो अर्थमा मद्दत पुर्‍याउन गुठी, बिर्ता, स्ववासी, बेनिस्सा जग्गा जोतभोग गर्ने व्यक्तिको नाममा दर्ता गर्नुपर्ने ।

- निवेदन प्राप्त भएको मितिले ६० दिन भित्र निर्णय गरिसक्नुपर्ने,
- पुनर्स्थापन स्थानान्तरणमा प्राप्त भएको जग्गा तोकिएको अवधिसम्म बेचबिखन गर्न नपाइने,
- यस कार्यविधिमा उल्लेख नभएको विषयमा प्रचलित कानुन वमोजिम हुने ।

भूकम्प पीडितहरूको बास छैन । खाने कुराको अभाव छ । सबै सम्पत्ति सिद्धिएको छ । उसबाट जग्गा नापजाँच भएदेखिकै कुत, तिरो लिने भन्ने कुरा नत व्यवहारिक छ । नत विवेकसम्मत नै छ । यो व्यवस्था हुनु हुदैंन । जग्गा धनी पुर्जा उपलव्ध गराउँदा पती-पत्नी दुवै भएको परिवारमा संयुक्त पुर्जा दिनुपर्दछ ॥

पुनर्निमाण भनेको भत्केका घरको ठाउँमा अर्को घर मात्र उभ्याउने हुदैं हैन हिजोदेखिका अन्यायपूर्ण व्यवस्था र विग्रेका विषयलाई पनि सपार्ने हो । भूकम्पबाट बढी प्रभावित जिल्लामा गुठी, बिर्ता, बेदर्तावाल मोही, सुकुमबासी, बेनिस्सा आदि अनेकन समस्या रहेको छ । यि समस्यालाई छिन्ने गरी कार्यविधि बनाउनुपर्छ । यतिखेर यस विषयमा सबभन्दा बढी ध्यान सभासद्, प्रमुख जिल्ला अधिकारी र स्थानीय निकायको जानुपर्ने देखिन्छ ।

# विस्थापित भन्छन्, हाम्रो पुनर्स्थापना कहिले हुन्छ ?


बैशाख ३ गते जिल्ला प्रशासन कार्यालय धुन्चेमा जिल्ला भूमि अधिकार मञ्चको आयोजनामा भूमि समस्या सामाधान विषयक छलफल कार्यक्रममा सहभागी भएका हाकु गाविसका विस्थापितहरूले हामी विस्थापितको पुनर्स्थापना कहिले हुन्छ ? सिडियो साप भन्दै प्रश्न गरे। जिल्लाका सरोकारवाला निकाय, राजनीतिक दलसहितको उपस्थिति रहेको कार्यक्रममा विस्थापितको प्रश्नमा प्रमुख जिल्ला अधिकारी कृष्णप्रसाद अधिकारीले भने, हामी विकल्प खोजिरहेका छौं तर विस्थापितलाई कहाँ राख्ने, कहाँ पुनर्स्थापना गराउने भन्ने विषयमा अझै टुङ्गो लागिसकेको छैन। यसको टुङ्गो राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले लगाउने हो, हामी समन्वय गर्छौ र गरिरहेका छौं। प्रमुख जिल्ला अधिकारीले यसो भनिरहँदा विस्थापितहरू भने सन्तुष्ट देखिँएनन्। उनीहरूको मुहार प्रफूल्लित छैन। विस्थापितहरू जतिसक्दो चाँडो सुरक्षित र नयाँ घरमा बस्न चाहन्छन् तर त्यसको टुङ्गो लागेको छैन।

विस्थापितहरू भन्छन्, भूकम्पले सबै घर भत्कायो, बसोबास गर्ने र खेतीपाती गर्ने जमिन छियाछिया भयो अव कहाँ जाने ? गाउँ फर्कने सम्भावना छैन, कति दिन यस्तो असुरक्षित शिविरमा बस्ने ?

विस्थापितहरू भन्छन्, शिविरमा बसेका हामीलाई अन्य मानिस सरह सोचिँदैन। अरूलाई सरकारले २ लाख रुपियाँ सहयोग र ३ लाख रुपियाँ सहुलियत ऋण दिँदै छ, उनीहरू अव नयाँ घरमा सुरक्षित बस्न पाउँछन्, तर हाम्रो टुङ्गो लागेन, हाम्रो शिविर सानो हावा हुरी आउँदा पनि उडाउँछ, थोरै पानी परेपनि चुहिन्छ, हामी सुरक्षित छैनौं। सधैं डर र त्रासको जिन्दगी मात्र कति बाच्ने ?

गत बैशाख १२ गते गएको भूकम्पले गाउँनै जोखिममा परेपछि हाकु गाविसबासी आफ्नो थातथलोबाट विस्थापित भएका हुन्। हाकु गाविस आफैंमा विकट गाविस हो। गाविससम्म सडक सञ्जाल नजोडिएको अति नै भिरालो पहाडै पहाडले ढाकेको हाकु गाविस सदरमुकाम आमनु-सामुने छ। तर, सदरमुकामदेखि गाविससम्म पुग्न एकदिन

**भूकम्पले सबै घर भत्कायो, बसोबास गर्ने र खेतीपाती गर्ने जमिन छियाछिया भयो अव कहाँ जाने ? गाउँ फर्कने सम्भावना छैन, कति दिन यस्तो असुरक्षित शिविरमा बस्ने ?**





पैदल यात्रा कष्ठसँग जोखिमयुक्त बाटो हिड्नुपर्छ। उब्जाउयुक्त जमिनको अभाव छ हाकुमा। हाकुबासी भूकम्प अघि पनि ज्यादै कष्ठकर जीविका बाचिरहेका थिए। दुर्भाग्यबस भूकम्पको कारण लगभग पुरै गाविस विस्थापनको जोखिममा पुग्यो।

यतिबेला हाकुबासी आफ्नो पुरानो बासथलोबाट विस्थापित भई जिल्लाकै अन्यत्र गाविसमा शिविरमा बसोबास गरिरहेका छन्। हाकु गाविस वडा नं. ९ र ८ का विस्थापितहरू जिल्लाकै लहरेपौवा गाविस वडा नं. १ नौबीसे क्याम्प नं. १ मा १२०, बोगटीटार क्याम्प नं. मा २ मा ९२, लहरेपौवा गाविस वडा नं. ८ काभ्रेमा ६२ परिवार, ठूलोगाउँ गाविसको शान्तिबजारमा ७ परिवार नुवाकोट गेर्खु गाविसको बेत्रावती सातबीसे ३१ र सिम्मुटारमा ७ परिवार छन्।

हाकु गाविस वडा न. २, ३, ४, ५, ६, ७ का विस्थापितहरू २३५ घरधुरी भने सदरमुकाम धुन्चे वरिपरि खाली रहेको जमिनमा अस्थायी टहरा बनाइ बसोबास गरिरहेका छन्। धुन्चे क्षेत्रमा विस्थापितहरू केबु टोल, कृषि फार्मको जमिन, जिल्ला प्रहरी कार्यालय र जिल्ला विकास समितिको वरिपरि र नेपाल विद्युत प्राधिकरण कार्यालय नजिक रहेको खाली जमिनमा बसोबास गरिरहेका छन्।

हाकु गाविस वडा नं. ८ बाट विस्थापित भइ लहरेपौवा गाविस वडा नं. १ बोगटीटार क्याम्प २ मा बसोबास गरिरहेका विस्थापित क्याम्प संयोजक पीडित छेकु तामाङ भन्छन्, हामी विस्थापित छौं। हामी जग्गाको चर्को भाडा तिर्न बाध्य छौं। जग्गाधनीहरूसँग दिनकै विवाद् चर्कदै गएको छ। जग्गावालाहरू आउँदो असारभन्दा उता बस्न दिँदैनौं भनिरहेका छन्। सरकारले केही विकल्प दिएको छैन, आफ्नो पुरानो बासथलो फर्कने सम्भावना छैन, हामी कहाँ जाने ?

विस्थापित छेकु तामाङ भन्छन्, हामीले हाम्रो समस्या पटक पटक जिल्लाका प्रमुख जिल्ला अधिकारी, सासंद् र राजनीतिक दललाई पनि सुनाएका छौं तर हामी विस्थातिको हकमा के हुने भन्ने विषयमा केही टुङ्गो लागेको छैन। हामी बालबच्चा, अपाङ्ग, गर्भवती महिला र बृद्धाबृद्धाकालाई कहाँ लगेर राख्ने ? के हामी नेपाली नागरिक होइनौं ?

विस्थापित हाकु गाविस ९ की मिनकुमारी तामाङ भन्छिन्, हामी शिविरमा कष्टसाथ बसेका छौं। एउटै छानोमुनी परिवारका धेरै सदस्य बसिरहनु पर्दा हामी महिलालाई ज्यादै अप्ठयारो भएको छ, तर हामीसँग विकल्प छैन। उनी भन्छिन्, ट्वाइलेटको समस्या छ, खानेपानीको समस्या छ, बालबालिका विद्यालय पठाउन समस्या छ। विद्यालयमा अरूको बालबालिका खाजा बोकेर आउँछन्, हामी पठाउन सक्दैन, हाम्रो छोरोछोरी विद्यालय जान नै मान्दैनन्। शिविरमा छौं कतै काम पाइदैन, खाद्यन्न अभाव छ, सरकार र सङ्घ सङ्स्थाले वितरण गर्न पनि छाड्यो, अव हामी भोको हुने अवस्थामा पुगेका छौं। उनी भन्छिन्, न त हामीसँग कुनै रोजगारीको विकल्प छ नत खेतीपाती गरी अन्न उब्जाएर खाने जमिन नै छ। यस्तो पीडामा बाँचेका हामीलाई सरकारले कहिले व्यवस्थापन गर्छ अन्योलमा छौं। ✿

**प्रस्तुती : विश्वास नेपाली**

### २६ बैशाख २०७३ मा सम्माननीय राष्ट्रपति विद्यादेवी भण्डारीद्वारा प्रस्तुत गरिएको नेपाल सरकारको नीति तथा कार्यक्रम २०७३/७४ मा समेटीएको भूमि मुद्दा

३२. भूमिको सदूपयोग र दिगो विकासमा योगदान हुने गरी भू-उपयोग ऐन ल्याइनेछ। जमिनको स्वामित्व अनिवार्य स्वघोषणा गर्ने व्यवस्था लागू गरिने छ। वैज्ञानिक भूमि सुधार कार्यान्वयन गर्दै एकपटक सबैकालागि भूमिमा पहुँच सुनिश्चित गरी सधैंकालागि सुकुमबासी समस्या समाधान गर्नेतर्फ सरकारले गर्नेछ। यसका साथै मुक्तकमैया र हलिया पुनर्स्थापनाको कार्य यसै आर्थिक वर्षभित्र सम्पन्न गरिने छ।

३३. भूमिप्रशासनमा समयानुकूल सुधार गर्दै जग्गाको नाप-नक्सा तथा भौगोलिक सूचनाको शुद्धता र विश्वसनीयतामा वृद्धि गरिने छ। भूमि प्रशासन एवम् भूमि व्यवस्थापन कार्यमा नवीनतम प्रविधिको उपभोग बढाइने छ।



झलक सुवेदी

# भू-उपयोग ऐनको मस्यौदा : एक समीक्षा

नेपाल सरकारले भू-उपयोग नीति २०७२ पारित गरिसकेको र नयाँ संविधानले पनि भूमिका सम्बन्धमा प्रष्ट सिद्धान्तहरू अङ्गिकार गरिसकेको सन्दर्भमा भू-उपयोगका सम्बन्धमा ब्यवस्था गर्न नयाँ ऐनको मस्यौदा तयार भएको छ। प्रस्तावित मस्यौदामा भूमिहीन किसान, कृषि श्रमिक, आवासका लागि आफ्नो स्वामित्वमा जमिन नभएकाहरू या मोहीहरूको हितका पक्षबाट हेर्दा केहि परिमार्जन गर्नैपर्ने देखिन्छ ता कि ऐनको कार्यान्वयन पछि भूमिमाथि उक्त समुदायको पहुँच स्थापित होस् र अधिकतम् लाभ प्राप्त हुने गरी नेपालको समग्र प्राकृतिक स्रोतको उपयोग गर्न सकियोस्।

वास्तवमा यो ऐनले भूमिपतिहरू या जग्गाधनीहरूको जग्गाको व्यवस्थापनको कुरा मात्र गर्छ, जमिन नभएका, पर्ति या सार्वजनिक जमिन कमाएका, भूमिमा स्वामित्व नभएका तर कृषि पेशा अपनाएका किसानहरूको बारेमा केहि पनि बोल्दैन।

## सन्दर्भ

वितेका २५ वर्षमा नेपालमा आर्थिक, जनसाङ्ख्यिक र राजनीतिक क्षेत्रमा उल्लेख्य परिवर्तन भएका छन्। आर्थिक पक्षबाट हेर्दा रोजगारी (६४ प्रतिशत) र कुल गार्हस्थ उत्पादनमा (३३ प्रतिशत) कृषि क्षेत्रको योगदान छ। यो हरेक दशकमा उल्लेख्यरूपमा घट्दो क्रममा छ। एउटा विराधाभाष छ कि कृषिक्षेत्रले ६४ प्रतिशत रोजगारी सिर्जना गरेपनि देशले खाद्यान्नमा परनिर्भरता, कृषिजन्य वस्तुको आयातमा असामान्य वृद्धि ब्यहोरिरहेको छ। झण्डै ५२ प्रतिशत किसान सिमान्त वर्गमा पर्छन्। उनीहरू खेती त गर्छन् तर पेटभर खान र आफ्नो सम्पत्ति छ भनेर समाजमा ईज्जत प्रतिष्ठासहित बाँच्न पनि पाउँदैनन्।

जनसाङ्ख्यिक पक्षबाट आइरहेका परिवर्तनले पनि हाम्रो अर्थसामाजिक पक्षहरूमा गम्भीर प्रभाव पारेका छन्। गाउँबाट सहरतिर बसाई सराईँमा उल्लेख्य बृद्धि। सहरीकरण र रियलस्टेटको विकाससँगै घडेरीका रूपमा खेतीयोग्य जमिनको उपायोग, तिव्र खण्डीकरण। पानीका सतह र भूमिगत स्रोतको अत्यधिक दोहन र कतिपय पानीका स्रोतहरू सिमसारहरूको विनास।

श्रमशक्तिको आन्तरिक तथा बाह्य बसाईसराईँमा तिव्र विस्तार। श्रमशक्ति विदेशीने क्रम बढेर झण्डै ४० लाख श्रमयोग्य उमेरका मानिसहरू विदेशीएको। ५६ प्रतिशत घरपरिवारमा रेमिट्यान्स जान थालेकोले परिवारको आर्थिक स्रोतहरू बदिलिएको देखिन्छ। यसले खेतीगर्ने प्रवृती, त्यसका लागि चाहिने श्रमको अभाव हुँदै गएको छ। परम्परागत कृषिले जीविकोपार्जन गर्न कठिन भएका, जमिन थोरै भएका या नभएका किसानहरूलाई कृषिबाट गैरकृषितर्फ लैजाने काम गरेको छ।

परिणामत् कृषिमा श्रमशक्तिको अभाव, जमिन बाँझो रहने प्रवृत्तिमा वृद्धि, जङ्गलले ओगटेका क्षेत्रको विस्तार, रेमिट्यान्स आधारित अर्थतन्त्र, कृषिमा महिलाहरूको सहभागितामा बृद्धि, अनुपस्थित जग्गाधनीहरूको सङ्ख्यामा वृद्धि हुँदै गएको छ। यसबाट ग्रामीण क्षेत्रमा सडक, सञ्चार, विद्युतीकरण र बजारको विस्तार भएसँगै अर्थतन्त्रमा संरचनागत परिवर्तनका आधारहरू तय भएको छ। निर्वाहमुखी कृषिले अव निर्वाह नै नहुने अवस्था आएको छ।माओवादी जनयुद्ध, कमैया कमलरी र हलिया प्रथाको अन्तको घोषणा, द्धैध स्वामित्वको अन्तको कानुनी व्यस्था, आईएलओ १६९ प्रति जनजाति आदिवासीको आन्दोलन, भूमिहीन, मोही र गरिब किसानहरूको आन्दोलन, दलितहरूलाई आवासको लागि एकपटक जमिन उपलब्ध गराउने व्यवस्थासहित सामाजिक न्यायको सिद्धान्त स्वीकारेको नयाँ संविधान तथा भू-उपयोग नीतिले पनि प्रचलित भूमिसम्बन्धी ऐनका व्यबस्थाहरूमा परिमार्जन परिवर्तन खोजेका छन्।

स्थानीय निकाय र प्रदेशहरूलाई भूमि व्यवस्थापनमा महत्वपूर्ण अधिकार भएको संवैधानिक व्यवस्थाअनुरूप आगामी वर्षसम्ममा स्थानीय सरकारहरूको निर्वाचनको तयारी चलिरहेको छ। यो बदलिँदो आर्थिक, जनसाङ्ख्यिक र राजनीतिक सन्दर्भमा अर्थतन्त्रलाई परम्परागत संरचनाबाट बाहिर निकालेर कृषिलाई उत्पादनमुखी बनाउन, नयाँ प्रविधि र व्यावसायीकस्वरूप दिई उत्पादकत्व बढाउन, खाद्य सुरक्षासहित कृषि उपजमा आत्मनिर्भर बन्न, कृषि र भूमिको अन्योन्याश्रित सम्बन्धलाई नयाँ ढङ्गले परिभाषित गरी समग्र प्राकृतिक स्रोतको उपयोग तथा त्यसको प्रतिफलको वितरणमा सामाजिक न्याय स्थापित गर्न आवश्यक देखिएको छ।

कृषि क्षेत्रको रोजगारीप्रति आत्म विश्वासको र आत्म सम्मानको पुनर्स्थापना, उत्पादकत्व वृद्धि, कृषि भूमिको उच्चतम प्रयोग, वन क्षेत्रको निश्चित हिस्सामा कृषि र कृषकको अर्थोपार्जनसँग सामाज्यशता, खण्डिकरणमाथि रोक, आवासको अधिकार निश्चितता, अव्यवस्थित सहरीकरणका कारण भइरहेको जमिनको खण्डिकरण र कृषि भूमिको दूरूपयोगमाथि नियन्त्रण। मुक्त गरिएका हलिया, कमैया, कमलरी, भूमिहीन किसान, कृषि श्रमिक र महिला किसानसमेतको जीवनका आधारका रूपमा

जमिनको स्वामित्व र भोग अधिकारको प्रश्न हल गर्नुपर्ने जस्ता पक्षलाई व्यवस्थापन गर्नुपर्ने देखिन्छ। प्रस्तावित ऐनले त्यसलाई कानुनी आकार दिनुपर्ने हुन्छ। यसै सेरोफेरोमा प्रस्तावित ऐनमा कृषि क्षेत्र र किसानसँग सम्बन्धित पक्षबाट रहेका व्यवस्थालाई पर्गेल्ने प्रयास गरिने छ।

### प्रस्तावित भूमि ऐन

ऐनको प्रस्तावना सकारात्मक छ। प्रस्तवनामा भनिएको छ "सीमित भूमिमाथिको पहुँचलाई समतामुलक बनाई भूमिमा आश्रित प्राकृतिक स्रोतको महत्तम उपायेग गर्ने वातावरणको सिर्जना गरी यसको उपयोगलाई दिगो वातावरणपयोगी एवम् व्यवस्थित बनाउन, कृषि भूमिको उचित संरक्षण गरी कृषि उत्पादन बढाउन तथा भूमि स्रोतबाट प्राप्त हुने लाभलाई न्यायोचित ढङ्गबाट वितरण हुनसक्ने अवस्थाको सिर्जना गर्न वान्छनिय भएकोले।"

प्रस्तावनामा भनिएको छ, भूमिको उपलब्धता थोरै छ, भूमिमाथिको पहुँचलाई समतामुलक बनाउन आवश्यक छ, यसलाई वातावरणीय दृष्टिले समेत दिगो बनाई उत्पादन बढाउन र समाजमा यस्तो उत्पादन या लाभको वितरण न्यायोचित ढङ्गले गर्नु आवश्यक छ। प्रस्तावनाले अहिलेको भूमि वितरण प्रणालीमा असमानता विद्यमान रहेको र यसको न्यायोचित वितरण आवश्यक छ भनेर स्वीकार गरेको छ। हामीले भू-उपयोग नीति र भू-उपयोग गर्ने सम्बन्धमा बनेको ऐनलाई यहि सिद्वान्तका आधारमा परख गर्नुपर्छ।

### ऐनमा भएका प्रमुख कुराहरू

क) भूमिको वर्गिकरण, मस्यौदाले भूमिलाई कृषि, आवासिय, व्यावसायिक, औद्योगिक, वन, सार्वजनिक उपयोगलगायत सात क्षेत्रमा क्षेत्रमा विभाजन गरेको छ। यो वर्गिकरण भू-उपयोग नीति २०६९ मा आधारित छ। पछि भू–उपयोग नीति २०७२ मा भूमिको वर्गिकरणमा केहि क्षेत्र थप गरी ११ प्रकार बनाइएको छ। यसकारण प्रस्तावित मस्यौदामा यी नै ११ प्रकारलाई समावेश गरिने निश्चित नै छ।

क) कृषि क्षेत्र ख) आवासीय क्षेत्र ग) व्यवसायिक क्षेत्र घ) औद्योगिक क्षेत्र ङ) खानी तथा खनिज क्षेत्र च) साँस्कृतिक तथा पुरातात्विक क्षेत्र छ) नदी तथा ताल तलैया क्षेत्र ज) वन क्षेत्र झ) सार्वजनिक उपयोग तथा खुला क्षेत्र ञ) निर्माण सामग्री (ढुङ्गा बालुवा गिटी) उत्खनन् क्षेत्र ट) आवश्यकताअनुसार तोकिएका अन्य क्षेत्र। यसरी वर्गिकृत गरिएको जमिनलाई ऐनले तोकेको विधिअनुसार एकपटक वर्गिकरण गरिसकेपछि अन्य प्रयोगमा ल्याउन पाइने छैन, । त्यसरी परिवर्तन गर्नुपरेमा आवश्यक प्रक्रिया पुऱ्याएर र सम्बन्धित निकायको स्वीकृती लिएर मात्र गर्न सकिने छ।

**कृषिमा श्रमशक्तिको अभाव, जमिन बाँझो रहने प्रवृत्तिमा वृद्धि, जङ्गलले ओगटेका क्षेत्रको विस्तार, रेमिट्यान्स आधारित अर्थतन्त्र, कृषिमा महिलाहरूको सहभागितामा बृद्धि, अनुपस्थित जग्गाधनीहरूको सङ्ख्यामा वृद्धि हुँदै गएको छ।**

ख) सङ्स्थागत ढङ्गले सम्बन्धित निकायबाट अनुमति प्राप्त नगरी तोकिएको क्षेत्रको जग्गा अन्य प्रयोजनका लागि उपयोग गर्न नपाइने।

कृषि भूमिलाई बाँझो राख्ने प्रवृत्तिलाई निरुत्साहित गर्ने, कृषिमा वैज्ञानिक भूमि सुधार गर्न किसानलाई प्रोत्साहित गर्ने, तीन वर्षसम्म जमिन बाँझो राख्ने या अन्य प्रयोजनका लागि दावी गरी उपयोगमा नल्याइएको जग्गाको उपयोगबारे राज्यले आदेश दिनसक्ने, जमिन बाँझो राख्ने जग्गाधनीलाई सरकारले दिने सुविधा कटौती गरी भूमिकर शतप्रतिशतसम्म बढाउन सक्ने, कुनै कारणबाट जग्गाधनीले खेती गर्न नसकेको या नचाहेको अवस्थामा विभागले त्यस्तो जमिन खेती गर्न चाहनेलाई उपयोगको अधिकार दिन सक्ने छ। त्यसबापत जग्गाधनीले उत्पादनमाथि दावी गर्न पाउने छैन।

- भूमिको खण्डिकरणलाई निरुत्साहित गर्न उपायहरू अवलम्बन गर्ने
- जग्गा ओगटेर राख्ने प्रवृत्तिलाई निरुत्साहित गर्ने
- व्यक्तिको जग्गा राज्यले सार्वजनिक उपयोग या विकास निर्माणका सन्दर्भमा अधिग्रहण गर्दा उचित क्षतिपूर्ति दिने
- सहकारी खेती गर्न चाहनेलाई प्रोत्साहनको व्यवस्था
- भू-उपयोगको आधारमा कर प्रणालीको व्यवस्था
- व्यक्तिलाई भू-स्वामित्वको अविच्छिन्न अधिकार दिइएको छ। सार्वजनिक हितका लागि वाहेक राज्यले कसैको निजी जमिनमाथि हक जमाउन पाउने छैन
- खण्डीकरण रोक्न र तोकिएको क्षेत्रको जमिन अन्य प्रयोजनमा जान नदिन नगरविकास कार्यक्रमलाई नियमन गर्ने व्यवस्था

ग) केन्द्रमा यो ऐन र भू-उपायोग नीति कार्यान्वयन गर्न भू-उपयोग परिषद्को गठन-राष्ट्रिय योजना आयोगका उपाध्यक्षसहित विभिन्न मन्त्रालयका सचिवहरू रहने गरी यस्तो परिषद्को गठन गरिने छ। यस्तो समितिमा विज्ञहरूबाट एक जना महिलासहित दुईजना मनोनित गर्ने व्यवस्था छ। केन्द्र, क्षेत्र र जिल्लमा भू-उपयोग समन्वय समिति गठन गरिने व्यवस्था गरिएको छ।

घ) जिल्लास्तरमा भू-उपयोग समितिको गठन गर्ने, यस्तो समिति गठन नहोउञ्जेल

नापी र मालपोत कार्यालयको समन्वयमा कार्य गर्ने

ङ) मौजुदा उपयोगसम्बन्धी : मस्यौदाको धारा ३८ ले कुनै जग्गाधनीले घरवास गरी आएको घरजग्गा कारणवस सार्नुपरे उसलाई उसको उत्पादनमा कमी नआउने गरी अन्य ठाउँमा बन्दोवस्त गर्ने भनिएको छ।

च) भू-उपायोग सम्बन्धी सिद्वान्त, जग्गाको अधिग्रहण, भोगाधिकार

- ऐनले व्यक्तिलाई अन्य सम्पत्ति सरह जमिनको उपयोग, भोगचलन र बेचविखन गर्ने अधिकार स्वीकार गर्छ
- व्यक्तिको अधिकारलाई सार्वर्जजनिक हितका लागि बाहेक राज्यले सङ्कुचित गर्न नपाउने
- यदि सरकारले कुनै व्यक्तिको स्वामित्वमा रहेको जग्गा सार्वजनिक हितका लागि उपायोगमा ल्याउन अधिग्रहण गर्नुपरेमा उचित क्षतिपूर्ति दिनेछ
- दफा- ३५ को ग मा धार्मिक तथा ऐतिहासिक उपयोगमा आएका जग्गाहरूको विद्यमान भू-उपयोग परिवर्तन गर्न अनुमति नदिइने भन्ने उल्लेख छ।

### सुझावहरू

- भूमि हस्तान्तरणको प्रक्रिया अनुपस्थित जमिनदार या बाँझो जमिनबाट थालनी गर्ने, परम्परागतरूपमा बसोबास रहेका थातथलोहरूमा दर्ता नभएको जमिन समुदाय या परिवारका नाममा या बसोबास गरिरहेका व्यक्ति या भोगचलन गरिरहेकाका नाममा दर्ता गरिने प्रष्ट अवधारणा, जमिन खरिद गर्न या जमिन उत्पादकत्व बृद्धिका लागि पूँजीगत लगानीका लागि आवश्यक रकमको व्यवस्था सहुलियतपूर्ण ऋणका माध्यमबाट गर्न ऐनमा प्रष्ट व्यवस्था हुनुपर्दछ।
- बाँझो रहेको या अनुपस्थित जमिनदारको जमिन राज्यले प्रक्रिया पुऱ्याएर स्वामित्व हस्तगत गरी गरिब तथा भूमिहीन किसान, कमैया, कमलरी, हलिया, हरूवा या कृषि श्रमिकलाई स्वामित्व हस्तान्तरण गर्न आर्थिक (बैंक ऋण या किस्तावन्दीका हिसावमा) सहयोग गर्ने गरी प्रष्ट व्यवस्था गर्ने।
- राज्यको मातहत आइसकेको जमिन काम गर्न चाहने किसानलाई २५ वर्षदेखि बढीमा ३५ वर्षसम्मका लागि करारमा कमाउन दिन सकिने व्यवस्था गर्ने, त्यसमा गरिने पूँजीगत लगानी (खेत सम्याउने, विराउने या कुलो बाँध आदि बनाउन) को लागत राखी पछि राज्यले किसानबाट जमिन फिर्ता लिँदा त्यसको क्षतिपूर्ति दिने गरी व्यवस्था गर्ने। यस्तो करारको जमिन धितो राखि बैंकबाट कर्जा पाउन सक्ने गरी कानुनी व्यवस्था गर्ने। यी दुवै व्यवस्थाको लागि परिच्छेद '२' दफा चारको उपदफा ३ मा रहेको "उपयोगमा नरहेको जमिनलाई समुचित प्रयोगमा ल्याउन राज्यले तोकिए बमोजिम व्यवस्था मिलाउने छ।" भन्ने बुँदालाई आधार बनाउन सकिने छ। तर यसले पनि किसानका पक्षमा काम गर्ने निश्चित नभएकोले त्यसलाई तोकेरै उक्त दफामा व्यवस्था गर्नु वान्छनिय देखिन्छ। यसैगरी दफा १५ मा उपयोगमा नरहेको भूमिको प्रयोगसम्बन्धी व्यवस्था गरिएको छ। तर त्यसमा पनि किसानलाई प्राथमिकतामा राखिएको छैन। यस्तो जमिनको प्रयोगमा कृषि क्षेत्रको हकमा भूमिहीन, सिमान्त किसान या मोही किसानलाई उक्त जमिन प्रयोग गर्न प्राथमिकता दिने व्यवस्था गरिनुपर्ने देखिन्छ।
- धारा ३८ को व्यवस्थामा थप गर्नुपर्ने : यस्तो कार्य गर्दा हाल बसोबास गरिरहेको या जग्गा भोगचलन गरिरहेको किसानलाई त्यस्तो जमिन उसको स्वामित्वमा नभएपनि अन्य ठाउँमा सार्नुपर्दा उसका लागि आवास र उत्पादनमा कमि नआउने गरी जमिन उपलब्ध गराइने छ भनि थप्नुपर्ने।
- दफा ३५ को ग मा धार्मिक तथा ऐतिहासिक उपयोगमा आएका जग्गाहरूको विद्यमान भू-उपयोग परिवर्तन गर्न अनुमति नदिइने भन्ने उल्लेख गरिएकोले गुठी जग्गा कमाई रहेका मोहीहरूको हकमा अन्याय हुन जाने हुँदा त्यससम्बन्धी व्यवस्था हटाउनुपर्ने देखिन्छ। यसलाई मोही किसानको हक निश्चित गरेर बाँकी रहेको भनि प्रष्ट व्यवस्था गर्नुपर्ने देखिन्छ।
- भूमिसम्बन्धी नीति र ऐनको कार्यान्वयन गर्न बनाइने संरचनाहरूलाई नयाँ संवैधानिक व्यवस्थाले तय गरेका सङ्घीय, प्रादेशिक र स्थानीय सरकार (गाउँ पालिका, नगरपालिका, स्वासित क्षेत्र र संरक्षीत क्षेत्र जस्ता) का तहअनुसारका संरचना हुनेगरी बदल्नुपर्ने देखिन्छ।
- भू-उपयोग योजना तर्जुमा र कार्यान्वयन गर्दा लैङ्गिक समावेशी हुनेगरी सरोकारवालाहरूको सहभागिता सुनिश्चित गरिने छ भन्ने भू-उपयोग नीति २०७२ को अवधारणालाई कार्यान्वयन गर्न जोड दिने गरी ऐनमा थप व्यवस्था गरिनुपर्ने देखिन्छ। यसैगरी स्थानीय निकाय, संरक्षित क्षेत्र या विशेष स्वायत्त क्षेत्रका लागि भू-उपयोग सम्बन्धी ऐनका प्रावधानमा तत्‌तत् क्षेत्रका स्थानीय समुदायका विष्टिताअनुरूपको सहभागिता र नीति निर्माणको निश्चितता गरिनुपर्ने देखिन्छ।
- भूमिको उपयोग गर्दा जैविक विविधताको संरक्षण, जलवायु परिवर्तनका प्रभावहरूलाई न्युनिकरण गर्न र दिगो वातावरण मैत्री विकासलाई भरथेग गर्ने कुरालाई ध्यान दिनुपर्छ।

# मस्यौदा भू-उपयोग विधेयकमा बहस

नेपाल सरकारले पारित गरेको भू-उपयोग नीति २०७२ को आधारमा भूमि सुधार तथा व्यवस्था मन्त्रालयले भू-उपयोगसम्बन्धी विधेयकको पहिलो मस्यौदा तयार गरेको छ।

मस्यौदा भू-उपयोग विधयकबारे २०७२ चैत २४ गते राष्ट्रिय बहस भयो । बहस कार्यक्रम सामुदायिक आत्मनिर्भर सेवा केन्द्र, राष्ट्रिय भूमि अधिकार मञ्च, नेपाल र राष्ट्रिय कृषक समूह महासङ्घ, नेपालको संयुक्त आयोजना भएको थियो । मस्यौदामा भूमिहीन किसान, कृषि श्रमिक, आवासका लागि आफ्नो स्वामित्वमा जमिन नभएका सुकुमबासी, मोही किसानहरूको हितमा बनाउनको लागि केही व्यवस्थाहरूमाथि परिवर्तन गर्नुपर्ने देखिन्छ । यही विषयमा राष्ट्रिय बहस आयोजना भएको थियो । कार्यक्रममा सांसद्हरू, भूमि सुधार तथा व्यवस्था मन्त्रालयका सहसचिव, उपसचिव, नापी विभागका उपनिर्देशक, प्रमुख राजनीतिक दलसँग सम्बन्धित किसान सङ्गठनका प्रमुखहरू, सङ्घ सङ्स्थाका प्रतिनिधि र नागरिक अगुवाहरूसहित ३६ जनाको सहभागिता थियो ।

**उद्धब अधिकारी**, अध्यक्ष, राष्ट्रिय कृषक महासङ्घ

भूमि सुधार तथा व्यवस्था मन्त्रालयले तयार पारिरहेको भू-उपयोग विधेयकमा सुझाव दिन र ऐनलाई बलियो र व्यवहारिक बनाउन छलफल कार्यक्रमको आयोजना गरिएको हो । हाम्रा नीतिहरू परस्पर बाझिएका छन् । एकातिर कृषिमा लागिरहेका युवा शक्ति फ्रि भिसा र टिकटमा विदेश उडाइरहेका छौं । अर्कोतिर खेती बाँझो रह्यो भन्ने चिन्ता गरिरहेका छौ । जग्गा बाँझिदै जानु, जमिनहरू गरै कृषि क्षेत्रमा प्रयोग हुनु कृषि प्रधान देशको लागि सुहाउँदो विषय होइन ।

नेपालमा अहिले पनि ३५ लाखभन्दा बढी घर परिवारहरू पारिवारिक खेतीमा आश्रित छौं । हामीसँग भएको पारिवारिक कृषिलाई सुहाउँदो नीति यतिबेलको टड्कारो आवश्यकता हो ।

**जगत देउजा**, कार्यकारी निर्देशक, आत्मनिर्भर केन्द्र

भू-उपयोग ऐनको मस्यौदा तयार भएको छ। जुन पहिलादेखिनै हामीलाई खाँचो थियो र यसलाई राम्रो र व्यवहारिक बनाउने काममा हामी सबै नै लाग्न सकियो भने यसले मुलुकको भूमि व्यवस्थापनलाई राम्रो बनाउन मद्दत गर्छ ।

प्रस्तावना अलिकति फराकिलो हिसाबबाट आएको छ र यसले भूमि स्रोतबाट आउने लाभलाई समन्यायिक हिसाबले वितरण गर्ने सोंचाई राखेको छ। दोस्रो चाहिँ यसको स्थानीयदेखि राष्ट्रियस्तरसम्म संरचना प्रस्ताव गरिएको छ। र धेरै पहिलादेखि यो भूमिको स्रोतलाई सही तरिकाबाट व्यवस्था गर्नको लागि हामीले समुदायतहमा भूमिसम्बन्धी संरचनाहरू हुनुपर्छ र त्यसमा समुदायहरू अगाडि आउनुपर्छ भन्ने विषय उठाउदै आएका थियौँ । स्थानीय निकायलाई र त्यहाँको सार्वजनिक र सरकारी जमिनको उपयोगको अधिकार पनि दिने भन्ने कुरा प्रमुख राम्रो पक्षको रूपमा हामीले मानेका छौ ।

भू-उपयोग ऐन नेपालको सन्दर्भमा अन्तर मन्त्रालयबीच छलफल हुनुपर्ने विषय हो । कृषि मन्त्रालय, वन मन्त्रालय र अहिले मस्यौदा गर्दै गरेको भूमि मन्त्रालय कम्तीमा पनि यि तीन पक्षको छलफलबाट नै यसले एउटा मूर्त रूप लिन सक्छ र भोली कार्यन्वयनमा आउन सक्ने सम्भावना हुन्छ । र यो तीन वटै पक्षको बराबर सहभागिता यो ऐन बनाउने प्रक्रियामा देखिएको छैन । अर्को पक्ष भू-उयोग ऐन बनाउँदा भू-उपयोग नीती, भूमि नीति र कृषि नीतिलाई आधार बनाउनु पर्दछ । यी तीन कुरालाई पृष्ठभूमिमा राखेर यो नीति बनाउन सकिन्छ । वर्गीकरण प्रक्रियामा समुदायको सहभागितालाई हामी कसरी सुनिश्चत गर्न सक्छौ यो प्राविधिक विषय मात्र होइन, प्राविधिक र समुदाय मिलेर छलफल गर्दै सहभागितामुलक तहबाट विश्लेषण गर्दै हाम्रो आफ्नो भेगको जग्गालाई कुन वर्गमा राख्ने भन्ने कुरा उहाँहरूले निर्णय गर्ने कुरा हो । प्राविधिक पनि र समुदायको ज्ञान पनि चाहिन्छ। यो प्रक्रियामा समुदायको सहभागिता जरुरी छ होइन भने हामी व्यवहारमा आउन सक्दैनौ ।

उपयोगलाई स्वामित्वसँग अलग्याएर हेर्न सक्दैनौ । यसमा बढी उपयोगको कुरालाई मात्रै जोड दिइराखेका छौ तर धेरैका भूमिहरू ऐलानी जग्गामा बसिरहेका सुकुमबासी, गुठीमा बसिरहेका किसान, दर्ता नभएका जग्गाहरूलाई कसरी व्यवस्थापन गर्ने भन्ने कुरा पनि सँगै सल्टाएर लैजानुपर्दछ। भूमि विकासको पाटो पनि महत्वपूर्ण छ। भू-उपयोगलाई लागु गर्ने बेलामा थुप्रै द्वन्द्वहरू बढेर जानेवाला छ, सजिलै हामीले तोकिदिएको वर्गमा मान्छे आएर बस्नेवाला छैन, त्यो भू-उपयोग प्रक्रियामा आउने द्वन्द्वलाई कसरी निरूपण गर्ने भन्ने कुराको संयन्त्र पनि यो ऐनमा समावेश हुनुपर्छ। खासगरी कृषियोग्य जमिनको संरक्षण गर्ने र कृषियोग्य जमिनमा साना किसानको अधिकारलाई पनि सुनिश्चित गर्ने गरी यो ऐन आउन सक्नुपर्छ।

**गोपाल गिरी**, *उपसचिव, भूमि सुधार तथा व्यवस्था मन्त्रालय*

पहिलेको भू-उपयोग नीतिमा कृषिलाई बढी प्राथमिकता बसोबासलाई अलि कम दिएका थियौं । फेरी कृषि तथा जलस्रोत समितिबाट भू-उपयोग नीति परिमार्जनको लागि निर्देशन भयो र भू-उपयोग नीतिलाई तुरुन्तै परिमार्जन गरेर २०७२ असोज ७ मा लागु गरियो । यो ऐनमा जग्गाको वर्गीकरण गर्दा ११ वटा क्षेत्रको विषयमा प्रस्ताव गरिएको छ । भू-उपयोग कार्यक्रम लागु भएपछि त्यो सम्बन्धित कार्यालयमा भू-उपयोग योजना र क्षेत्रको नक्सा सम्बन्धित नापी कार्यालयमा उपलब्ध गराउने र सरोकारवालाबाट माग भएको भू-उपयोग नक्सा क्षेत्र सबैलाई उपलब्ध गराउन सकिने छ ।

कुनै एक उपयोगको लागि निर्धारित जग्गा अरू उपयोगमा लगाउन नहुने भन्ने कुरा नीतिमै छ । सुरक्षित वा व्यवस्थित क्षेत्रमा बसोबास गराउन सक्ने भन्नेमा कुनै क्षेत्रमा घरबस्ती रहेको क्षेत्रलाई असुरक्षित वा अव्यवस्थित क्षेत्र घोषणा गरी स्वक्षेत्रमा बसोबास गर्नबाट रोक लगाइ सुरक्षित तथा व्यवस्थित क्षेत्रमा बसोबासको प्रवन्ध गराउने भन्ने छ ।

ऐनको महत्वपुर्ण भाग हो भू-उपयोगका आधारमा करप्रणाली निर्धारण गर्ने घरघडेरी वापत तोकिएको सङ्ख्याभन्दा बढी जग्गा राख्ने प्रवृत्तिलाई निरुत्साहित गर्ने थप कर लगाउने, जग्गा खाली राख्ने जग्गाधनीलाई थप कर लगााउने । यी लगायत महत्वपूर्ण विषयहरू यो ऐनमा समेटीएका छन् ।

**मा.काशीनाथ अधिकारी**, *सदस्य, कृषि तथा जलस्रोत समिति*

आजको बदलिदै गरेको नेपालमा यो छलफल पहिलो विषय बन्नु पर्ने हो । भूमिसम्बन्धी वैज्ञानिक व्यवस्थापन नगरेसम्म यो समस्या समाधानतर्फ एक कदम पनि अघि बढ्ने अवस्था छैन । यो विषयलाई राज्यले पहिलो प्राथमिकता दिई छलफलमा रहेको विधेयकको ठिक ढङ्गले निष्कर्षमा पुग्ने हो भने समस्या समाधानको लागि राम्रो अवसर छ । भूमि व्यवस्थापन निकै महत्वपूर्ण भएको र नक्साङ्कनअनुसार जहाँ जे गर्ने त्यहाँ त्यहीअनुसार हुनुपर्ने र कडा कानुन बनाएर कृषि भूमि जोगाउनतीर लाग्नुपर्ने हुन्छ । यो विषयको गम्भीरतालाई ध्यानमा राखेर बजेट बिनियोजन हुनुपर्‍यो । विषयको मर्म बुझाउन अर्थमन्त्री र प्रधानमन्त्रीलाई ध्यान आकर्षण गराउनुपर्छ । भूमि वर्गीकरणको तरिका ठिकै भएको र अब नक्साङ्कनको आधारमा प्रयोग गर्नेतर्फ लाग्नुपर्दछ ।

**गणेशप्रसाद भट्ट**, *नापी विभाग, सहसचिव*

जे गर्ने हो । समयमा नै गरौं । अब धेरै ढिला भइसकेको छ । सबैभन्दा ठूलो कमजोरी भनेको नीति कागजमा मात्र सिमित रहनु हो । बन्दै गरेको विधेयकले भू-उपयोग नीतिलाई मात्र कभर गर्न खोजेको हो । यसर्थ भूमि नीतिलाई यो विधेयकले समेट्न सके नसकेको हेर्नु बढी सान्दर्भिक होला । भूमिसम्बन्धी धेरै सवाल भएको र अहिले सबै समेट्न खोज्दा हामी हराउँछौ । त्यसैले भू-उपयोग नीतिको स्कोपमा बसेर नीतिलाई कार्यान्वयनमा लैजानाको लागि यहाँहरूबाट व्याबहारीक सुझाव आउँदा मस्यौदा व्यावहारिक बन्ने छ । प्रविधिक पक्षको कुरा गर्दा विश्वमा भू-उपयोग योजना बिना विकास गर्न खोजिएको देश नेपाल मात्र होला जस्तो लाग्छ । हामी जहा जाँदा पनि भू-उपयोग योजना खोई भन्दा अनुत्तरीत हुन परेको र नक्साङ्कनलाई प्रथामिकतामा राखेर स्थानीय तहबाटनै भू-उपयोग नीति बनाउन तर्फ घच्घच्याउन लाग्नुपर्यो ।

**डा.केशव खडका**, *अखिल नेपाल किसान महासङ्घ*

भू-उपयोगभन्दा असाध्य सिमित अर्थमा बुझ्ने प्रयास भाछ र त्यो सिमितता भित्र पनि यो नीति सङ्कुचन भएर आको छ । भू-उपयोग नीति भनेको भूमिलाई व्यतिगत सम्पत्तिमा रहेको टुक्राहरूलाई कसरी मेरो नाममा रैकर भन्ने सिमित दृष्टिकोणले परीभाषित गर्न खोज्यौ भने गलत हुन्छ तर भूमिलाई स्रोत साधनको रूपमा मात्र होइन । यसको उपयोगीतामा ल्याएर घट्दै गरेको कुल ग्राहस्थ्व उत्पादनलाई उकास्न लाग्नु पर्दछ । भू-उपयोगलाई फराकिलो हिसावले बुझ्नुपर्दछ । खाद्यसम्प्रभुताको दृष्टिकोणबाट सोचिनुपर्दछ ।

**नागेन्द्र झा**, *सहसचिव, भूमि सुधार तथा व्यवस्था मन्त्रालय*

भू-उपयोग नीति २०७२मा उत्पादनको कुरालाई कसरी बढाउने, वातावरण सन्तुलन कसरी राख्ने भन्ने कुराहरू समावेश छन् । ११ वटा क्षेत्रमा वर्गीकरण भएको कुरामा कमेन्ट आएको छ, यो निरन्तर परिवर्तन भइराख्ने हो । कृषि तथा जलस्रोत समितिले ५ वर्ष भित्रमा भू-उपयोग सम्बन्धि देशभरमा नक्सा बनाउ भनेको थियो । तर अहिलेको स्रोतलाई विचार गर्दा २० वर्ष लाग्छ जस्तो छ । समितिले दिएको लिखित सुझाव पनि कार्यन्वयन भएको छैन गत वर्ष पनि भू-उपयोगलाई २५ करोडको बजेट थियो । यसपाली पनि त्यहि बजेट आएको छ ।

बाजुरा जिल्लामाकति ठाउमा बसोबास गर्न सकिन्छ भनेर अध्ययन गर्दा के देखियो भने १९७ हेक्टर जग्गामा मात्र बसोबासको लागि उपयोगी रहेछ बाँकी सबै जङ्गलको लागि उपर्युक्त रहेछ । सरक्षित बसोबबासको लागि ३० प्रतिशतभन्दा बढी भिरालो हुनुभएन । यो ऐन भविष्यमा हामीलाई धेरै उपयोगी हुने हुँदा यसलाई असारभित्र छिनोफानो गरेर संसद्‌मा पुर्‍याउनुपर्छ ।

**नहेन्द्र खड्का**, *महासचिव, अखिल किसान महासङ्घ, क्रान्तिकारी*

संविधानको प्रस्तावनामा रहेको समाजवाद शब्दलाई मूल आधार मानेर हाम्रो भूमि नीति पुनःपरिभाषित हुन जरुरी छ । नयाँ भूमि नीति ल्याउन जरुरी छ र त्यो भूमि नीतिको आधारमा भूमि ऐन ल्याउनु पर्छ । भूमि नीति निकै महत्वपूर्ण छ । खण्ड खण्डको छलफलले हामी व्यापकतातिर गइरहेको छैनौ । प्रस्तावित विधेयकमा म्यापिङ तल्लो लेभलबाट गर्ने भन्ने छ त्यो सम्भव छैन, त्यो भू-उपयोग निति लागु गर्न राष्ट्रिय म्यापिङ हुन जरुरी छ ।

**भानु सिग्देल**, *सभापति, नेपाल किसान सङ्घ*

भू-उपयोग नीति कृषि भूमिमा भएको अनियमित प्रयोग रोक्नको लागि आएको हो । यो आउनु आफैंमा सकारात्मक पक्ष हो । यसलाई जतिसक्दो चाँडो कार्यान्वयनमा लैजानु आवश्यक छ ।



**डा. कृष्ण पौडेल**, *फरेष्ट एक्शन*

यो ऐन विरोधाभाषपूर्ण छ। नीति निमार्णको प्रक्रिया कति ठिक छ ? समृद्धिको मार्गचित्र नबनाईकन भू-उपयोगको कुरा असम्भव छ। भूमि नीति लागु गर्न दिर्घकालिन सोच र राजनीतिक प्रतिवद्धता चाहिन्छ। किनभने २०२१ सालमा घोषणा गरेको ऐन लागु नभएको स्थिति छ। अहिले बनेको ऐन लागु हुने कुरा कसरी पत्याउन सक्छौं। हामी नेपालको भू-उपयोग र भूमि सुधारप्रति साँच्चिनै संवेदनशिल हुनुपर्छ। अबको राजनीतिक नेतृत्वले यसको स्वामित्व लिनुपर्छ। भूमिको सवाल समाधान कम्तिमा सय वर्षको भू-उपयोग योजना विना सम्भव छैन। यो समस्या समाधान गर्न दुरदृष्ट्रि आवश्यक छ।

**यमुना घले,** *स्वीस सरकार विकास सहयोग कार्यक्रम*

अहिले जुन विधेयक बनेको छ यसले आफ्नो महत्व बुझ्फेन की जस्तो लागीरहेको छ। सामाजिक न्यायको पाटोबाट हेर्दाखेरी अहिले हामी जुन भूमिपतिहरूको कुरा गर्छौ र भूमिहीनहरूको कुरा गर्छौ त्यो पाटो कँहि पनि समेटिएको छैन। ऐनमा भूमिको सामाजिक महत्व झल्केको छैन। उत्पादन सम्बन्धको कुरा वर्गीय सवाल हो। हाम्रा पार्टीहरूको घोषणा पत्र र पहिलादेखिकै दस्तावेज हेरियो भने देखिन्छ तर कार्यान्वयन गर्ने पक्ष एकदम कमजोर देखिँदै आएको छ। हामी देख्छौं संविधानले प्रष्टसँग भनेको छ, खाद्य सम्प्रभुता। खाद्य सम्प्रभुता भित्र खाद्य अधिकार र खाद्य सुरक्षाको कुरा छ। अनि त्यो भित्र कृषि क्षेत्रको कुरा गरेको छ। यो भन्दा ठूलो आधार हामीलाइ अरू के हुन्छ ? अर्को वैज्ञानिक भूमि सुधार भन्ने पक्ष त्यहाँ उजागर गरेकै छ संविधानले भनेपछि त्यो हाम्रो लागि महत्वपूर्ण आधार हो। यी आधारमा हामी दरो भएर टेक्नुपर्छ।

**जाल्पा भुसाल**, *अखिल नेपाल किसान महासङ्घ*

कुन खेतीयोग्य जमिन हो कुन होइन, कहाँ घर बनाउन हुन्छ कहाँ हुँदैन, यो निर्धारण गर्ने काम सरकारको हो। आहिले संविधान बनेर नियम कानुन बनिरहेको बेला कडा नीति बनाएनौ भने, खेतीयोग्य जमिन सबै नासिने छ र हामी कृषि प्रधान देशका जनता खान नपाएर मर्न पर्ने हुनेछ। भू-उपयोग कानुन बनाउनेतर्फ सहभागी सांसदहरूले कडा आवाज उठाउनु पर्दछ।

**मा. केशब बडाल**, *पोलिटव्यूरो सदस्य, नेकपा एमाले*

भूमिसम्बन्धी सम्पूर्ण समस्या समाधान गर्नुपर्छ भन्ने आवाज उठाउदै आएको ४० वर्ष पुग्न लाग्यो। भूमि सुधार आयोग त अझ पछि आएर गठन भएको हो र त्यो बनेको पनि २०/२२ वर्ष भइसक्यो।

राज्य आफैंले भूमि सुधारको खाका कोरेर भूमि सुधार गरेको मुलुक जापान, ताइवान र साउथ कोरिया हुन्। हदबन्दी घटाउने, चक्लाबन्दी गर्ने, वेदर्तावाल मोहीलाई मोहीयानी दर्ता गरेर मोहीको पक्षमा हुने गरी दोहोरो स्वामित्व अन्त्य गर्ने कुरा छ। खेती गरिएको गुठी जग्गालाई रैकर गर्ने भन्ने छ।

भू-उपयोग नीतिलाई प्रभावकारी कार्यान्वयन गर्ने, आकाशे तथा जमिन मुनिको पानीसमेत उपयोग हुने खालको राम्रो सिँचाइको व्यवस्था गर्ने, २० हजार किलो मिटर कृषि सडक बनाउने, नेपाली स्रोतमा निर्भर कृषि उद्योग सञ्चालन गर्ने, प्रत्येक गाँउमा व्यवस्थित कृषि सहकारी निर्माण गर्ने, कृषि श्रमिकको सञ्चय कोषको व्यवस्था गर्ने भनिएको छ। खासगरी ऐन ल्याउदा छुट्टाछुट्टै भन्दा पनि एकीकृतरूपमा ल्याउनुपर्छ। भू-उपयोग ऐनलाई लागु गर्नपर्छ भन्नेमा म पनि सहमत छु तर हामी भावनात्मक विषयमा मात्र होइन व्यवहारिकरूपमा अघि बढ्नु जरुरी छ।

**ल्यामबहादुर दर्जी**, *अध्यक्ष, राष्ट्रिय भूमि अधिकार मञ्च, नेपाल*

छलफल राम्रो भयो, विषयवस्तु महत्वपूर्ण उठे। धेरै विचारणीय सवालहरू पनि बाहिर आएका छन्। यी विचारहरूले अव ठाउँ पाउछन् कि पाउँदैनन् भन्ने चिन्ता बढेको छ। हामीलाई थाहा छ एअरपोर्टको बारेमा प्रधानमन्त्रीलाई धेरै चिन्ता हुन्छ। तर धेरै जनतासँग जोडिएको भूमिको बारेमा प्रधानमन्त्रीलाई कहिल्यै चिन्ता हुन्न। हाम्रा राजनीतिक दलहरू आफ्नो घोषणा पत्र र दस्तावेजहरूमा भूमिको मुद्दा व्यापक लेख्ने तर कार्यान्वयनमा माखो नमार्ने, यसरी कति समय चल्छ र ? अव गम्भीर हुनु जरुरी छ की छैन ?

भूमि सुधार, कानुन मन्त्रालय, कृषि समितिमा यस्ता ऐन मस्यौदामै अल्झिरहने हो भने जनताको समस्या समाधान कहिले हुने ? यसको खोजी नीति हुनु आवश्यक छ। यो छलफलमा भूमि ऐनको बारेमा विषय उठे यो सकारात्मक पक्ष हो। अब हामी विश्वास गर्न सक्छौं, साच्चै प्रभाकारी भूमि ऐन बन्ने छ र जनताले वर्षौंदेखि भोग्दै आएका समस्या समाधान हुनेछ। ✪



नरीराम लोहार

# हलिया समस्या र पुनर्स्थापनाका सम्भावना

कानुनतः हलियाहरू यतिबेला मुक्त छन् । उनीहरूको सामाजिक पुनर्स्थापनाका लागि सरकारी र गैरसरकारी क्षेत्रबाट केही प्रयास पनि भइरहेका छन् । तथापि पुनर्स्थापना प्रक्रियामा देखिएका केही ब्यवहारिक कठिनाइले सकारात्मक परिवर्तनका उदाहरण र सन्तुष्टिका स्वरहरू आउन सकेका छैनन् । यस अवस्थामा सरकारी निकाय, हलिया सवालमा क्रियाशील सङ्स्था र हलिया समुदाय स्वयम् सक्रिय भई कसरी पुनर्स्थापना प्रक्रियालाई ब्यवस्थित बनाउन सकिन्छ भन्ने उपाय खोज्न सामुदायिक आत्मनिर्भर सेवा केन्द्रको सहजीकरण र जिल्ला भूमि अधिकार मञ्चको अगुवाईमा बैतडी र डडेल्धुराको ९ गाविसका ५३ हलिया समुदायमा अध्ययन गरिएको छ ।

अध्ययनबाट देखियो, ठाउँअनुसार हलियाको अवस्था, सोच र आवश्यक्ता फरक फरक छ । एउटै खालको योजनाले सबै हलियालाई सही सम्बोधन गर्दैन । स्रोतको पनि सही उपयोग हुँदैन । बैतडी विशालपुरका हलियालाई सुरक्षित बासको आवश्यक्ता छ । ८५ परिवारसँग अंश लाग्ने जग्गा छ तर ५० परिवार पहिरोको जोखिममा छन् ।

कुवाकोटमा सिप दिए पुग्छ । घरबासका लागि जग्गा छ । भारतमा ज्यालादारी गर्छन् । घर बनाउने, रङ्गरोगन गर्ने सिप चाहिएको छ । डडेल्धुरा नौगाउँका हलियासँग जग्गा छ । सिँचाइ, मल, बीउको आवश्यक्ता भने छ । चिपुर, भद्रपुरमा बाँझो जग्गा छ । त्यसलाई उपयोगमा ल्याउन सकेमा सस्तो र भरपर्दो पुनर्स्थापना त्यही हुन्थ्यो ।


तथ्याङ्क सङ्कलन र वर्गीकरणमा पुनर्विचार नगर्ने हो भने वास्तविक हलियामाथि अन्याय हुन्छ । वर्गीकरण गर्दा जीविका र सामाजिक पक्ष पनि हेर्नुपर्छ । बैतडीको विशालपुरका हलियाको तथ्याङ्कमा नाम छैन । जहाँ अहिले पनि हलो जोतीरहेका छन् । डडेल्धुराको भागेश्वरमा अधियाँ खेत कमाउँछन् । हलिया बस्दाको भन्दा बढी समस्या छ । सित्तड डोलमा बस्ने हलियाहरूको घर र जग्गा छ । तर त्यो जग्गा उनीहरूको होइन । अरूकै नाममा छ । पहिरो लागेपछि उनीहरूले छोडेका हुन् । जुनसुकै बेला हटाउन सक्छन् । सित्तडकै पुने सार्कीको नाममा १५ रोपनी जग्गा छ । तर त्यसमा ४० परिवारको अंश लाग्छ । डडेल्धुरामा “घ” वर्गको परिचय पत्र पाएका हलियाले २३ रोपनी जग्गा रहेको बताए । चिपुरका भानी सार्की गगन सिंह बिष्टको हलिया हुन् । ४ रोपनी पाखो जग्गा छ । श्रीमती बिरामी छिन् । भारतमा ज्यालादारी गर्छन् । नागरिकता नहुँदा परिचय पत्र बनाउन पाएनन् ।

पुनर्स्थापना अभियानसँगै जागरण अभियान पनि आवश्यक छ । सबै हलियाहरू ब्यवहारिकरूपमा मुक्त भएका छैनन् । दूरदराजका हलियाहरूलाई मालिकसँगको सम्बन्ध बिग्रिन्छ कि, भन्ने डर छ । सित्तडमा २ सय ५५ परिवारमध्ये १ सय ७० जनाले साहुको ऋण तिर्नुपर्ने कुरा गरे । ३१ जनाले मालिककै भरमा बाँचेको बताए । डडेल्धुरा चिपुरका हलियाहरू द्वन्द्वकालमा ऋण खारेजीसहित मुक्त गरिएका हुन् । तर उनीहरूले ब्याज तिर्ने गरी अर्को ऋण लिएर हलिया वापतको ऋण तिरेका छन् । चिपुरका ९५ जना हलिया मध्ये ५२ जनाले ऋण तिरेको बताए । ७ जनाले जग्गा लिई हलो जोतेकोमा ४ जनाले जग्गा पनि छोडे । हलो जोत्न पनि छोडे । ७ जनाले मात्रै ऋण नतिरी हलो जोत्न छोडेका बताए । अध्ययन गरिएका ९ गाविसमा १३४ जनाले अहिले पनि जोतीरहेको बताए ।

हलियाको पहिचान, वर्गीकरण र पुनर्स्थापनका लागि मापदण्ड बनाई स्थानीय निकायलाई जिम्मेवारी दिनुपर्छ । तथ्याङ्क सङ्कलन गर्दा मापदण्ड नबनाइएकाले वर्गीकरणमा समस्या भएको हो । कसैले दलित जतिलाई हलिया भनेर सूचना ल्याए । कसैले हलिया र खलियासँगै जोडेर ल्याए । कसैले चलन चल्तीमा जसलाई हलिया भन्थे, उसैको तथ्याङ्क ल्याए । वर्गीकरण गर्दा घर र जग्गा हेरियो । तर त्यसको क्षेत्रफल, जोखिम, स्वामित्व, उपयोगिता विचार

**पुनर्स्थापना अभियानसँगै जागरण अभियान पनि आवश्यक छ । सबै हलियाहरू ब्यवहारिकरूपमा मुक्त भएका छैनन् । दूरदराजका हलियाहरूलाई मालिकसँगको सम्बन्ध बिग्रिन्छ कि, भन्ने डर छ ।**

गरिएन । वर्गीकरणसँगै पुनर्स्थापनाको पनि मापदण्ड निर्धारण गरिनुपर्छ । घर जग्गाको हकमा तोकिएको छ । तर व्यावसायिक तालिम, सहुलियत, शिक्षा, स्वास्थ्य उपचारमा सहुलियतको ब्यवस्था पनि छ, कार्यादेशमा ।



यो सुविधा कुन वर्गकोलाई कतिसम्म दिने भन्ने तोकिएन भने राज्यलाई सहयोग गर्न समस्या हुन्छ। कमजोर हलियाले सहयोग पाउने सम्भावना कम हुन्छ।

दिगो पुनर्स्थापना भनेको जग्गासहित पुनर्स्थापना नै हो। तर जग्गा खरिदलाई मात्र आधार बनाएर पुनर्स्थापना सम्भव छैन। अंशबण्डा, ऐलानी दर्ता, खाली जग्गाको उपयोग, सामूहिक वस्तीलाई पनि पुनर्स्थापना योजनामा जोड्नुपर्छ। अध्ययन गरिएका १ हजार १ सय ७५ परिवार मध्ये ६ सय ५६ जनासँग अंश लाग्ने देखियो। यो पुनर्स्थापनाको लागि अवसर हो। अर्काको जग्गामा बस्ने १ सय २७ जना छन्। उनीहरूमध्ये ५० प्रतिशतभन्दा बढी पछि नामसारी गर्ने गरी घरायासीरूपमा जग्गा किनेर बसेका छन्। उनीहरूको जग्गा दर्ता प्रक्रियामा सघाउन सके सस्तो र भरपर्दो पनि हुन सक्छ। डडेल्धुराका लागि खाली जग्गाको उपयोग बढी उपर्युक्त हुन सक्छ। बाढी पहिरोको जोखिममा रहेको क्षेत्रका लागि सामूहिक बस्तीको योजना पनि आवश्यक छ।

हलिया पुनर्स्थापनाका लागि सामूहिक प्रक्रिया अवलम्बन गरिनुपर्छ। हलियाहरूको समूह बनाई उनीहरूमार्फत नै हलिया पहिचान गर्ने, सहयोगका लागि प्राथमिकता तोक्ने प्रक्रियामा जानुपर्छ। प्राप्त सहयोगको पुरापूर उपयोग गर्न अनुगमन, खबरदारी गर्ने जिम्मेवारी पनि समूहलाई दिनुपर्छ। यो प्रक्रिया सरकार र सहयोगी सङ्स्थाप्रति आउने गुनासो कम गर्न र मुक्त हलियाई समूहप्रति जवाफदेही बनाउन पनि सहयोगी बन्न सक्छ। यो नै समस्या, सम्भावना र स्रोतको विश्लेषण गरी पुनर्स्थापना अभियान सञ्चालन गर्ने उपर्युक्त विधि हुन सक्छ।

हलिया परिवारलाई आयमुलक तथा ब्यावसायका लागि सहयोग गर्दा गरिआएकै पेशा प्रवर्द्धन हुने गरी सघाउनुपर्छ। एकैपटक नयाँ पेशामा सहयोग गर्दा सफल हुने देखिएन। धेरैले आयमूलक कामका लागि लागि गरिबी निवारण कार्यक्रमबाट ऋण लिएका छन्। ब्यावसाय छैन। ऋण कसरी तिर्ने भन्ने समस्या छ। हलिया मुक्त भएपछि सरकार र हलिया महासङ्घमार्फत पनि ब्यावसायिक सिप विकासका लागि तालिम भएका छन्। सिकेको सिपअनुसार काम भएको देखिएन। कृषिको लागि सहयोग गर्ने हो भने अधियाँ कमाउने, भोगबन्धकीमा जग्गा लिएका मान्छेलाई दिँदा सफल भइन्छ। विचार, सिप र अवस्था परिवर्तन नगरी पेशा बदल्नु रहर मात्रै हुने रहेछ।

हलिया पुनर्स्थापनाका लागि अधिकार सम्पन्न छुट्टै संरचना चाहिन्छ। सरकार, सङ्स्था र समुदायको भूमिका उत्तिकै हुनुपर्छ। स्थानीय निकाय बढी जिम्मेवार बन्नुपर्छ। प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा बनेको समिति एउटै अभियानमा केन्द्रित हुन सक्दैन। आफ्नै कार्यालयको काम धेरै हुने। दशौं ठाउँमा जिम्मेवारी पनि। जिल्ला र केन्द्रबाट मात्र काम गर्दा नीतिगत सुधार हुँदै जाने तर स्थानीय तहमा त्यसको कार्यान्वयन नहुने देखियो। बजेट बढेको छ। खर्च भएको छैन। प्राप्त अवसरको उपयोग गर्न र आफू भित्रका समस्या समाधान गर्न सङ्स्था र समुदायको भूमिका बढी हुनुपर्छ। स्थानीय निकायले छानवीन र प्रतिबद्धतासहित सिफारिस गर्ने परिपाटी बसाउनुपर्छ।



कुमार थापा

# समुदायको अगुवाइमा पुनर्निर्माण

२०७२ बैशाख १२ गते नेपालमा गएको भूकम्पले सिन्धुपाल्चोक जिल्ला बढी प्रभावित भयो। यहाँ ३ हजार ५ सय ७० जनाले ज्याम गुमाए। १ हजार ५ सय ७३ घाइते भए। ६३ हजार ८ सय ८५ निजी घर पूर्ण क्षति भयो। ७ सय १० सरकारी तथा सार्वजनिक भवनहरू भत्किए।

एक्सनएड नेपाल र सामुदायिक आत्मनिर्भर सेवा केन्द्रको सहकार्यमा हेलम्बु, किउल, ईचोक, महाङ्काल गाविस र मेलम्ची नगरपालिका वार्ड नं. १ र २ (साविक तालामाराङ गाविस) मा समुदायको आवश्यकता अध्ययनपछि राहत तथा पुनर्निर्माण कार्य सुरु गरियो। यो कार्यक्रम गाविस सङ्यन्त्रसँगको समन्वय र समुदायको अगुवाईमा सञ्चालन गरियो।

सुरुको अवस्थामा गाविसको राहत वितरण तथा समन्वय समितिसँग सहकार्य गरी राहत सामग्री वितरण गरियो। राहत तथा पुनर्निर्माण कार्यक्रममा समुदायको अगुवाइ उल्लेख्य गराइयो।

समुदायले कार्यक्रमको अगुवाई गर्दा उपलब्ध स्रोत सामग्रीको पूर्णरूपमा उपयोग भयो। र, त्यसले समुदायलाई अपनत्व बढायो। समुदाय तहबाटै अनुगमन गराउँदा राहत तथा पुनर्निर्माणका कार्यक्रममा छुट घरधुरी र स्थानीयस्तरका समस्या सल्टीयो। यसले कार्यक्रमलाई प्रभावकारीरूपमा सञ्चालन गर्न अझ मद्दत गर्‍यो।

सङ्स्था, सरकार, राजनीतिक दल र समुदायको प्रतिस्पर्धि होइनन्। त्यसैले पुनर्निर्माणका हरेक कार्यक्रममा सरकारले नेतृत्व गर्नुपर्छ। राजनीतिक दलले कार्यन्वयनमा सघाउनुपर्छ र सङ्घ सङ्स्थाले यी दुवै पक्षसँग सहकार्य गरी पुनर्निर्माणको कामलाई सघाउनुपर्छ। पुनर्निर्माणको हरेक काममा सरकार, राजनीतिक दल, नागरिक समाज र सङ्स्थाबीच सदैव सहकार्य र समन्वय गरी अघि बढ्नु जरुरी छ। यसबाट मात्र सफलता प्राप्त हुन सक्छ।

### हालसम्मका प्रयासहरू

**खाद्यान्न सहयोग** : मेलम्ची नगरपालिका वार्ड नं. १ र २, महाङ्काल, ईचोक, किउल र हेलम्बु गाविसका २ हजार ८ सय २५ परिवारलाई खाद्यन्न (प्रतिघरधुरी २५ केजी चामल, १ केजी दाल, १ केजी चिनी, १ लिटर तेल, १ केजी नुन) वितरण गरियो। यसले भूकम्प पीडित परिवारलाई १५ दिनको लागि खाद्यन्नमा सहयोग पुग्यो।

**अस्थाई आवास** : हेलम्बु, किउल, ईचोक, महाङ्काल र मेलम्ची नगरपालिका वार्ड नं. १ र २ का भूकम्पबाट प्रभावित ४ हजार ३ सय ४५ घरधुरीलाई अस्थायी आवास निर्माणमा सहयोग पुर्‍याइयो। २ हजार ६ सय घरधुरीलाई डेढ बण्डल जस्तापाता, १ हजार ७ सय ४५ घरधुरीलाई २ वण्ड जस्तापाता, १ केजीको दरले ३ ईन्च, ४ ईन्च र छाते किला, १ केजी तार, हम्बर, करौती र प्रति ५ घरधुरी बराबर १/१ थान गल, गैती र सावेल वितरण गरिएको थियो। साथै कामका लागि नगद कार्यक्रमअर्न्तगत २ हजार ६ सय परिवारलाई १५ हजार रुपियाँका दरले र १ हजार ६ सय १३ घरधुरीलाई १० हजार २ सय रुपियाँका दरले बैंकमार्फत वितरण गरियो। यसबाट भूकम्प पीडितलाई अस्थायी आवास निर्माण गरी बसोबास गर्नको लागि सहयोग पुगेको छ।

**प्रारम्भीक बाल विकास केन्द्र एवम् अस्थाई शिक्षण केन्द्र निर्माण** : १० वटा विद्यालयमा (तालामाराङको कोलेचौर प्रावि र जागेश्वरी निमावि, महाङ्कालको भञ्याङ र पद्मेश्वरी प्रावि, ईचोकको महेन्द्र उच्च मावि र महाकालेश्वरी निमावि, किउलको चित्रे र सेतीदेवी प्रावि, हेलम्बुको सर्कथली प्रावि र गोल्मादेवी मावि‍मा) बाल विकास केन्द्र एवम् अस्थाई शिक्षण केन्द्र निर्माण भएको छ। बाल विकास तथा शिक्षण केन्द्र बार्नका लागि स्कुलले जस्तापाता उपलब्ध गराएको थियो। साथै यि विद्यालयका १ हजार १ सय २४ विद्यार्थीलाई स्टेशनरी, सिकाई सामग्री, स्कुल ब्याग, स्कुल ड्रेस र ज्याकेट उपलव्ध गराइएको छ।

**महिला सुरक्षित गृह निर्माण** : तालामाराङको चापाँबोट, महाङ्कालको मराम्ची, ईचोकको मानेडाँडा, किउलको चित्रे र हेलम्बुको तिम्बुमा महिला सुरक्षित गृह निर्माण भएको छ। समुदायसँगको समन्वयमा गरिएको उक्त सामुदायिक महिला सुरक्षित गृहमा २ सय ५० परिवारका महिलाहरू लाभान्वित भएका छन्। तामाङ समुदायमा निर्माण गरिएको उक्त गृह दैनिक महिला अधिकार सम्बन्धी छलफल चलाउने र विपदको बेलामा उपयोग गर्न निर्माण गरिएको हो। साथै सोही स्थानमा महिला अधिकारबारे छलफल चौतारी सञ्चालन गरिएको छ। छलफल केन्द्रमा भूमिमा महिला अधिकार, महिला हिंसा, स्वास्थ्य र विभिन्न निकायमा महिलाको प्रतिनिधित्वको विषयमा छलफल भएको थियो।

**जीविकोपार्जनमा सहयोग** : मेलम्ची नगरपालिका वार्ड नं. १ र २, महाङ्काल, ईचोक, किउल र हेलम्बु गाविसका भूकम्पमा परी जीविका गुमाएका १ हजार घरधुरीलाई पुन जीविकामा सुधार ल्याउन सामग्री तथा जिन्सी सहयोग गरियो। तत्काल जीविकोपार्जन सहयोग कार्यक्रमअर्न्तगत ४ सय २२ परिवारलाई भैंसी, २ सय २२ बाख्रा, ६० गाई, ५९ गोरु, ४५ सिलाई मेसिन, ४५ आरन, १४ तरकारी

खेती, १४ खुद्रा पसल, ४६ पानी घट्ट, १८ धान मिल, २४ कुखुरा पालन, २१ माछा पालन, ३ हस्तकला र ७ परिवारलाई ब्याडको राँगो सहयोग गरिएको छ।

**बालबालिका तथा सुत्केरी महिलालाई सामग्री वितरण** : किउल १ सय ८०, ईचोक १ सय ७९ र मेलम्ची नपा १ र २ मा १ सय ४१ गरी ५ सय बालबालिका तथा सुनौलो हजार दिनका आमाहरूलाई सरसफाई लगायतका सामग्री वितरण गरियो। यसबाट विपद्को बेला महिलाहरूलाई धेरै राहत मिलेको छ।

**जाडो मौसमका लागि ब्ल्याङकेट तथा फ्लोरम्याट सहयोग** : हेलम्बु, किउल, ईचोक, महाङ्काल गाविस र मेलम्ची नगरपालिका वार्ड नं. १ र २ का ५ हजार ३ सय ५३ घरधुरीलाई ३/३ वटा ब्ल्याङ्केट र ५ हजार ७ सय ४९ घरधुरीलाई २/२ वटा म्याट्रेस उपलब्ध गरियो।

**त्रिपाल वितरण** : हेलम्बुका ५ सय र मेलम्ची नगरपालिका वार्ड नं. १ र २ का ५ सय गरी १ हजार घरधुरीलाई तत्काल ओत लाग्नको लागि १ हजार वटा त्रिपाल उपलब्ध गराइएको थियो।

**सोलार बत्ती वितरण** किउल, महाँकाल गाविस र मेलम्ची नगरपालिका वार्ड नं. १ र २ का ५०० घरधुरीलाई सोलार बत्ती वितरण गरियो।

**नयाँबस्ती रेडियो कार्यक्रम** : भूकम्पपछि समुदायमा सही सूचना पु¥याउन एवम् पुनर्निर्माणको विषयमा जागरण ल्याउन रेडियो मेलम्चीसँग सहकार्य गरी नयाँ बस्ती कार्यक्रम सञ्चालन गरिएको छ। उक्त कार्यक्रम हाल सिन्धु एफएममार्फत पनि प्रशारण भइरहेको छ। विभिन्न समुदायमा एकीकृत आवाससम्बन्धी समुदायको नेतृत्वमा भइरहेको पहललाई यसले उत्साह थपेको छ। ✿

## महिला छलफल चौतारी

### मेलम्ची नगरपालिका वार्ड नं. १ चापाँबोट

मेलम्ची नगरपालिका वार्ड नं. १ चापाँबोट गाउँ। ५६ जनजाति १२ दलित र २ अन्य गरी ७१ परिवार बसोबास गर्छन्। तामाङ जातिको बाहुल्यता रहेको उक्त समुदायमा २०७२ बैशाख १२ गतेको भूकम्पले धेरै क्षति हुन पुग्यो। गाउँमा भूकम्पको कारण ४ जनाले ज्यान गुमाए। तोकबहादुर तामाङका दुई छोरा पनि त्यसैमा परे। चार जनाको सुखी परिवार थियो उनको तर, अहिले उनी र श्रीमती मात्र बाँकी छन्।

तोक बहादुरका भन्छन्, भूकम्प आयो गयो। तर, यसबाट धन-जनको ठूलो क्षती भयो। उनले पनि भूकम्पपछि धेरै पीडा भोग्नु पर्‍यो। उनी भन्छन्, पीडालाई सेलाएर पुनर्निर्माणमा लागियो। उनी सामुदायिक पुनर्निर्माण समितिका संयोजक चुनिए। फेरी पनि जीवन त चलाउनै पर्‍यो। जीवनमा नयाँ पालुवा उमार्ने आशामा छन्, उनी। भूकम्प त्रास र सन्तान गुमाएको पीडा मात्र सम्झेर बसेको भए त्यस ठाउँमा जो कोही पनि बस्न सक्ने अवस्था हुने थिएन। उनले समुदायलाई राहत वितरण गर्न गराउन धेरै राम्रो सहजीकरण गरे।

समुदायमा रही जीविकोपार्जनमा सुधार ल्याउने र आफ्नो धर्म संस्कृति र रितिरिवाजलाई जोगाउनु पर्छ भन्नेतर्फ पनि ध्यान दिए। जिल्लामा भूकम्प पीडितको सङ्ख्या बढीरहेको अवस्थामा आफ्नो गाउँमा जति भूकम्प पीडित छन्। त्यसलाई एकिन गरी राहत वितरण तथा पुनर्निर्माण समितिमार्फत निगरानी गर्न उनी खटेर लागे। उनकै अगुवामा सबैको अस्थायी घरहरू निर्माण पनि भए।

सामुदायिक पुनर्निर्माण समितिमा विभिन्न सङ्स्था र सरकारको कार्यक्रमबारे छलफल बढ्न थाल्यो। भूकम्पबाट त्रसित भएका महिलाहरूलाई सामाजिक परामर्श दिनुपर्छ भन्ने छलफल भयो। त्यहीअनुसार समुदायमा महिला छलफल चौतारी सञ्चालन भयो। हरेक दिन महिलाहरू २ घण्टा आफ्ना पीडा र भूकम्पबारे छलफल गर्न थाले। बिस्तारै आफ्नो मनबाट भूकम्प र त्यसले पु¥याएका चोटलाई बिर्सन थाले। ७ दलित र १८ जनजातिसहित २५ जना नियमित उपस्थित हुने छलफल केन्द्रमा बिस्तारै महिला हिंसा, महिला अधिकार र भूमिमा महिलाको स्वामित्व र पहुँचको विषयमा छलफल हुन थाल्यो।

छलफलले महिलाहरूमा अझ बलियो र दृढ बन्ने अठोट दियो। छलफल चौतारीकी सदस्य सुकमायाँ तामाङ भन्छिन्, छलफल केन्द्रले हामीलाई पहिलाकै अवस्थामा फर्कन सिकायो। हामी त भूकम्पपछि धेरै फरक परिस्थितिमा पुगेका थियौं तर अहिले धेरै सिकाइ बढेको छ।

सिन्धुपाल्चोक साक्षर घोषित जिल्ला हो। तर, सुकुमायाँको गाउँका महिलाहरू अझै सावा अक्षर छुट्याउन सक्दैनन्। हस्ताक्षर पनि मुस्किल गर्न सक्छन्। तर, छलफल केन्द्रमा उनीहरूले नाम लेख्न सक्ने भए, आफ्नो, परिवार र समुदायको समस्या धक खोलेर बताउन सक्ने भए। महिलाहरू छलफल केन्द्रमा सक्रिय सहभागी हुन थाले।

एक दिन छलफल चौतारीमा महिला स्वास्थ्यसम्बन्धी छलफल भयो। महिलाको पाठेघर खस्ने रोगबारे छलफल हुँदा मुईसानी तामाङ, कोपिला तामाङ सारदा विक र शर्मिला तामाङको आङ खसेको र उनीहरूले धेरै दुःख पाइरहेको खुलेर बताए। छलफलमा रोगको उपचारबारे जानकारी गराइयो। त्यसपछि उनीहरू अस्पताल गए र उपचार गराए। सानो छलफल र सूचनाले उनीहको जीवन फेरियो। यसरी छलफल केन्द्रमार्फत महिलाहरूको जीवनमा धेरै परिवर्तन आउन थालेको सहजकर्ता दिपिका अर्याल बताउछिन्।

दिपिका भन्छिन्, एक दिन छलफल केन्द्रकी सहभागी पन्चमाया तामाङले आफ्नो श्रीमान्को मुटु रोग भएको बताइन्। छलफलपछि उक्त विषय सहयोगको लागि अनुरोध गर्दै फेसबुकमा सेयर गरियो। पछि उनको लागि सरकारबाट १ लाख रुपियाँ उपचार खर्च जुट्यो, पञ्चमायाको श्रीमान् लोकबहादुरको उपचार गर्न मद्दत पुग्यो। उनी भन्छिन्, छलफल केन्द्र धेरै प्रभावकारी हुँदै गएको छ। ✿




## ग्रामीण महिला किसानबारे अन्तरक्रिया

राष्ट्रिय भूमि अधिकार मञ्च, नेपाल र महिला अधिकार मञ्चको संयुक्त आयोजनामा चैत ४ गते ग्रामीण महिला किसानका समस्या र समाधान विषयक अन्तरक्रिया भयो ।

राष्ट्रिय महिला किसान अधिकार मञ्चका अध्यक्ष रेणुका मल्लको अध्यक्षतामा भएको कार्यक्रममा राष्ट्रिय महिला आयोगका सदस्य धनसरी चौधरी प्रमुख अतिथि रहनुभएको थियो । अन्तरक्रियामा कृषि विकास मन्त्रालयका विद्या पाण्डे, महिला अधिकार मञ्च, प्रेरणा, आत्मनिर्भर केन्द्र, एशियाली किसान सङ्गठन र ग्रामीण महिला किसानका प्रतिनिधिसहित २९ जना सहभागी थिए ।

अन्तरक्रियामा महिला किसान मञ्चका सचिव मिरा स्याङ्गतानले जिल्ला तहमा ग्रामीण महिला किसान भेलाबाट पारित भएका विषयहरू प्रस्तुत गर्नुभएको थियो ।

अन्तरक्रियामा बोल्दै कृषि विकास मन्त्रालयका प्रतिनिधि विद्या पाण्डेले महिलाको कामको सम्मान गर्नको लागि समान काम : समान ज्याला कार्यान्वयन नीति बनाई लागू गराउनको लागि कृषि मन्त्रालयले छुटै शाखा विस्तार गरिसकेको जानकारी गराउनुभयो । साथै उहाँले कृषि विकास रणनीति लागू भइसकेको र यसले पनि ग्रामीण महिला किसानहरूलाई धेरै लाभ मिल्ने बताउनुभयो ।

राष्ट्रिय महिला आयोगको प्रतिनिधि धनेश्वरी चौधरीले महिला किसान मञ्च, राष्ट्रिय भूमि अधिकार मञ्च जस्ता सङ्गठनको महिला सशक्तिकरणको उद्देश्य पूरा भएमा महिला आयोगको पनि उद्देश्य पूरा हुने भएकाले सहकार्य गरेर अघि बढ्न आवश्यक रहेको बताउनुभयो । उहाँले महिलाहरू आफैं अधिकार लिनको लागि गाउँ गाउँबाट उठ्नुपर्ने धारणा राख्नुभयो ।

कार्यक्रममा राष्ट्रिय भूमि अधिकार मञ्च, महिला अधिकार मञ्चका अध्यक्षहरूले पनि महिला अधिकार, भूमिमा महिला अधिकारको सवाल, समस्या र मञ्चहरूले गरिरहेको अभियानको बारेमा आआफ्नो धारणा राखेका
थिए ।

ग्रामीण महिला किसानले भोग्दै आएका समस्या र समाधानका सवालहरूलाई राष्ट्रिय बहसको विषय बनाउने र यसको लागि नीतिगत तहमा दबाब दिने उद्देश्यका साथ अन्तरक्रिया कार्यक्रमको आयोजना गरिएको थियो ।

## पुनर्निर्माणको लागि मञ्चको पहल

राष्ट्रिय भूमि अधिकार मञ्च, नेपालको आयोजनामा चैत २१ गते भूकम्पपछिको पुनर्निर्माणमा भूमि सवाल विषयक अन्तरक्रिया कार्यक्रम भयो । अन्तरक्रियामा भूकम्प अतिप्रभावित जिल्लाका सांसद्हरू, गोपाल गिरी, चन्द्र महर्जन, राधा तिमिल्सिना, आङ्गदावा शेर्पा, जनार्दन ढकाल, छोवाङ्ग तेन्जेन तामाङ्ग, राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका सदस्य डा. विष्णुबहादुर भण्डारी, पत्रकारहरू, विभिन्न सङ्घ सङ्स्थाका प्रतिनिधिहरू र भूमिहीन तथा भूकम्प पीडितसहित ५६ जना सहभागी थिए ।

उपस्थित सासंद्हरूसँग भूकम्पपछि सबभन्दा बढी भूमिहीन, सुकुमबासी, एकल महिला, सिमान्तकृत समुदाय अझ बढी प्रभावित भएकाले अबको पुनर्निर्माणमा उनीहरूलाई विशेष प्राथमिकता दिनुपर्ने विषयमा छलफल भयो । सहभागी माननीय सासंद्हरूले आआफ्नो जिल्लामा रहेका भूमिहीन सुकुमबासीहरूलाई अबको पुनर्निर्माण गर्दा विशेष प्राथमिकता दिनको लागि पहल लिने प्रतिबद्दता व्यक्त गरेका छन् ।

राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका सदस्य डा. विष्णु भण्डारीले प्रस्तावित कार्यविधिमा भूमिहीन सुकुमबासी, ऐलानी, स्वाबासी, बिर्ता तथा गुठी पीडितलगायतकाले समेत सरकारद्वारा वितरण गरिने अनुदान र ऋण सहज ढङ्गले प्राप्त गर्न सक्ने बताउनुभयो । उहाँले कार्यविधिलाई सरलीकृत बनाइएको बताउनुभयो ।

कार्यक्रममा राष्ट्रिय भूमि अधिकार मञ्च, नेपालको अध्यक्ष ल्यामबहादुर



दर्जीले १४ अति भूकम्प प्रभावित जिल्लामा बसोबास गर्ने भूमिहीन, सुकुमबासी, एकल महिला, ग्रामीण साना किसानहरू ज्यादा बढी प्रभावित भएकाले उनीहरूलाई सरकारले प्राथमिकतामा राखी पुनर्निर्माण र पुनर्स्थापनामा विशेष सहयोग गर्नुपर्ने बताउनुभयो । भूकम्पको कारण प्रभावित जिल्लाका गरिब वर्ग साच्चै मारमा परेका कारण उनीहरू पुनर्निर्माणको समयमा विशेष प्राथमिकतामा पर्नुपर्ने बताउनुभयो ।



## सुकुमबासी समस्या समाधानबारे अन्तरक्रिया

राष्ट्रिय भूमि अधिकार मञ्च, नेपालको आयोजनामा चैत ११ गते भूमि सुधार तथा व्यवस्था मन्त्रालयमा सुकुमबासी समस्या र समाधान विषयक अन्तरक्रिया भयो। कार्यक्रममा माननीय भूमि सुधार मन्त्री रामकुमार सुब्बा पनि सहभागी हुनुहुन्थ्यो।

अन्तरक्रिया कार्यक्रम राष्ट्रिय भूमि अधिकार मञ्चका अध्यक्ष ल्यामबहादुर दर्जीको अध्यक्षतामा भएको थियो। अन्तरक्रियामा माननीय भूमि सुधार तथा व्यवस्था राज्यमन्त्री विक्रमबहादुर थापा, सहायक मन्त्री दिनेश श्रेष्ठ, सांसद्हरू काशिनाथ अधिकारी, विक्रम पाण्डे, दुलारी हरिजन, रामहरी खतिवडा, हरी उप्रेती, राजाराम स्याङ्तान, पत्रकारहरू र जिल्लातहबाट आएका सुकुमबासी किसान प्रतिनिधिसहित ५७ जना सहभागी थिए।

कार्यक्रममा भूमि अधिकार मञ्चका महासचिव सरस्वती सुब्बाले सुकुमबासीको सवालमा मञ्चको धारणा र अडान प्रस्तुत गर्नुभएको थियो। कार्यक्रममा जिल्लाबाट सहभागी भएका सुकुमबासी किसानका प्रतिनिधिहरूले राज्यका निकायकाहरूले सुकुमबासी बस्तीहरू उठिबास गराइरहेको, सुकुमबासीमाथि ज्यादती गरेका र सुकुमबासीलाई अन्य मानिस सहर व्यवहार नगरेको प्रति दुःखेसो पोखेका थिए। उनीहरूले सुकुमबासीहरूलाई राज्यले अन्य मानिससरह समान हैसियत र अवसर दिनुपर्ने माग राखेका थिए। साथै संविधानमै उल्लेख भइसकेको सुकुमबासीलाई जमिन वितरण गर्ने कानुन चाँडै लागू गरिनुपर्ने माग पनि राखेका थिए।

कार्यक्रममा माननीय भूमि सुधार तथा व्यवस्था मन्त्री रामकुमार सुब्बाले मन्त्रालयको पहलमा ८ जिल्लामा विशेष नापी टोली खटाइएको जानकारी गराउनुभयो। यसलाई अन्य जिल्लामा पनि निरन्तरता पनि योजना रहेको पनि बताउनुभयो। साथै माननीय मन्त्री सुब्बाले सुकुमबासी समस्या समाधान गर्नको लागि सरकारले छिट्टै प्रक्रिया अघि बढाउने बताउनुभयो।

अन्तरक्रियामा सहभागी भएका व्यवस्थापिका सांसद्हरूले सुकुमबासीहरूले मानवले पाउनु न्युनतम अधिकार पनि पाउन नसकेको पाइएकाले तत्काल् सुकुमबासीहरूलाई अधिकार दिनुपर्ने धारणा राख्नुभएको छ। यस्तै सांसद्हरूले सुकुमबासीको पक्षमा राज्यले छिट्टै कानुन बनाई सुकुमबासी समस्या समाधान गर्नुपर्ने यसको लागि आफूहरूले पनि पहल लिने बताउनुभयो।

कार्यक्रममा राष्ट्रिय भूमि अधिकार मञ्च, नेपालका अध्यक्ष ल्यामबहादुर दर्जीले सुकुमबासीहरूको समस्या झनझन् थपिँदै गएकाले यथासक्य चाडो सरकारले समाधान गर्नुपर्ने बताउनुभयो।

## जिल्ला सम्मेलन भयो

जिल्ला भूमि अधिकार मञ्च, नवलपरासीको चौथो जिल्ला सम्मेलन भयो। सम्मेलनले अञ्जु कुमालको अध्यक्षतामा १२ सदस्यीय नयाँ जिल्ला कार्य समिति चयन गरेको छ। जिल्ला मञ्चका नयाँ चयन भएका समितिहरूमा उपाध्यक्षमा जुलेखा खातुन, सचिवमा विमल थापा, कोषाध्यक्षमा मञ्जु श्रेष्ठ, सदस्यहरूमा पूर्ण चौधरी, पोगनारायण थारु, सुमित्रा बोटे, होमबहादुर मुसहर, टोलबहादुर परिवार, राम अवतार हरिजन, शुम मानन्धर र पूर्णकुमार बोहोरा रहेका छन्। सम्मेलन सम्पन्न गर्नको लागि माझि मुसहर कल्याण समिति, इन्द्रेणी सामाजिक विकास केन्द्रको सहयोग रहेको थियो। जिल्ला सम्मेलनले नवलपरासीमा रहेका जल्दाबल्दा भूमि समस्या समाधान गर्नको लागि १७ बुँदे घोषणा पत्र जारी गरेको छ।

यस्तै, जिल्ला भूमि अधिकार मञ्च कपिलवस्तुको जिल्ला सम्मेलन भएको छ। सम्मेलनले निरपत थारुको अध्यक्षतामा ९ सदस्यीय जिल्ला समिति चयन गरेको छ। सम्मेलनबाट उपाध्यक्षमा नाजमा खातुन, सचिवमा कमला परिवार, सहसचिवमा मञ्जु थापा, कोषाध्यक्षमा चन्द्रशेखर ठाकुर, सदस्यहरूमा अशोक हरिजन, कमला गुरु, राममाया मल्लाहा, शोभावती पासी र सकिमान मानसरी रहेका छन्।

यस्तै, जिल्ला भूमि अधिकार मञ्च, सिन्धुपाल्चोकको पनि जिल्ला सम्मेलन भएको छ। सम्मेलनले ग्याल्जेन लामाको अध्यक्षतामा ९ सदस्यीय नयाँ समिति चयन गरेको छ। जिल्ला भूमि अधिकार मञ्चको नयाँ चयन भएका पदाधिकारीहरूमा उपाध्यक्ष फुर्वास्याङ्बो दोङ, सचिव सिता भुजेल, कोषाध्यक्ष, अष्टमान तामाङ, सदस्यहरूमा, इन्द्र लाल श्रेष्ठ, रामबहादुर श्रेष्ठ, नवराज गुरागाँई रहेका छन्।

## भूमि समस्या समाधान गर्न सरोकारवाला छलफल

जिल्ला भूमि अधिकार मञ्चको आयोजनामा जिल्ला प्रशासन कार्यालय धुन्चेमा बैशाख ३ गते समाधान हुन बाँकी रहेको भूमि समस्या समाधानबारे छलफल भयो । छलफलमा प्रमुख जिल्ला अधिकारी कृष्णप्रसाद अधिकारी, मालपोत प्रतिनिधि, नेपाल प्रहरी तथा सशस्त्र प्रहरीका डिएसपी, राजनीतिक दलका नेताहरू, स्थानीय सामाजिक सङ्घ सङ्स्थाका प्रतिनिधि, विस्थापित क्याम्पका प्रतिनिधि, गुठी, बिर्ता र सुकुमबासी किसानका प्रतिनिधिलगायत जिल्ला भूमि अधिकार मञ्चका अगुवाहरू सहभागी थिए ।

कार्यक्रम जिल्ला भूमि अधिकार मञ्च रसुवाकी अध्यक्ष चित्रकुमारी न्यौपानेको अध्यक्षतामा भएको थियो । छलफलको क्रममा राष्ट्रिय भूमि अधिकार मञ्च, नेपालका सचिवालय सदस्य भवानीप्रसाद न्यौपानेले रसुवा जिल्लामा रहेको भूमि समस्याहरू बिर्ता, गुठी र सुकुमबासीको सवाल जटिल रहेकाले त्यसको तत्काल समाधान गरिनुपर्ने बताउनुभयो । उहाँले सदियौंदेखि कायम रहेको बिर्ता प्रथाको कारण आजसम्म पनि किसानहरूले दुःख पाइरहेकोले यस्तो समस्या तत्काल समाधान गरी किसानहरूको हातमा पुर्जा वितरण गरिनुपर्ने बताउनुभयो ।

जिल्ला भूमि अधिकार मञ्च रसुवाकी अध्यक्ष चित्रकुमारी न्यौपाने भूमि समस्याले गर्दा किसानहरू धेरै अवसरबाट वञ्चित भइरहनु परेको बताउनुभयो । उहाँले यतिबेला भूकम्पले सबैको घरबास विहीन बनाएको छ, यस्तो समस्यबाट अझ बढी भूमिहीन, महिला, साना किसान र बिर्ता तथा गुठी पीडित किसानहरू मारमा परेका छन्, यसैले जति सक्दो भूमि समस्या समाधान गर्नको लागि जिल्लाका सरकारी निकाय र राजनीतिक दलले पनि सहयोग गरिदिनु आग्रह गर्नुभयो ।

कार्यक्रममा बोल्दै प्रमुख जिल्ला अधिकारी कृष्णप्रसाद अधिकारीले भूमि समस्या जटिल रहेको र यसको समाधानको लागि मन्त्रालयस्तरमा नै पहल गरिन जरुरी रहेको बताउनुभयो । उहाँले भन्नुभयो, जिल्लामा रहेको बिर्ता, गुठी, सुकुमबासी र अहिलको विस्थापितको समस्या जटिल छ, यसको लागि जिल्लामा क्रियाशील राजनीतिक दल र भूमि अधिकार मञ्चले संयुक्त पहल गरी मन्त्रालय तहमा निर्णय गर्ने वातावरण बनाउनुहोस्, हामी जिल्लामा आइपर्ने सबै समस्या फुकाउन सदैव सहयोग गर्न तयार छौं । उहाँले अहिले राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको कार्यविधिअनुसार प्राधिकरणले पनि धेरै बाँकी रहेका भूमि समस्या समाधान गर्ने भएकाले प्राधिकरणसँग पनि भूमि अधिकार मञ्चले बरोबर छलफल गर्न आवश्यक रहेको बताउनुभयो ।

सुकुमबासी किसान मुरली नेपालीले आफू वर्षौदेखि सामुदायिक वनको सार्वजनिक जमिनमा बसोबास गर्दै आएको तर अहिले भूकम्पले घर भत्काइदिएकाले विचल्ली भएको दुःखेसो राख्नुभयो । उहाँले भन्नुभयो, अब हाम्रो नयाँ घर कहाँ बन्छ र कहिले बन्छ, हामी गरिबको बिचल्ली भो, यसमा सबैले सहयोग गर्नुपर्‍यो ।

हाकु गाविसका गुठी पीडित किसान कार्साङ तेम्पा तामाङले हाकु गाविस सबै गुठी पीडित भएकाले आफूहरूले कहिल्यै लालपुर्जा देख्न नपाएको बताए । उनले भने, गुठी समस्या तत्काल हल गरी किसानको नाममा पुर्जा वितरण गर्ने वातावरण मिलाइयोस् ।

भूकम्पको कारण विस्थापित भई लहरेपौवा १ बोगटीटारमा आइ अस्थायी विस्थापित शिविरमा बसोबास गरिरहेका भूकम्प पीडित छेकु तामाङले लामो समयदेखि विस्थापितहरू अस्थायी शिविरमा बसोबास गरिरहनुपर्दा ज्यादै कष्ठकर भएको बताए । उनले भने, हामी बसोबास गरेको जग्गाधनीले हामीलाई आजै छोड, भोली छोड भनिरहेको छ, हामी कहाँ जाने ? सरकारले हामीलाई केही विकल्प दिएको छैन, हामी पुरानो थातथलो फर्कन सक्ने अवस्था छैन, यस्तो विच्चलीको अवस्था हामीले कहिले भोगिरहनुपर्ने हो ?

कार्यक्रममा सहभागी राजनीतिक दलका प्रतिनिधिहरूले भूमि अधिकार मञ्चले उठाएका मागहरू जायज भएकाले बाँकी रहेका भूमि समस्या समाधानको लागि आफ्नो पार्टीको तर्फबाट जुनसुकै सहयोग गर्ने बताएका छन् । उनीहरूले भनेका छन्, आवश्यक डेलिगेसनको लागि जिल्लादेखि केन्द्रीय तहसम्म पनि हामी जान तयार छौं तर अब चाडैं किसानको समस्या समाधान हुनुपर्छ ।

रसुवा जिल्लामा हालसम्म पनि बिर्ता, गुठी, सुकुमबासी सवाल जटिल रूपमा रहेको छ । अझ गत बैशाखमा गएको भूकम्पको कारण धेरै परिवार घरबार विहीन भएपछि भूकम्प पीडितको सुरक्षित घरबासको सवाल यतिबेल अर्को टड्कारो विषय बनेको छ ।

## भूमि समस्या समाधान गर्न सरोकारवाला प्रतिवद्ध

रसुवा जिल्लामा रहेको भूमि समस्या समाधान गर्नको लागि सरोकारवाला निकायहरू प्रतिवद्ध भएका छन् । जिल्ला भूमि अधिकार मञ्चको आयोजनामा चैत १८ गते भूमिघर कालिकास्थानमा आयोजना गरिएको छलफल कार्यक्रममा सरोकारवाला निकायका प्रतिनिधिहरूले बाँकी रहेका भूमि समस्या समाधान गर्न जस्तोसुकै सहयोग गर्न तयार रहेको प्रतिवद्धता जनाएका छन् ।

कार्यक्रममा मुख्यत, जिल्लाका राजनीतिक दल नेपाली काँग्रेसका सभापति पेम्वा छिरिङ तामाङ, एनेकपा माओवादीका संयोजक इन्द्र गोतामे, नेकपा एमालेका अध्यक्ष कर्न्याल तामाङलगायत अन्य सरोकारवाला निकायका प्रतिनिधिहरूले भूमि समस्या जटिल बन्दै गएकाले तत्काल समाधान गरिनुपर्ने बताएका छन् । सबैले भूमि अधिकार मञ्चले तयार गरेको छ बुँदे माग पत्रमा सामूहिक हस्ताक्षर गर्दै भूमि समस्या समाधान गरी किसानलाई न्याय दिनको लागि सदैव तयार रहेको बताएका छन् ।

## संयुक्त पुर्जा बनाउने थपिए

जिल्ला भूमि अधिकार मञ्चको संयोजनमा संयुक्त पुर्जा निर्माण अभियान भइरहेको छ। यस क्रममा जिल्ला भूमि अधिकार मञ्च ओखलढुङ्गाले गाउँमै गरेको संयुक्त पुर्जा शिविरमा सहभागी भई गत तीन महिनामा १३८ जोडीले संयुक्त पुर्जा निर्माण गरेका छन्। जिल्ला मालपोत कार्यलय फिल्डमै गई संयुक्त पुर्जा निर्माण गर्नको लागि सहयोग गरेको हो। संयुक्त पुर्जा बनाउने किसान जोडीले १ हजार ६ सय ७७ रोपनी क्षेत्रफल जमिनमा संयुक्त पुर्जा निर्माण गरी महिला-पुरुषको संयुक्त स्वामित्व कायम गराएका छन्।


यस्तै, जिल्ला भूमिअधिकार मञ्च, रसुवाले भूमिघर कालिकास्थानमा बैशाख २८ गते आयोजना गरेको संयुक्त पुर्जा निर्माण शिविरमा सहभागी भई २६ जोडी किसानले २२० रोपनी १२ आना क्षेत्रफलको जमिनमा संयुक्त पुर्जा निर्माण गरी भूमिमा महिला-पुरुषको बराबरी स्वामित्व कायम गराएका छन्।

## संयुक्त पुर्जा बनाएपछि खुसी छिन्, सम्झना

ओखलढुङ्गा कटुन्जे गाविस १ की सम्झना कटवाल खत्री यतिबेला साह्रै खुसी छिन्। उनी भन्छिन्, गरिबको कोखमा जन्म लिएँ, उमेर नपुग्दै विवाह बन्धनमा परेँ जसोतसो जीवन धान्दैआइरहेकी थिएँ, आजबाट म पनि कोही हुँ भन्ने आत्मविश्वास बढेको छ। किनकी श्रीमान् खुसी हुनु भयो, संयुक्त पुर्जा बनायौं। म पनि पारिवारिक सम्पत्तिमा बराबरी हकदार बनेको छु।

सम्झना र उनको श्रीमान्ले २०७२ चैत २० गते कटुञ्जे गाविस भवनमा जिल्ला भूमि अधिकार मञ्चले आयोजना गरेको संयुक्त पुर्जा निर्माण शिविरमा सहभागी भई जग्गाधनी पुर्जामा सङ्गोलनामा गराएका छन्। यससँगै उनीहरू श्रीमान्-श्रीमतीको नाममा ७ रोपनी क्षेत्रफलको जमिनमा संयुक्त स्वामित्व कायम भएको छ।

विवाह गरेको ९ वर्षपछि जमिनमा श्रीमान् जत्तिकै हक कायम भएपछि धेरै खुसी भएकी बताउछिन्। उनी भन्छिन्, मलाई धेरै कुरा पाएकी अनुभव भएको छ। उनी सम्झिन्छिन्, श्रीमान्लाई धेरै सम्झाई बुझाई गरेपछि मात्र संयुक्त पुर्जा बनाउन राजी हुनुभयो। यसको लागि घरैमा गएर भूमि अधिकारकर्मीहरूले सम्झाउनु परेको थियो। उनी भन्छिन्, यो धेरै सङ्घर्षपछिको जीत हो। संयुक्त पुर्जाले मेरो जीवनको नैराश्यता हटाई हाँसी खुसीले बाँच्ने आधार तयार भएको छ। यो खुसी भूमि अधिकार अभियानले दिएको हो।



सम्झना अहिले २४ वर्षकी भइन्। सम्झनाको १ छोरा र १ छोरी छन्। श्रीमान्सँग घर बनाउने काम गर्ने सिप छ ज्याला मजदूरी गर्छन्। म पनि खेतीपातीमा काम गर्छु।

गरिब परिवारमा जन्मेकी थिइन् सम्झना, आफू सानै छँदा बाबुको मृत्यु भएपछि घरपरिवारमा धेरै दुःख कष्ट भोग्नु परेको उनी सम्झिन्छिन्। उनी भन्छिन्, ४ रोपनी जग्गा थियो, त्यसले खाना पुग्दैन थियो, आमाले धेरै कष्ठसँग ज्यालामजदूरी गरी परिवार हुर्काउनु भयो।

उनी भन्छिन्, म ७ कक्षामा पढ्दै थिएँ, गाउँमा र स्कुलबाटै माओवादीहरूले अपहरण गरेर लैजाने क्रम बढ्दो थियो। अपहरणमा परिने डर र पारिवारिक आर्थिक अवस्था एकदमै कमजोर भएकोले पढाइ अघि बढाउन सकेनन्, घरपरिवारको करकापमा परेर १५ वर्षकै कलिलो उमेरमा मेरो विवाह भयो। उनको श्रीमान्को नाम टंकबहादुर खत्री हो। घरको पारिवारिक अवस्था भने एकदमै नाजुक थियो। आयस्रोतको बाटो केही थिएन। ज्याला मजदूरीमा काम गर्नुपर्थ्यो। परिवार पाल्न गाह्रो पनि गाह्रो। घरमा जति काम गरेपनि बुहारी भनेपछि हेलाँ गर्ने छलन छ। यस्तो घरमा आफ्नो पनि सम्पत्तिमा संयुक्त स्वामित्व छ भनेपछि धेरै आँट साहस बढेको छ।

प्रस्तुती : सरस्वती कटवाल

## संयुक्त पुर्जाबारे अन्तरक्रिया

चैत २२ गते सिरहा नगरपालिका १३ मा जिल्ला भूमि अधिकार मञ्च र दलित जनकल्याण युवा क्लवको संयुक्त आयोजनामा संयुक्त पुर्जा निर्माणबारे अन्तरक्रिया भयो।

कार्यक्रममा महिला विकास कायालयको प्रमुख दुर्गा भण्डारी, मालपोत कार्यालय प्रमुख दशरथ यादव, केयर नपालका रहमान हुसैन, जिल्ला तथा गाउँ भूमि अधिकार मञ्चका अगुवा र दलित जनकल्याण युवा क्लवको प्रतिनिधिसहित ६० जना सहभागी थिए।

आत्मनिर्भर केन्द्रका अभियान अधिकृत भोला पासनले संयुक्त पुर्जा निर्माण अभियानबारे जानकारी आदान-प्रदान गराई कार्यक्रमको सुरुवात गरेका थिए। अन्तरक्रियामा महिलाहरूसँग चल र अचल दुवै सम्पत्तिमा पहुँच नभएकै कारण महिलाहरू बढी हिंसामा पर्ने गरेको छलफल भएको थियो। महिलाहरू पुरुषहरूप्रति आश्रित हुनुपर्ने, घरपरिवार र श्रीमान्‌बाट दैनिक कुटपिट, घरनिकाला, बहुविवाह जस्ता समस्या भोग्न बाध्य हुनुमा सम्पत्तिमा हक नभएकाले हुने गरेको सवाल सहभागीहरूले उठाएका थिए। यस्ता विविध समस्या समाधान गर्नको लागि अनिवार्यरूपमा महिलाको नाममा पनि घर जग्गाको स्वामित्वमा संयुक्त पुर्जा हुनुपर्ने छलफल भयो।

कार्यक्रममा महिला विकास कार्यालयका प्रमुख दुर्गा भण्डारीले महिला विकास कार्यालय महिला अधिकारको सवालमा काम गर्ने राज्यको एउटा महत्वपूर्ण अङ्ग भएकोले आगामी दिनमा संयुक्त लालपुर्जा निर्माणको लागि सहकार्य गरी अघि बढ्ने बताउनुभयो। मालपोत कार्यालयका प्रमुख दशरथ यादवले संयुक्त लालपुर्जा महिलालाई सम्पत्तिमाथि अधिकार स्थापित गर्ने उद्देश्यबाट राज्य नीति आएकाले आफूले जुनसुकै बेलामा पनि सहयोग गर्ने बताउनुभयो। मालपोत प्रमुख यादवले संयुक्त पुर्जा बनाउन कार्यालयमा भन्दा फिल्डमा नै शिविर गरी बनाउँदा किसानहरूलाई सजिलो हुने भएकाले आफूले फिल्डमै गई सहयोग गर्ने बताउनुभयो।

कार्यक्रममा केयर नेपालका क्षेत्रीय संयोजक रहमान हुसैनले संयुक्त लालपुर्जा महिलाहरूको अधिकार स्थापित गर्ने र समाजमा रहेका महिलाहरूको मान, मर्यादा, आत्मसम्मान र आत्मनिर्भरता बढाउने भएकोले भएकोले यसलाई अभियानको रूपमा अगाडी बढाउनु आवश्यक रहेको बताउनुभयो।

## आत्मनिर्भर केन्द्रको वार्षिक दिवस




सामुदायिक आत्मनिर्भर सेवा केन्द्रको २३ औं वार्षिक दिवस मनाइयो। २०७२ चैत १ गते सिन्धुपाल्चोकको भूमिघर हेलम्बु, काठमाडौंको भ्रुले अर्गानिक फार्म, बाँकेको कोहलपुर र महोत्तरीको माईस्थानमा एकै दिन विविध कार्यक्रमबीच वार्षिक दिवस मनाइयो। वार्षिक दिवसमा आत्मनिर्भर केन्द्रका साधारण सदस्य, कार्यसमिति पदाधिकारी, कर्मचारी, भूमि अधिकार मञ्चका अगुवा, अभियानकर्ता, सहयोगी र सरोकारवाला निकायका प्रतिनिधिसहित २२० (९० महिला, १३० पुरुष, २७ दलित, ९३ जनजाति र ९७ ब्राह्मण/क्षेत्री) जनाको सहभागिता थियो।

वार्षिक दिवसको उद्घाटन चारै स्थानमा विरुवा रोपेर गरिएको थियो। एकआपसमा परिचय, अघिल्लो वर्षको वार्षिक दिवसमा आएका पृष्ठपोषणको कार्यान्वयन अवस्थाको समीक्षा, सङ्स्थाको २३ वर्षको संस्मरणसहित प्रगती समीक्षा र पृष्ठपोषणसहित वनभोज खाएर दिवस मनाइएको थियो।

आत्मनिर्भर केन्द्र २०४९ साल चैत १ गते सिन्धुपाल्चोक जिल्लामा विधिवतरुमा जिल्ला प्रशासन कार्यालयमा दर्ता भएको एक सामाजिक सङ्स्था हो। आत्मनिर्भर केन्द्रले नेपालमा गरिब तथा साना किसानको जीविकासँग जोडिएको भूमि तथा कृषि अधिकार अभियानलाई सघाइरहेको छ। यस अवधिमा आत्मनिर्भर केन्द्र देशका ५४ जिल्लामा अभियनमार्फत फैलिएको छ भने अन्तर्राष्ट्रियस्तरमा पनि अन्तर्राष्ट्रिय भूमि सञ्जाल, एङ्गक, फोरम एसिया र वार रेसिस्टेरस् इन्टेरनेश्नलको सदस्य भएको छ।

## आधारभूत अध्ययन

सामुदायिक आत्मनिर्भर केन्द्रको सहयोगमा जिल्ला भूमि अधिकार मञ्चहरू रौतहट, सर्लाही, महोत्तरी, सिरहा, सप्तरी, उदयपुर, ओखलढुङ्गा, दाङ, बाँके, बर्दिया, कैलाली, कञ्चनपुर र सिन्धुपाल्चोक जिल्लामा आधारभूत अध्ययनको कार्य भइरहेको छ।

भूमि तथा कृषि अधिकार अभियानमार्फत समुदायका किसान, भूमिहीन र भूमिको अधिकारबाट वञ्चित पारिएको वर्गको लागि भूमिको अधिकार दिलाई उनीहरूको जीविका सुरक्षा गर्ने अभियानअन्तर्गत कार्यक्षेत्रको वास्तविक अवस्था पत्ता लगाउन विस्तृत अध्ययन कार्य गरिएको हो।

अध्ययनअन्तर्गत अध्ययन क्षेत्रको विस्तृत विवरण लिने, घरधुरी सर्वेक्षण गर्ने, सामाजिक नक्साहरू बनाउने, अध्ययन क्षेत्रको जग्गा, जमिनहरूको अवस्थाको नक्साङ्कन गर्नेलगायतका कार्य गरिएको छ। अध्ययनको विस्तृत प्रतिवेदन तयार भइरहेको छ।

## जग्गा पाएपछि खुसी छन्, शेन तेम्बा शेर्पा



सिन्धुपाल्चोक हेलम्बुका शेनतेम्बा शेर्पा आफूले मोही हकवापतको जग्गा लिएर त्यसैमा भर्खरै अस्थायी आवास बनाई बस्न पाउँदा खुसी छन् । उनले भूमि अधिकार मञ्चको पहलमा जग्गाधनी पेम्बा शेर्पाबाट मोही हक लिएका छन् ।

यस अघि आफ्नो जमिन नभएकाले ढुक्क भएर अस्थायी भएपनि घर बनाएर बस्न नपाएकोमा उनी साह्रै दुःखी थिए । उनी मोही लागेको जमिनमा बसोबास गरेका थिए । तर अव उनीसँग जग्गा आफ्नै भएको छ ।

गत बैशाखमा गएको विनाशकारी भूकम्पले शेनतेम्बाको घर पूर्ण क्षति भयो । अझ बढी त घरमाथि अम्बाथाङबाट पहिरो लागेर बस्नै नमिल्ने भएपछि उनी पुरानो बस्ति छोडेर हेलम्बु- ८ तिम्बु बजारमा आइ बसोबास गरेका थिए । त्यो पनि आफ्नो जमिन होइन, उही साहुकै ।

पालमुनीको बास कहिले हावाहुरी त कहिले त्यही साहुँले उठाउँला भन्ने डर मनभरी । उनी मात्र होइन, साहुको जग्गा कामउने साङगे लामा, डिन्डु शेर्पालगाएत गाउँ भूमि अधिकार मञ्चमा सङ्गठित अन्य ६५ परिवारको कथा एउटै ।

उनी २०६५ सालदेखि गाउँ मञ्चमा सङ्गठित थिए । सङ्गठनको निर्णयअनुसार उनीहरूले ८ वर्षदेखि निरन्तर कुत रोके । कारण थियो, कुत बुझाएको भर्पाई साहुले किसानलाई नदिएको ।

भूकम्पपछि अर्को साहु हुवाङ लामा र दमे लामाले गाउँमा प्रहरी ल्याए । साहुँहरू किसानको बस्ती उठीबास गराउनको लागि प्रहरीसहित गाउँमा आएका थिए । तर भूमि अधिकारकर्मीहरूको पहलमा प्रहरी फर्किए बस्ती उठीबास हुनबाट जोगियो । तर, प्रहरी र जग्गाधनी साहुसँग गाउँलेले धेरै छलफल गर्नु परेको थियो र विवाद् पनि चर्किएको थियो । यस घटनापछि हेलम्बु गाविस वडा नं ६ मेलम्ची घ्याङ बस्ने साहु पेम्बा शेर्पाले हेलम्बु कि.नं ५७० को जग्गाबाट मोही किसान शेनतेम्बालाई १ रोपनी १४ आना मोही हक वापतको जग्गा दिन बाध्य भयो । उनले पुर्जा पाएका छन्, अव उनी पनि जग्गाधनी भएका छन् । हातमा लालपुर्जा पाउँदा शेनतेम्बा साह्रै खुसी भएका छन् ।

उही साहुबाट अन्य मोही किसानहरू डिकी शेर्पाले १ रोपनी ११ आना, ठूलो साङगे शेर्पाले १० अना र डिन्डु लामाले ३ रोपनी मोही हक लिन सफल भएका छन् । मोही हक बाँडफाँट गर्नको लागि गाउँ भूमि अधिकार मञ्चको पहलमा गाउँमानै अमिन ल्याइएको थियो । नापजाँच गरेपछि किसानले नै रोजी गरेको जग्गा लिन पाउने गरिएको थियो । यतिबेला शेनतेम्बालगायत मोही हक पाएका किसानहरू जीवनमा धेरै कुरा पाएको जसरी खुसी भएका छन्, उनी भन्छन्, यदि हामीसँग हाम्रो सङ्गठन हुँदैन थियो भने हामीले कहिले पनि अधिकार लिन सक्दैन थियौं ।

**प्रस्तुती : माधब ढकाल**

## गाउँब्लकबासीले पुर्जा पाए

सिरहा बस्तीपुरका २ सय ९५ परिवार गाउँब्लकबासीले लालपुर्जा पाएका छन् । लामो समयदेखि गाउँब्लक जग्गामा बसोबास गर्दै आएका भूमिहीनहरू पुर्जा पाएपछि धेरै खुसी भएका छन् । भूमिहीनहरू विगत १२ वर्षदेखि आफू बसोबास गरिरहेका जग्गाको हक लिनको लागि लामो समयदेखि भूमि अधिकार अभियानमा सङ्गठित थिए ।

भूमि अधिकार अभियानकै पहलमा गाउँब्लक जग्गा नापी भई २ सय ९५ परिवार गाउँब्लकबासीले २५ बिघा क्षेत्रफलको लालपुर्जा लिएका छन् । वस्तीपुर गाविसमा ५ वर्षपहिले गाउँब्लक जग्गा नापी गरेको भएपनि पुर्जा वितरण हुन सकेको थिएन । जिल्ला नापी कार्यालयमा पटक पटक डेलिगेसन गई छलफल गरेपछि लालपुर्जा वितरण गरिएको हो ।

जग्गा नापी भएर हातमा पुर्जा पाएपछि बस्तीपुरकी गेना रामले भनिन्, घरबास भएको जग्गाको लालपुर्जा पायौं, अव उठिबास हुँदैन भन्ने ढुक्क छौं । श्रीमान्को नाममा नापी भएको थियो, अहिले उहाँको नाममा पुर्जा बनेको छ, अव हामी संयुक्त पुर्जा बनाई श्रीमान् श्रीमतीको नाममा संयुक्त पुर्जा बनाउछौं ।

# सूचना

यो पत्रिका तपाईंलाई कस्तो लाग्यो ? तपाईंले पनि भूमिअधिकार वा यो विषयसँग सम्बन्धित केही लेख्नुभएको छ ? तपाईंका गाउँठाउँमा पनि भूमिसम्बन्धी समस्या छन् ? हामीलाई पठाउनुहोस् । छोटा, मीठा र स्तरीय तथा गाउँघरका समस्याले प्राथमिकता पाउने छन् । तपाईंले पठाएको सामग्रीसँग सम्बन्धित तस्बिर छन् भने त झनै राम्रो ।

**पठाउने ठेगाना :**

**सामुदायिक आत्मनिर्भर सेवा केन्द्र (सिएसआरसी)**
पोस्ट बक्स नम्बर १९७९०, फोन ९७७-१-४३६०४८६,
फ्याक्स ४३५७०३३
इमेल landrights@csrcnepal.org

## भूकम्पपछिको सुकुमबासी बस्तीको पीडा

रसुवा जिल्लाको धैबुङ्ग गाविस वडा नं. १ इटपारेमा ४२ घरपरिवारको बसोबास रहेको छ। थोरै परिवारको बाहेक अरूको आफ्नो घरघडेरी बाहेक अन्न उत्पादन गरी जीविकोपार्जन गर्नको लागि जमिन छैन। केही परिवारसँग आफ्नो घर बनाउनेसम्मको जग्गा नभएकाले उनीहरू सामुदायिक वनको सार्वजनिक जग्गा उपयोग गरी बसोबास गरिरहेका छन्। इटपारेमा ४२ घरधुरी मध्ये २ जनजाति र १ घर बाहुन/क्षेत्री बाहेक ३९ घरधुरी सबै दलित हुन्। पहिलेदेखि नै दलित समुदायको बाहुल्यता रहेको यस बस्तीमा पछिल्लो समयमा आएर मात्र अरू समुदायको ३ घर थपियो। सबै परिवार चेतनशील गाउँ भूमि अधिकार मञ्चमा सङ्गठित भएका छन्।

आफ्नो स्वामित्वमा पर्याप्त जग्गा जमिनको स्रोत नभएकाले वर्षैभरी अरूकोमा ज्यालामजदूरी गरी जीविका धान्नुपर्ने बाध्यता यी समुदायको छ। आफ्नो परिवारको लागि बसोबासको थातथलोसमेत उभ्याउने जमिन नभएकाले धेरै वर्ष पहिलेदेखि ६ परिवार गाउँ नजिकै रहेको सामुदायिक वनको सार्वजनिक जमिनमा बसोबास गरिरहेका छन्।

परम्परादेखि नै भूमिहीन रहेको दलित समुदाय आफ्नो उत्पादनले खान पुग्ने परिवार कोही पनि छैनन्। यसकारण दैनिक जीविका चलाउनको लागि प्रायः सबै दैनिक ज्यालामजदूरीमा खट्छन्। केही परिवार भने अझै आफ्नो परम्परागत पेशा सिलाई कटाई व्यावसाय गरी जीविका चलाइरहेका छन्। यस्तो पेशामा सङ्लग्न परिवार विगतको तुलनामा घट्दै गएको छ। धेरै मानिसहरू कृषि मजदूरी गर्छन्। आफ्नै गाउँमा सामान्य व्यापार गरी जीविका सञ्चालन गर्ने पनि परिवार पनि बढ्दै गएका छन्। उनीहरू गाउँमै सानो घुम्ती पसल सञ्चालन गर्छन् र गाउँलाई सेवा पनि दिन्छन् र केही आम्दानी पनि गर्छन्।

यस गाउँ नजिकै बेतिनी भन्ने ठाउँमा एक निम्न माध्यामिक विद्यालय छ। जुन गाउँबाट १५ मिनेटको दूरीमा पर्छ। गाउँका बालबालिकाहरू यही विद्यालयमा अध्ययनरत छन्। तर कतिपय स्केल उमेरमा बालबालिका पनि विद्यालय जादैनन्।

गत बैशाख १२ गते विनाशकारी भूइँचालो गयो। भूइँचालोको कारण इटपारेमा सबैको



घर ढल्यो र बस्नै नमिल्ने गरी क्षति भयो। यतिबेला प्रायः सबै परिवार अस्थायी आवास निर्माण गरी बसोबास गरिरहेका छन्।

भूइँचालको कारण आफ्नो थातथलो नै गुमेको इटबारेबासी बताउँछन्। उनीहरू भन्छन्, हाम्रो लागि भएको झुपडी नै काफि थियो, अब त्यो पनि बनाउन सक्ने हैसियत हामीसँग छैन। गाउँमा मानिसहरू कोही त आफ्नो ठाउँबाट विस्थापित भई अरूको जमिनमा अस्थायी टहरो निर्माण गरी बसोबास गरिरहेका छन्।

गाउँलेहरू भन्छन्, हामी भूकम्पपछि कतै काम गर्न जान सकेका छैनौं। उत्पादन गरी खाने खेतबारी छैन, मजदूरी गर्न जान सकेका छैनौं। इटपारे गाउँको भूकम्प अघि र पछिको अवस्थामा धेरै फरकपना आएको छ। घर भत्किएको छ। प्रायस् आफ्नो पराम्परागत पेशा गरी जीविका गुजार्दै आएकाको पनि कपडा सिलाउने मेसिनसमेत भत्केको घरले क्षति भएको छ। ७ परिवार सानो तर व्यवासयिक रूपमा ब्रोइलर कुखुरा पालन गरी आयआर्जन बढाउँन लागेका थिए। त्यो पनि भत्केको घरले पुर्‍यो। उनीहरू भन्छन्, ऋण गरेर कुखुरा पालन गरेका थियौं धेरै घाटा लाग्यो। गाउँका अगुवा तथा चेतनशील गाउँ भूमि अधिकार मञ्चका अध्यक्ष मुरली नेपालीको २ वटा खसी र एउटा बाख्रा भूइँचालोले पुरिएर मर्‍यो। उनी अझै त्यो सम्झेर दुःखी हुन्छन्। उनी भन्छन्, यसबाट धेरै आम्दानी गरी परिवारको जीविका सहज बनाउने सपना थियो। अब त्यो रहेन।

इटपारेबासीको चाहना पुनः पहिलेकै जस्तो स्थायी घरमा बस्ने छ। उनीहरू भन्छन्, अस्थायी टहरोमा बस्नुपर्दा ज्यादै अप्ठ्यारो भइरहेको छ। सानै भएपनि स्थायी घरमा बस्न पाए हुनेथियो। परिवार, बालबच्चासँग अस्थायी घरमा बसोबास गरिरहनुपर्दा धेरै समस्या भोग्नु परेको छ। खुल्ला ठाउँ, वर्षात्को समय, कहिले हावाहुरी, कहिले हुण्डरी, कहिले पानीले दुःख दिइरहेको छ। सरकारले दिने भनेको २ लाखले त हामी घर बनाउन सक्दैनौं होला उनीहरू भनिरहेका छन्।

इटपारे गाउँमा भूकम्पपछि गाउँ भूमि अधिकार मञ्चमार्फत राहत वितरणमा समन्वय भएको थियो। धेरैले राहत खाद्यन्न, लत्ताकपडा, ब्लाङ्केटलगायतको सहयोग पाए भने जीविकापार्जनको लागि पछि परिवर्तन नेपालमार्फत ७ घरले बाख्रा पालन, २ घरले बंगुर पालन र १ घरले कुखुरा पालन सहयोग पाएका छन्। उनीहरूलाई ४ हजार ५ सय रुपियाँ नगद सहयोग प्राप्त भएको थियो। यस्तै, हाल स्वास नेपालको सहयोगमा प्रति घरपरिवार ३ हजार रुपियाँको दरले जीविकापार्जनमा उनीहरूले रोजेको व्यावसायमा सहयोग गर्ने गरी कार्यक्रम ल्याउनको लागि भूमि अधिकार मञ्चमार्फत समन्वय भइरहेको छ। यस्तै, गाउँ भूमि अधिकार मञ्चकै सक्रियतामा परितर्वन नेपालको सहयोगमा खानेपानीको जटिल सङ्कट टार्नको लागि १२ हजार लिटरको खानेपानी ट्याङ्की निर्माण गर्ने काम भइरहेको छ।

(इटपारे गाउँमा गरिएको छलफलमा आधारित)

# शब्द तस्बिर














आत्मनिर्भर केन्द्रको २३औं वार्षिक दिवसको झलकहरू।
वार्षिक दिवस काठमाडौं, सिन्धुपाल्चोक, बाँके, र महोत्तरीमा एकैसाथ मनाइएको थियो।